नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

सोमबार भदौ ४, २०७५ | Monday, August 20, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व १० | वर्ष २४, अंक २२२ | पृष्ठ १२ | मूल्य रु १०/–






बानेश्वरको बुद्धनगर सडक खण्डमा बन्दै गरेको पुल । अत्यधिक सवारीसाधनको चाप रहेकाले राजधानीमा यस्ता पुनर्संरचनाको निर्माण कार्य तीव्रताका साथ अघि बढिरहेको छ । तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

विपक्षीको भूमिका

# सदनमा सुधार, स्थानीय तहमा भद्रगोल

## तत्काल तल्लो तहको अधिवेशन गर्न माग

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेसले संघीय सदनमा प्रमुख प्रतिपक्षी दलको भूमिकालाई प्रभावकारी बनाउने कुरामा सुधार गरे पनि स्थानीय तहमा भने प्रभावकारी भूमिका निभाउन सकेको छैन। केन्द्रीय नेतृत्वले आन्तरिक संरचनालाई प्रभावकारी ढंगले अघि बढाउन नसक्दा स्थानीय तह र प्रादेशिक तहमा प्रतिपक्षको भूमिका प्रायः शून्यजस्तै भएको छ। हालै सम्पन्न जिल्ला सभापतिको भेलाले केन्द्रीय नेतृत्वलाई दिएको सुझाव पनि कार्यान्वयन भएको छैन।

स्थानीय, प्रादेशिक र संघीय तीनै तहको निर्वाचनमा पराजय भोगेपछि कांग्रेसलाई चुनौतीसँगै आन्तरिकरूपमा एकजुट भई पार्टी संगठनलाई मजबुत र सशक्त बनाउने अवसर पनि प्राप्त भएको थियो। संविधानअनुसार गठन भएको प्रदेश, नगरपालिका, गाउँपालिका तथा वडाहरूमा १४औं महाधिवेशनसम्मका लागि भए पनि तत्काल अधिवेशन गरी नयाँ कार्यसमिति चयन गरी पार्टी संगठनलाई चलायमान बनाउन माग भइरहँदा पनि केन्द्रीय नेतृत्वले चासो देखाएको छैन।

आइतबार राजधानीमा जम्मा भएका जिल्ला सभापतिले यिनै विषयलाई लिएर केन्द्रीय नेतृत्वको फेरि एकपटक ध्यानाकर्षण गराउने बताएका छन्। कांग्रेसका सबै शीर्ष नेतालाई केन्द्रीय कार्यालयमा बोलाएर तल्लो तहको अधिवेशनबारे ध्यानाकर्षण गराउने भन्दै जिल्ला सभापतिले यसले पार्टीलाई तल्लो तहसम्म चलायमान बनाउने मात्र हैन संगठनलाई प्रतिस्पर्धी र सशक्त पनि बनाउने निष्कर्ष निकालेका छन्। राजधानीमा आइतबार भएको छलफलबारे जिल्ला सभापति मधुप्रसाद आचार्यले भन्नुभयो- 'राष्ट्रव्यापी जागरण अभियान सञ्चालन गर्ने केन्द्रीय समितिको निर्णयसमेत कार्यान्वयन नभएकाले यसबारेमा पनि केन्द्रीय नेतृत्वको ध्यानाकर्षण गरिनेछ।'

कांग्रेसको तल्लो तह सक्रिय नहुँदा प्रदेश तह तथा स्थानीय तहमा प्रभावकारी ढंगले प्रतिपक्षको भूमिका कमजोर भएको छ। 'तल्लो तहमा कांग्रेसको आधिकारिक अधिवेशन नहुँदा जनताको आवाज सुन्ने, कार्यकर्ता परिचालन गर्ने जस्ता कार्य भएको छैन', आचार्य भन्नुहुन्छ- 'स्थानीय तहमा भएको कर वृद्धि, विकास निर्माणको नाममा भएका एकलौटी निर्णय, भ्रष्टाचारविरुद्ध कांग्रेसले आवाज उठाउन पनि सकेको छैन।' गुट-उपगुटमा विभाजित कांग्रेसभित्र संस्थापन पक्ष पराजितबाट भयभीत हुँदा तल्लो तहको अधिवेशन नगरेको जिल्ला सभापति आचार्यको आरोप छ।

आम निर्वाचन आउन अझै ४ वर्ष बाँकी छ भनेर कांग्रेस सुस्ताउने बेला नभएको भन्दै जिल्ला सभापतिले अहिलेदेखि नै संवैधानअनुसार नयाँ संरचना बनाएर अघि बढ्नुपर्ने सुझाव बारम्बार दिए पनि कार्यान्वयन नभएपछि जिल्ला उनीहरूले केन्द्रीय नेतृत्वलाई पुनः ध्यानाकर्षण गराउन लागेका हुन्।

(क्रमशः पृष्ठ ९ मा)

## संघीयता असफल बनाउने खेलमा सरकार

काठमाडौं, (नेस)

सरकार नै संघीयतालाई कमजोर गराउने, आलोचना बढाउने र असफल गराउने नियतमा लागेको नेपाली



कांग्रेसले आरोप लगाएको छ। साथै कांग्रेसले न्यायालयलाई कार्यपालिका र व्यवस्थापिकाको लाचार छायाँ बनाउने प्रयास गरेको आरोप पनि लगाएको छ।

समसामयिक राजनीतिक विषयमा आफ्नो धारणा सार्वजनिक गर्दै नेपाली कांग्रेसले वर्तमान सरकार स्थानीय तहमा कर आतङ्क मौलाइरहेको बेलामा पनि सिंहदरबार मौन बस्नु आश्चर्यजनक भएको जनाएको छ। चौबीसै घन्टा सुशासनको नारा जपिरहने सरकारको चर्को आलोचना गर्दै कांग्रेसले विश्वविद्यालयका उपकुलपतिमाथि अपमानजनक व्यवहार, सुन प्रकरणमा भनिएका ठूला माछाको उन्मुक्ति, अनि भ्रष्टाचारको सत्ता संरक्षित विकेन्द्रीकरणले कम्युनिस्ट सरकारको सुशासनको चित्र प्रस्टयाएको प्रतिक्रिया दिएको छ। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले आइतबार पत्रकार सम्मेलन गरी समसामयिक राजनीतिबारे कांग्रेसको धारणा सार्वजनिक गर्दै हिजो सर्वहारा वर्गको नारा लिएर अघि बढेको वर्तमान सरकारले सर्वहारा वर्गलाई राहतभन्दा पनि चर्को मूल्य वृद्धिको उपहार दिएको आरोप लगाउनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## थापा प्रधानसेनापतिमा सिफारिस

काठमाडौं, (नेस)



बलाधिकृत रथी पूर्णचन्द्र थापा नेपाली सेनाको प्रधानसेनापतिमा सिफारिस हुनुभएको छ। प्रधानसेनापति राजेन्द्र क्षत्रीले भदौ २४ देखि अवकाश पाउने भएपछि एक महिनाअघि बिदामा बसेपछि उहाँलाई सरकारले कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी दिएको हो।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले भदौ २४ गतेदेखि लागू हुने गरी उहाँलाई प्रधानसेनापतिमा नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो। साउन २४ देखि थापाले कामु प्रधानसेनापतिका रूपमा सेनाको कमान्ड सम्हाल्दै आउनुभएको छ।

# रिबन काट्न र भाषणमै बित्छ मन्त्रीहरूको दिन

## बिहानदेखि बेलुकासम्म उद्घाटनमै व्यस्त : परिणाम हात लाग्यो शून्य

मधुसूदन रायमाझी, काठमाडौं

नेपाली जनताले लामो समयदेखि एउटै पार्टीको बहुमतको सरकारको चाहना राख्दै आएका थिए। तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच एकीकरण भएपछि त्यो चाहना पूरा पनि भयो। त्यति मात्र होइन, उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम पनि सरकारमा गएपछि मुलुकले दुई तिहाइ बहुमत नै प्राप्त सरकार पायो।

तर, जुन जोगी आए पनि कानै चिरेका भनेको जस्तो संघीय संरचनाका मन्त्रीहरूका अहिलेसम्मको दिन विगतका सरकारको पालामा जस्तै औपचारितामा बित्यो, बितिरहेछ। उनीहरूको दिनचर्या उद्घाटन, पार्टीका कार्यक्रमको भाषण, सभा-समारोहमा अतिथि आसन ग्रहण, शिलान्यास, पुस्तक विमोचनमै बित्यो। नीति निर्माण तहमा पर्याप्त ध्यान नदिँदा ६ महिना बितिसक्दासम्म परिणाम भने हात लाग्यो शून्य छ।

चीनमा प्रधानमन्त्री वर्षमा एक/दुई पटक मात्र सार्वजनिक कार्यक्रममा देखिन्छन् तर, हाम्रा मन्त्रीहरूलाई दिनहुँ दर्जनौं कार्यक्रममा जानुपर्छ। मन्त्रीको मुख्य काम राष्ट्रिय नीति निर्माण गर्ने, राष्ट्रियरूपमा देखिएका समस्याको समाधानका लागि नीतिगत उपाय खोज्ने, नीति नियम प्रभावकारी भए/नभएको अनुगमन र मूल्याङ्कन गर्ने हो।

(क्रमशः पृष्ठ ९ मा)

## २० राउन्ड गोलीसहित भारतीय सेनाका कर्णेल पक्राउ

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २० राउन्ड गोलीसहित भारतीय सेनाका कर्णेल बलबहादुर पुन पक्राउ परेका छन्। पक्राउ पर्नेमा चितवन स्थायी घर भई हाल काठमाडौंको सामाखुसी बस्दै आएका ४१ वर्षीय भारतीय सेनाका पुन रहेका छन्।

पुनलाई काठमाडौंबाट पोखरा जाने क्रममा आइतबार दिउँसो बुद्ध एयरको विमानबाट नियन्त्रणमा लिइएको हो। पुनको साथबाट प्रहरीले प्वाइन्ट टु टु मिमिको २० राउन्ड गोली बरामद गरेको छ। पुन भारतीय सेना आसाम राइफलमा कार्यरत कर्णेल भएको खुल्न आएको छ।

बुद्ध एयरको विमानबाट पोखरा जान लागेको अवस्थामा डोमेस्टिक टर्मिनलको सुरक्षा जाँचका क्रममा पुन पक्राउ परेको प्रहरीले जनाएको छ। पुनलाई महानगरीय प्रहरी वृत्त गौशालामा राखी थप अनुसन्धान जारी रहेको बताइएको छ।

# रत्नको जन्मोत्सव भव्य हुने

ईश्वरराज ढकाल, काठमाडौं

आज सोमबारबाट ९० वर्ष पूरा गर्नुभएकी पूर्ववडामहारानी रत्नराज्यलक्ष्मी शाहको ९१औं जन्मोत्सव भव्य हुने भएको छ। दरबार हत्याकाण्ड भएको १७ वर्षपछि भव्यरूपमा मनाउन लागिएको यो पहिलोपटक हो।

पूर्वराजा ज्ञानेन्द्रले आमाको ९१औं जन्मजयन्ती भव्यरूपमा मनाउने तयारी गर्नुभएको हो। करिब दुई साता लामो थाइल्यान्ड बसाइपछि यही १ गते नेपाल फर्कनुभएका ज्ञानेन्द्रले आमा रत्न ९० वर्ष पूरा हुनुभएको उपलक्ष्यमा उहाँको जन्मदिनलाई भव्यरूपमा मनाउन लाग्नुभएको हो। जन्मोत्सवमा पूर्वराजाका आफन्त सबै सहभागी हुनेछन्। साँझ ५ बजेदेखि आयोजना हुने कार्यक्रममा करिब ४ सयको हाराहारीमा आफन्त उपस्थित हुने निर्मल निवासले जनाएको छ।

जन्मदिनलाई भव्य बनाउन पूर्वराजा ज्ञानेन्द्र आफैं खटिनुभएको छ। जन्मदिनमा होटल सोल्टीबाट खानाको व्यवस्था गरिएको छ। नारायणहिटी परिसरमा रहेको महेन्द्र मञ्जिल परिसरमा मनाउन लागिएको जन्मदिनमा आफन्त र पूर्वराजाका अति घनिष्टबाहेक अन्यलाई निम्तो दिइएको छैन। दरबार हत्याकाण्डपछि पनि महेन्द्र मञ्जिलमै बस्ने गर्नुभएकी रत्न अहिलेसम्म निर्मल निवास दरबारले आयोजना गरेको कुनै पनि कार्यक्रममा सहभागी हुने गर्नुभएको छैन।

दशैंको टीकामा समेत पूर्वराजाका परिवार महेन्द्र मञ्जिलमै उपस्थित हुने गरेका छन्। '९ दशक पार गरेकाले यो जन्मदिनलाई भव्यरूपमा मनाउन लागिएको हो।' -निर्मल निवास स्रोतले नेपाल समाचारपत्रसँग भन्यो। 'बिहानको कार्यक्रम केही छैन, बेलुकी जन्मदिन मनाउन लागेका छौं।' -स्रोतले भन्यो।

९० वर्ष पूरा भए पनि उहाँको स्वास्थ्यमा कुनै गडबडी भएको छैन। रत्नको नियमित स्वाथ्य परीक्षण गर्न हरेक मंगलबार निजी चिकित्सक डा. खगेन्द्र श्रेष्ठ र मुटुसम्बन्धी समस्या भए डा. मृगेन्द्रराज पाण्डे महेन्द्र मञ्जिलमै पुग्ने गर्नुभएको छ। 'नियमित स्वाथ्य परीक्षण हुने



भएकाले उहाँलाई हालसम्म कुनै रोग लागेको छैन।' -रत्नकी निजी सचिव शम्भु अधिकारीले भन्नुभयो। उमेरका कारण केही समस्या भए पनि स्वास्थ्यका कारण केही समस्या देखिएको छैन। बिहान ९ बजे उठ्ने, नित्यकर्म गरी पूजापाठ गर्ने, एक गिलास दूध पिउने र करिब ३ बजे खाना खाने उहाँको दिनचर्या हो।

भजन-कीर्तन सुन्ने अनि दिनभर आराम गर्ने, बेलुकी एक गिलास दूध र फलफूल खाने गर्नुभएकी रत्नको स्वास्थ्य तन्दुरुस्त रहेको छ। राजा महेन्द्रको स्वर्गारोहणपछि शाकाहारी बन्नुभएका पूर्वमुमा वडामहारानी रत्नको मुख्य खाना नै दूध हो।

उहाँलाई भेट्न पूर्वराजा ज्ञानेन्द्र हप्ताको एक दिन अनिवार्यरूपामा पुग्ने गर्नुभएको छ। 'हप्ताको एक दिन त अनिवार्य आउनुहन्छ, आवश्यक परेमा जुन दिन पनि पुग्ने गर्नुभएको छ।' -स्रोतले भन्यो। रत्नलाई भेट्न हरेक दिन परिवारका एक न एक सदस्य महेन्द्र मञ्जिल पुग्ने गरेका छन्।

पूजापाठ गर्ने, सुसारेसँग बोलचाल गर्ने र कोही आफन्त भेट्न आए सामान्य बोलचाल गर्ने गर्नुभएका रत्नको ९१औं जन्मदिन मनाउने इच्छा छोरा ज्ञानेन्द्रले नै गर्नुभएकाले स-परिवारका साथ भव्यरूपमा जन्मदिन मनाउन लागिएको हो। दरबार हत्याकाण्डपछि सधैं निरास देखिनुहुने उहाँ पूर्वराजा ज्ञानेन्द्रले नारायणहिटी दरबार छाडेपछि करिब पाँचपटक मात्र महेन्द्र मञ्जिल छाड्नुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## 'प्रकाण्ड' माथि संगठित अपराधको मुद्दा

काभ्रे, (नेस)

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता एवं पूर्वमन्त्री खड्गबहादुर विश्वकर्मा प्रकाण्डलाई जिल्ला अदालत काभ्रेपलाञ्चोकले तीन दिनको म्यादसहित अनुसन्धानका लागि थुनामा राख्न जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकलाई अनुमति दिएको छ।

शुक्रबार सर्वोच्च अदालत परिसरबाटै पक्राउ परेका विश्वकर्मालाई अदालतले प्रहरीले मागेअनुसारकै म्याद दिएको हो। 'यसअघि पनि उक्त पार्टीका दुई जना पोलिटब्युरो सदस्य एउटै अपराधमा संलग्न भएको अभियोगमा पक्राउ गरिएको छ', जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी प्रमुख एसपी रविराज खड्काले भन्नुभयो- 'उहाँहरूको म्याद सोमबार थप्नुपर्ने भएकाले विकलाई पनि एउटै म्यादभित्र समायोजन गर्ने गरी सो म्याद मागिएको हो।'

यसैबीच उहाँमाथि तीन दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ। गैरकानुनी थुनामा राखिएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिइएको अखिल क्रान्तिकारीका महासचिव प्रकाश शाहीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

निकै चनाखो भएर मणिले आफ्नो छोरीको स्याहारसुसार गर्न थालिन्। क्रमशः छोरी ३ वर्षकी भएपछि स्कुल भर्ना गर्नुपर्ने भयो। स्कुल खोज्न थालियो। 'कान नसुन्ने बच्चालाई पढाउन सक्दिन' भनेर ४/५ वटा विद्यालयले त भर्ना नै लिएनन्। तनावमाथि निकै तनाव' -मणिले भनिन्। पछि स्कुल खोज्दै जाँदा बल्लतल्ल च्यासलस्थित माउन्ट हरमन स्कुलले भर्ना लिन राजी भयो।

# आमाले पाएको सफलता

सुनील महर्जन

'असफल भएर पुनः प्रयास नगर्नु ठूलो कुरो हो' भन्ने वाक्यले आफूलाई निकै हौसाएको सम्झिँदै उनले भनिन्– 'निकै प्रतिकूल अवस्था झेलेर एसएलसी पास हुनु मेरो लागि ठूलो सफलता थियो।'



रिहा महर्जनले सुन्न सक्दिनन्। सुन्न नसक्ने यी छोरीसँगै बसेर नै आमा मणि महर्जनले पढाइको महत्त्व बुझिन्। पढाइ छाडेको १५ वर्षपछि उनले प्रवेशिका परीक्षा दिइन्।

हाल एमएम दोस्रो वर्षमा समाजशास्त्र संकायमा अध्ययन गरिरहेकी मणिले भनिन्- 'छोरीलाई कानको समस्या नहुँदो हो त ८ कक्षा पास गरेकी एउटा गृहिणी मात्र हुन्थें। पढाइलाई निरन्तरता दिने थिइनँ।' अपांगता भएकालाई बोझ ठान्ने प्रवृत्ति घर, परिवार र समाजमा अझै हटेको छैन। मणिले निकै दुःख, सुख गरेर हुर्काएकी छोरीलाई बोझको साटो आफ्नो पढाइको आधारको रूपमा लिँदै आएकी छिन्।

आदर्शकन्या स्कुलमा कक्षा ९ मा पढ्दै गर्दा मणिले पूर्णचण्डी निवासी रामकृष्ण डंगोलसँग विवाह गरेकी थिइन्। श्रीमान्कै सल्लाहअनुसार उनले विवाहपछि पनि पढाइलाई निरन्तरता दिइन्। विवाहपछिको पहिलो वर्षको लामो समय मिखाबहाल माइतीमा बसेर पढ्दा पनि २०५० सालको प्रवेशिका परीक्षामा उनी फेल भइन्। घरपरिवारको काममै व्यस्त हुँदा उनले पछि फेरि प्रवेशिका परीक्षा दिने सोच नै बनाइनन्।

विवाह भएको ५ वर्षपछि छोरी रिहा जन्मिन्। त्यसपछि त फेरि एसएलसी दिने कुरो त उनका लागि कल्पनाको विषयसम्म पनि भएन। ८ महिना पुगेपछि छोरीले कानले नसुनेको उनले थाहा पाइन्। 'आफ्नो माइतीमा जाँदा आमा चनमायाले बच्चालाई पटक-पटक बोलाउँदा पनि अनुहारमा कुनै हाउभाउ देखिएन। त्यसपछि छोरीले सुन्न नसक्ने थाहा भयो' -मणिले भनिन्। शुरूमा यो कुरो सुन्दा उनी निकै आत्तिएकी थिइन्। त्यसपछि शिक्षण अस्पतालमा परीक्षण गराउँदा कानको नसासम्बन्धी समस्या रहेको र उपचार सम्भव नभएको चिकित्सकले बताए। चिकित्सककै सल्लाहअनुसार उनले बच्चालाई इयरफोन लगाइदिइन्।

निकै चनाखो भएर मणिले आफ्नो छोरीको स्याहारसुसार गर्न थालिन्। क्रमशः छोरी ३ वर्षकी भएपछि स्कुल भर्ना गर्नुपर्ने भयो। स्कुल खोज्न थालियो। 'कान नसुन्ने बच्चालाई पढाउन सक्दिन भनेर ४/५ वटा विद्यालयले त भर्ना नै लिएनन्। तनावमाथि निकै तनाव' -मणिले भनिन्। पछि स्कुल खोज्दै जाँदा बल्लतल्ल च्यासलस्थित माउन्ट हरमन स्कुलले भर्ना लिन राजी भयो।

'कान नसुन्ने समस्याले गर्दा स्कुलमा पढाएको पाठ नबुझ्ला कि भनेर हरबखत चिन्ता हुन्थ्यो। दिनरात नभनी छोरीको पढाइमा ध्यान दिन थालें। घरका काम छोडेर पनि स्कुलमा पढाएको पाठ दोहोऱ्याउन, गृहकार्य गर्न सघाउँथे। नआएको विषय स्कुलका शिक्षक शिक्षिकासँग सोध्न स्कुल जान्थें। २/३ दिन बिराएर स्कुलमा गइरहन्थें। स्कुलका सर, मिससँग सोधेर भए पनि मैले छोरीलाई सिकाउँदै गएँ' -उनले सविस्तार सुनाइन्।

'दुःखम् सुखम् छोरी क्रमशः ७ कक्षामा पढ्न थालिन्। त्यसपछि त छोरीलाई सिकाउन मेरो पढाइले नभ्याएको महसुस हुन थाल्यो', उनले भनिन्- 'संयोगवश त्यतिबेला पाटन हाइस्कुलमा खुला शिक्षण पद्धतिअनुरूप पढाइ शुरू गर्न लागेको थियो। मेरो लागि भगवान्ले अवसर जुटाइदिएको सम्झेर फेरि कक्षा १० मा पढेर प्रवेशिका परीक्षा दिने निधो गरें।' श्रीमान् रामकृष्णले पनि उनलाई निकै हौसला दिए। त्यसपछि उनले १५ वर्षअघि छाडेको पढाइलाई निरन्तरता दिइन्।



'पढाइका लागि अझ दृढ बन्नुपर्ने भाग्यमा लेखेकाले होला, दोस्रो पटक एसएलसीको परीक्षा दिँदामा पनि अंग्रेजी, गणित र विज्ञान गरी ३ वटा विषयमा फेल भएँ। यत्रो वर्षपछि पढ्दा त ५ वटा विषयमा त पास गर्न सकें। कसो अर्को पटक पास नहूँला भन्दै फेरि पढ्न थालें' -उनले भनिन्। आफूले पढेर छोरीलाई पढाइमा अब्बल बनाउने अदम्य इच्छा थियो। यही इच्छाले दिनरात नभनीकन मणिले पढ्न थालिन्। छोरीप्रति अगाढ मायासँगैको मेहेनतले गर्दा उनी तेस्रो पटकमा एसएलसीमा उत्तीर्ण हुन सफल भइन्। 'असफल हुनु ठूलो कुरो होइन। 'असफल भएर पुनः प्रयास नगर्नु ठूलो कुरो हो' भन्ने वाक्यले आफूलाई निकै हौसाएको सम्झिँदै उनले भनिन्- 'निकै प्रतिकूल अवस्था झेलेर एसएलसी पास हुनु मेरो लागि ठूलो सफलता थियो।'

'घरपरिवार र समाजले तिम्रो छोरी लाटी होइन र ? तिम्रो छोरी लाटी भनेर भन्दा मेरो मुटु छियाछिया हुने गर्दथ्यो। कैयौं पटक एकान्तमा बसेर धेरै रोएँ पनि। तैपनि छोरीको अगाडि दयाभावभन्दा पनि पढाइ र मनोबल बढाउन लागिपरें। यस्ता वचन सुनेर एकछिन त मनमानिकै पीडा हुन्थ्यो। त्यससँगै छोरीलाई पढाइमा अब्बल बनाउने इच्छा पनि झन्-झन् दृढ हुँदै गयो' -उनले भनिन्। यही मनस्थितिले उच्च शिक्षाको अध्ययन शुरू गराएको उनको ठम्याइ छ।

त्यसपछि उनी पाटन हाइस्कुलमा १० जोड २ मा मानविकी विषय लिएर पढ्न थालिन्। त्यतिबेला उनको उमेर ३५ वर्षको थियो। पढ्ने उमेर नाघिसकेका व्यक्तिले कलेज ड्रेस लगाएर बाटोमा हिँड्दा धेरैले उनलाई जिस्क्याउथें। आफूभन्दा झन्डै दोब्बर उमेरका सहपाठीसँगै बसेर पढ्नुपर्दा अरू विद्यार्थीले शुरू-शुरूमा निकै आश्चर्यका रूपमा लिएको उनको अनुभूति रहेको छ।

'उमेर छँदा पढ्नुपर्दैन। बूढी भएपछि पढ्ने ?' भनेर कतिपयले कुरा काट्थे, घर वरपर हिँड्नै नहुने भयो। त्यसपछि पढेर समाजमा केही गरेर नै देखाउने ईख पैदा हुन थाल्यो। नभन्दै १० जोड २ पनि पास गरेपछि नमुना मच्छिन्द्र क्याम्पसमा पढिन्। एकपछि अर्को गर्दै उच्च शिक्षाको खुड्किलो चढ्दै गरेकी मणि हाल समाजशास्त्र विषय लिएर एमएम दोस्रो वर्षमा पढिरहेकी छिन्। पढाइसँगै ब्युटिसयनको परिचयले उनलाई १ सफल महिला उद्यमीका रूपमा समाजमा स्थापित गराइदिएको छ। विभिन्न चलचित्रमा पनि कलाकारलाई मेकअप गराउने गरेकी मणि अहिले आफ्नो संघर्षप्रति गौरव गर्छिन्।

रिहा अहिले नागार्जुन कलेजमा बीआईएममा अन्तिम समेस्टरमा पढ्दै छिन्। श्रुति नेपाल नामक संस्थामा कार्यकारिणी सदस्य भएर रिहा आफूजस्तै सुन्न नसक्नेको सेवामा बिताइरहेकी छिन्। 'ममीको छोरी हुन पाउनुमा म आफूलाई निकै भाग्यमानी ठान्छु। मलाई बोल्न र पढ्न सिकाउन निकै संघर्ष गर्नुभयो, मैले सुन्न नसके पनि मेरो आमाको कानबाट मैले सुनिरहेकी छु' -आमालाई अँगालोमा बेर्दै रिहाले भनिन्।

अपांगता भएकालाई दयाभन्दा पनि अवसर दिनु नै सबैभन्दा बढी कल्याणको विषय हुने उनको भनाइ रहेको छ। 'कसैले हेला गऱ्यो भनेर दुखी भएर बस्न नहुने रहेछ। त्यही हेलालाई शक्ति बनाउनुपर्ने मेरो जीवनको विश्वास बन्यो। यही विश्वासको स्रोत मेरी छोरी रिहा हुन्' -मणिले भनिन्।

> घरपरिवार र समाजले तिम्रो छोरी लाटी होइन र ? तिम्रो छोरी लाटी भनेर भन्दा मेरो मुटु छियाछिया हुने गर्दथ्यो। कैयौं पटक एकान्तमा बसेर धेरै रोएं। तैपनि छोरीको अगाडि दयाभावभन्दा पनि पढाइ र मनोबल बढाउन लागिपरें। यस किसिमको वचन सुनेर एकछिन त मनमा निकै पीडा हुन्थ्यो। त्यससंगै छोरीलाई पढाइमा अब्बल बनाउने इच्छा पनि झन्-झन् दृढ हुंदै गयो।



## तीजको मेला, टाटाको मेला

अभिनेतृ तथा निर्देशक दीपाश्री निरौला टाटा मोटर्सको मेलामा।

# PAGE3



# मेलिना पहिलो मिसेस मकवानपुर

हेटौंडा, (नेस)। हेटौंडामा भएको *मिसेस मकवानपुर-२०१८* को उपाधि मेलिना रानामगरले जितेकी छन्। उपाधिसँगै मेलिनाले २५ हजार रुपियाँसहित विभिन्न पुरस्कार प्राप्त गरेकी छिन्।

हेटौंडा लेडी जेसिजको आयोजनामा भएको प्रतियोगिता रमिला श्रेष्ठ *फस्ट रनर्सअप* र मनसा घिमिरे *सेकेन्ड रनर्सअप* भइन्। प्रमुख निर्णायक दीपकराज मिश्रको 'तपाईंको विचारमा असल महिला हुनु भनेको कसरी असल अभिभावक हुनु हो?' भन्ने प्रश्नको जवाफमा अन्य प्रतिस्पर्धीलाई पछाडि पार्दै मेलिनाले उपाधि हात पारेकी हुन्। उनले *भ्युअर्स च्वाइस*को उपाधि पनि जितेकी छिन्। *फस्ट रनर्सअप* श्रेष्ठले *हेल्दी हेयर* र घिमिरेले *मिसेस पर्फमेन्स* उपउपाधि पनि हात परेका छन्। *फस्ट रनर्सअप* श्रेष्ठले १५ हजार र सेकेन्ड रनर्सअप घिमिरेले १० हजार रुपियाँसहित विभिन्न पुरस्कार प्राप्त गरेका छन्।

प्रतियोगितामा निता श्रेष्ठ *मिसेस फ्रेन्ड्ली*, सपना मगर *मिसेस पंचुआलिटी*, दुर्गा ठकुरी *मिसेस क्याटवक*, लक्ष्मी नेपाल *मिसेस फोटोजेनिक*, संगीता परियार *मिसेस स्क्रिन*, चन्द्रकला बाँस्कोटा *मिसेस ट्यालेन्ट*, मञ्जु लामा विष्ट *मिसेस डिसिप्लिन*, उर्मिला घिमिरे महत *बेस्ट स्माइल*, सविता थापामगर *बेस्ट डान्सर* र कविता आचार्य *मिसेस पर्सनालिटी* भए।

कार्यक्रममा दक्षिण एसियाकी पहिलो महिला फुटबल रेफ्री कल्पना शर्मालाई सम्मान गरिएको थियो।



## श्रद्धा सर्वाधिक लोकप्रिय

बलिउड नायिका श्रद्धा कपुर इन्स्टाग्रामकै सर्वाधिक लोकप्रिय अभिनेतृ बनेकी छिन्। भारतीय सञ्चार माध्यमका अनुसार एक एजेन्सीले गरेको अध्ययनले श्रद्धाको फ्यान फलोइङ, लाइक र कमेन्टका आधारमा उनी सबैभन्दा अगाडि रहेको देखाएको हो।

गतवर्ष उनी सातौं नम्बरमा रहेकी थिइन् भने नायिका प्रियंका चोपडा पहिलो नम्बरमा थिइन्, तर यसपालि प्रियंका चौथो नम्बरमा झरेकी छिन्। यसको दोस्रो स्थानमा आलिया भट्ट छन् भने तेस्रो स्थानमा दीपिका पादुकोण छिन्। सर्वेक्षणमा श्रद्धाले १ सय अंक पाएकी छिन् भने आलियाले ८५, दीपिकाले ६८ र प्रियंकाले ६५ अंक प्राप्त गरेका छन्।

## लोकगायक खत्री सम्मानित



बागलुङ, (नेस)। लोकदोहोरी गायक विष्णु खत्रीलाई बागलुङमा सम्मान गरिएको छ। बागलुङको स्थानीय पत्रिका ढोरपाटन दैनिकको पन्ध्रौं वार्षिकोत्सवका अवसरमा गीत संगीतको माध्यमबाट बागलुङ जिल्लाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै खत्रीलाई शुक्रबार सम्मान गरिएको हो।

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालबाट सम्मान ग्रहण गर्दै खत्रीले समाजका विसंगति, विकृतिविरुद्धमा सधैं सांगीतिक क्षेत्रमा लागिरहने बताए। बागलुङको गल्कोटमा जन्मिएका खत्रीले गरिबी, बेरोजगारी, उत्पीडन, अभाव र छुवाछूतजस्ता विषयमा गीत संगीतको माध्यमबाट सशक्त भूमिका निर्वाह गर्दै आएका छन्। कार्यक्रममा खत्रीले *भरिया भारी बोक्दै, भरिया दाइले बिसाउने* भारीलगायतका गीत गाएका थिए।



**बर्थडे सेलिब्रेसन** हास्य टेलीशृंखला *भद्रगोल*का 'सिते बा' मधुसूदन पाठक शनिबार सहकर्मी कलाकारका साथ बर्थडे मनाउँदै। पाठकले आफ्ना साथमा कुमार कट्टेल 'जिग्री' र अर्जुन घिमिरे 'पाँडे बूढा' दीपक आचार्य, अशोक घिताल तथा व्यवसायी नवीन हुमागाईंद्वारा राजधानीको डिल्लीबजारमा सञ्चालित इचिबान रेस्टुराँमा कलाकार तथा परिवार र साथीभाइका साथ ३०औं बर्थडे मनाएका हुन्।





# कामनाको हरेक अंक विशेष अंक

## यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरुले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरुले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

सर्वत्र बजारमा उपलब्ध

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

जगत्‌मा पत्रकारिता सबैभन्दा शक्तिशाली माध्यम हो।
– स्यामुअल बाउल

अन्याय गर्नु मात्र अपराध होइन, अन्याय सहनु पनि अपराध हो।
– अज्ञात

## सम्पादकीय

नेपाल समाचारपत्र

### स्थानीय निकायको आलोचना

स्थानीय निकायले गरेका पछिल्ला निर्णय अलोकप्रिय मात्र होइन यसले संघीयताको बारेमा गम्भीर प्रश्नसमेत उठाइदिएको छ। स्थानीय निकायले उठाउन थालेको करको कारण संघीय सरकारको समेत तीव्र आलोचना हुन थालेको छ। स्थानीय निकायलाई सरकारले सबै अधिकार दिएपछि स्थानीय निकायले आफैं सक्षम हुने नाममा जथाभावी उठाउन थालेको करले जनतामा नैरास्यता मात्र होइन संघीयताको विकल्पमा जानुपर्ने जनमत बिस्तारै बढ्न थालेको छ। ७० वर्ष लामो संघर्षपछि आएको संघीयताका बारेमा शुरु भएको टिप्पणीले मुलुकमा संघीयता नफापेकै हो त ? अहिले बजारमा यस विषयमा समेत टिप्पणी शुरु भएकाले यसतर्फ सरकार तथा ठूला राजनीतिक दलले सोच्ने बेला आएको छ।

स्वायत्तताको नाममा स्थानीय सरकारले फैलाएको कर आतंकका बारेमा संघीय सरकारले हस्तक्षेप गर्नुपर्ने जनमत एकातिर रहेको छ भने अर्कोतर्फ संघीय सरकारको निर्देशनमा स्थानीय सरकारले कर उठाएको भन्ने आरोप–प्रत्यारोप अहिले बजारमा छताछुल्लरूपमा पोखिएको छ। लामो अन्तरालपछि आफ्नै जनप्रतिनिधि पाएका जनता दंग हुनुपर्नेमा जनप्रतिनिधिले जनता मारा कर लागू गरेपछि जनता र जनप्रतिनिधिबीचको प्रेम, सद्भाव र भाइचाराको सम्बन्धमा समेत दरार आएको छ। यस्तो हुनुमा को दोषी हो, स्थानीय सरकार वा संघीय सरकार ? यस विषयमा दुवै निकायले स्पष्ट पार्नुपर्ने अवस्था छ। तर यस वियषमा दुवै सरकार मौन रहनुले कतै दुवै सरकारको मिलेमतोमा जनताको ढाड भाँच्ने काम शुरु भएको त होइन ? भन्ने प्रश्न टड्कारोरूपमा उठेको छ।

स्थानीय निकायका जनप्रतिनिधिमाथि अहिले विभिन्न क्षेत्रबाट एकै पटक विभिन्न प्रकारको आरोप लागेको छ। स्थानीय निकायका जनप्रतिनिधि नै डोजर मालिक भएको र स्थानीय निकायमा उनीहरूले नै आफ्नै सामान प्रयोग गरेर राष्ट्रिय ढुकुटी दोहन गरेको आरोप लाग्ने गरेको छ। यसरी स्थानीय निकायका जनप्रतिनिधि प्रश्नैप्रश्नको घेरामा पर्नु कसैका लागि राम्रो मानिदैन। जनताका लोकप्रिय नेता बन्नुपर्ने जनप्रतिनिधि समाजबाटै तिरस्कृत हुनुपर्ने अवस्था सृजना हुनु पक्कै राम्रो होइन। यसतर्फ स्थानीय निकायले समयमा नै आफूलाई सच्याएन भने जनताले स्थानीय निकायको विकल्प नखोज्लान् भन्न सकिन्न। त्यसैले स्थानीय निकायसहित राज्यको नै यसतर्फ ध्यान जान जरुरी छ।

# लैङ्गिक हिंसा र देवानी संहिता



कपिल काफ्ले

मुलुकी ऐन खारेज भएर भदौ १ गतेदेखि फौजदारी तथा देवानी संहिता लागू भएपछि सर्वाधिक चासोको विषय बनेको छ वैवाहिक सम्बन्धसम्बन्धी प्रावधान। वैवाहिक नातालाई पहिलो सामाजिक संगठन र पारिवारिक सम्बन्धको आधार भनेर ठूलो महत्व दिइने गरिए तापनि यो सम्बन्ध सदा नापतौल र स्वार्थमा निहित रहेका कारण यो विषय यति संवेदनशील बनेको हुनुपर्छ।

शरीर हेरेर, अनुहार नियालेर र पाखुरा नापेर कायम गरिने सम्बन्ध क्षण-क्षणमा आशंकाको घेरामा पर्नु स्वाभाविकै हो। 'म राम्री छु, त्यसैले मैलाई सुख दिने श्रीमान् पाउनुपर्छ' अनि 'मेरो शरीर सुगठित छ, मैले भनेजस्ती श्रीमती भित्र्याउन सक्नुपर्छ' भन्ने चिन्तनले समाजमा जरा गाडेको छ। 'लभ म्यारिज' भनियोस् वा मागी विवाह गरियोस्, अधिकांश जोडीको आधार यही हो। कसैको बौद्धिक क्षमता र सीप हेरेर मन पर्ने/पराउनेहरू त अल्पमतमा छन्। विश्लेषण गरेर हेर्दा पछिल्लो कोटीका जोडीहरूको प्रेम दीर्घकालीन देखिन्छ। एक-आपसप्रतिको विश्वास र इमानदारी अटुट हुन्छ। उनीहरूमा आज हृष्टपुष्ट देखेर प्रेम गर्ने र भोलि रोग लागेर दुब्लाउँदा सम्बन्ध तोडिने हुँदैन।

विवाह सम्बन्धलाई स्थायी र अनतिक्रम्य भनेर संहिताले व्याख्या गरे तापनि यसको दफा ८२ मा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने आधार इंगित गरिएको छ। पति-पत्नीबीचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने आधारहरूमा कानुनसम्मत तरिकाले विवाह बदर भएमा, कानुनबमोजिम पति-पत्नीको सम्बन्ध विच्छेद भएमा र पत्नीले कानुनबमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा भनिएको छ। देवानी संहिताले अधिकांशतः लैङ्गिक समानता कायम गरे तापनि 'पत्नीले कानुनबमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा' भनेर महिलाका पक्षमा सकारात्मक विभेद गरेको छ। जबकि पुरुषले कानुनसम्मत तरिकाले सम्बन्धविच्छेद नगरी अर्को विवाह गर्नै पाउँदैन, तर महिलालाई भने त्यस प्रकारको छुट कायम छ। पुनः विवाह गर्न सक्ने प्रावधान खुलाउँदै भनिएको छ- 'कानुनसम्मत तरिकाले वैवाहिक सम्बन्ध अन्त्य भएमा, पति वा पत्नीको मृत्यु भएमा, पति वा पत्नीले कानुनबमोजिम अंशवण्डा गरी भिन्न भएमा।'

नेपाली समाजमा पछिल्ला वर्षहरूमा वैवाहिक सम्बन्ध तोडिएका घटना बढेको तथ्यांकले देखाउँछ। यसका अधिकांश पक्षहरू नकारात्मक नै छन्, एक-आपसको विश्वास अन्त्य हुनु राम्रो विषय हुनसक्तैन। सम्बन्ध तोडिएका कारण घर बिग्रिन्छ, छोराछोरीले आमा र बाबु दुवैको एकसाथ माया पाउन सक्तैनन्। सम्बन्ध विच्छेद हुँदा श्रीमान्-श्रीमती मात्र छुट्दैनन्, सिंगो परिवार मात्र पनि विखण्डनमा पर्दैन, त्यसले सामाजिक असर पनि सिर्जना गर्दछ। नेपाल बनाउने नागरिक कपाल समाएर अँध्यारो कोठामा तनावपूर्ण जीवन बाँच्न विवश हुन्छ। यी सबै सामान्य विषय हुँदै होइनन्। तर, दाम्पत्य जीवन तोडिएका कारण सधैं नराम्रो मात्र हुँदैन, सँगै बस्दा अकाल मृत्युसम्म हुनसक्थ्यो भने छुट्टिँदा ज्यान जोगिन सक्छ। बढी खराब हुनुभन्दा कम खराब हुनु राम्रै हो सापेक्षताको हिसाबले हेर्दा। विगतमा महिला आजको अवस्थामा जस्तो आफ्नो अधिकारप्रति सचेत थिएनन्। विगतमा आँसु पिएर, हिंसा सहेर र सौता खपेर बस्थे तर आज त्यसो गर्दैनन्, बरु अधिकार लिएर स्वतन्त्र बस्छन् वा अर्को विवाह गर्छन्। त्यसैले आज सम्बन्ध विच्छेदका घटना बढे पनि त्यसलाई महिला सशक्तीकरण र सकारात्मक परिवर्तनका रूपमा स्वीकार गरिनुपर्छ।

दफा ८७ मा 'पतिको घर पत्नीको बासस्थान हुनेछ' भनिएको छ। पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको बासस्थान पतिको घरमा कायम भएको मानिने व्यवस्था गर्दै कानुनले महिलालाई सुरक्षा दिएजस्तो देखिए पनि लैङ्गिक असमानता पनि कायम गरेको छ। पितृसत्तात्मक व्यवस्था वा पुरुषप्रधान समाजको प्रमाण दिइएको छ। तर, विवाह हुने आधारका सम्बन्धमा भने निकै हदसम्म लैङ्गिक समानता कायम गरिएको छ। दफा ७० मा विवाह हुने आधार खुलाउँदै भनिएको छ, 'पुरुष र महिलाले एक-अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा, कानुनबमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा, पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा, बीस वर्ष उमेर पूरा भएमा।' यद्यपि 'पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा' भन्ने आधार भने बाझिएको देखिन्छ। कानुन महिलाका हकमा भने यस विषयमा उदार बनेको अगाडिकै अनुच्छेदमा उल्लेख गरिसकिएको छ। अपराध संहिताको दफा १७५ मा पुरुषलाई बहुविवाह गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद र १० हजार रुपियाँदेखि ५० हजार रुपियाँसम्म जरिबानाको व्यवस्था छ भने महिलालाई त्यस प्रकारको सजायको प्रावधान छैन।

देवानी संहितामा झुक्याएर विवाह गर्न/गराउन पाउने अनौठो प्रकारको प्रावधान परोक्षरूपमा उल्लेख छ, तर केही विषयमा भने झुक्याई विवाह गर्न/गराउन पाइन्न पनि भनिएको छ। शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी.) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको, यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको, पूर्णरूपमा बोल्न वा सुन्न नसक्ने, पूर्णरूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको, होस ठेगानमा नरहेको, विवाह भैसकेको, गर्भवती भएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय पाएको व्यक्तिको परिचय झुक्याई विवाह गरिएको रहेछ भने त्यस्तो विवाह बदर गर्न सकिन्छ। प्रस्ट छ, यी बाहेकका विषयमा भने झुक्याएर विवाह गर्न पाइन्छ भन्ने अर्थ लाग्छ।

धारा ७४ ले शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिनेछ भनी गरेको व्यवस्थाप्रति बजारमा निकै चासो देखिन्छ। कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबीच स्वतः विवाह भएको मानिनेछ भनिएको छ। तर, जबरजस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा र कानुनबमोजिम विवाह गर्न हुने नातासम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नाताका पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा भने विवाह भएको मानिन्न भनिएको छ।

सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्थामा लैङ्गिक समानताको पक्षलाई ध्यान दिइएको छ। 'पति-पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति-पत्नीको सम्बन्ध विच्छेद गर्न सकिनेछ' भनिएको छ। धारा ९४ मा पतिले सम्बन्ध विच्छेद गर्ने हो भने कानुनबमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा, पत्नीले पतिको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल-प्रपञ्च गरेमा, पत्नीले अन्य पुरुषसँग यौनसम्बन्ध राखेको ठहरेमा भनिएको छ। यसरी नै, धारा ९५ मा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने प्रावधान राखिएको छ। त्यसमा सबै बुँदा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्थासँग मिल्छन्, तर 'पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा' भन्ने बुँदा भने भिन्न देखिन्छ।

अब प्रश्न उठ्छ, के यी प्रावधानले महिलामाथि हुँदै आएका हिंसा र विभेदका घटनामा न्यूनीकरण हुन्छ ? कतिपय प्रावधानले लैङ्गिक समानताका पक्षमा प्रगतिशीलता देखाए पनि हिंसा र विभेद हटाउन कानुन पर्याप्त देखिन्न। वास्तवमा विभेदको अन्त्य कानुनले मात्र गर्न सक्तैन, यसका लागि सभ्यता र मानव विकासको वातावरण स्थापित गर्ने समाजको सिर्जना आवश्यक छ। लैङ्गिक असमानता समाजमा भन्दा बढी व्यक्तिको मनस्थितिमा रहेकाले मानसिक परिवर्तन आजको आवश्यकता बनेको छ। अन्यथा लैङ्गिक हिंसाको सागर पार लगाउन अक्षम हुनेछ देवानी संहिता।

> कतिपय प्रावधानले लैङ्गिक समानताका पक्षमा प्रगतिशीलता देखाए पनि हिंसा र विभेद हटाउन कानुन पर्याप्त देखिन्न। वास्तवमा विभेदको अन्त्य कानुनले मात्र गर्न सक्दैन, यसका लागि सभ्यता र मानव विकासको वातावरण स्थापित गर्ने समाजको सिर्जना आवश्यक छ। लैङ्गिक असमानता समाजमा भन्दा बढी व्यक्तिको मनस्थितिमा रहेकाले मानसिक परिवर्तन आजको आवश्यकता बनेको छ।

## पाठक पत्र

### गरिबलाई सुलभ स्वास्थ्य कहिले ?

नेपालमा गणतन्त्र आएको धेरै समय भइसकेको छ तर जनताले अनुभव गर्ने गरी गणतन्त्र आएको छैन। स्वास्थ्य क्षेत्रमा हेर्दा, अस्पतालको बिल तिर्न नसकेर बिरामीलाई अलपत्र छाड्नुपरेको खबर हालसालै सञ्चारमाध्यममा सार्वजनिक भयो। मोटरसाइकल दुर्घटनामा बीएन्डसी अस्पतालमा उपचारार्थ इलामका ३३ वर्षीय अरुण तामाङका परिवारले अस्पतालले १६ लाख रुपियाँ बिल तिर्न दबाब दिएपछि बिरामी नै छाड्नुपरेको विदारक खबरले नेपालको स्वास्थ्य सेवा गरिब तथा सर्वसाधारणको पहुँचमा नरहेको प्रष्ट हुन्छ।

इलामका तामाङ एक पात्र हुन्, उपचार गराउन नसकेका सयौं विपन्न छन्। अस्पतालको शैयामा छटपटाइरहेका बिरामीका परिवारले घरखेत बेचेर पैसा जुटाउनुपर्ने नियति छ। गरिब जनताले उपचार नै नपाएर मर्नुपर्ने, अस्पतालको मुखै नदेखी मर्नुपर्ने, उपचार खर्चको अभावमा अस्पतालको छतबाट हाम फालेर मर्नुपर्ने अवस्था विद्यमान छ। तर, गरिबको वकालत गर्ने नेकपाको सरकारले आफ्ना नेता, कार्यकर्ता, आसेपासे र आफन्तलाई भने 'आर्थिक सहायता' बाँडेर राष्ट्रदोहन गरिरहेको छ। जनताको करबाट संकलित सरकारी ढुकुटीबाट जथाभावी रकम वितरण गर्ने प्रवृत्तिविरुद्ध चौतर्फीरूपमा प्रश्न उठे पनि नेता, कार्यकर्ता पोस्ने शृखला रोकिएको छैन। एकातर्फ गरिब जनताले उपचार गराउन नसकेर मर्नुपर्ने र अर्कोतिर राज्यको ढुकुटी उपचार खर्चका नाममा पहुँचवालाका निम्ति लुटिनु विडम्बनापूर्ण छ।

सरकारी कार्यविधिमा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्व र विपन्न नागरिकलाई उपचार खर्च उपलब्ध गराउन सक्ने व्यवस्था छ। तर यहाँ कुनै पनि विपन्नले राज्यको सुविधा उपभोग गर्न पाएको देखिँदैन। किनभने उनीहरूको शासकीय पात्रसम्म पहुँच र प्रभाव नै पुग्दैन। नेकपाको सरकारले अस्वाभाविक र अवैज्ञानिक कर वृद्धि गरेर आलोचित बन्दै गर्दा सरकारी सेवा-सुविधा, गाडी, इन्धन, विदेश सयर र अचाक्ली फजुल खर्च गर्ने क्रम बढ्दो छ। गरिब तथा विपन्न भई उपचार गराउन सक्ने अवस्था नभएका, राष्ट्रिय जीवनमा योगदान दिएका व्यक्तिको नाममा वितरण गर्नुपर्ने रकम शक्ति र सत्ताको आडमा सत्तारुढ दलका नेता र तिनका निकट व्यक्तिले उक्त सुविधाको उपभोग गर्दै आएका छन्। सार्वजनिक सम्पत्ति आसेपासेलाई जथाभावी बाँड्ने प्रवृत्तिले सरकारको साख मात्रै गिरेको छैन, करको दुपयोगले आममानिसलाई आक्रोशितसमेत बनाएको छ। सरकारले सरकारी स्रोत-साधन आफ्नो सुविधा र अनुकूलताअनुसार बाँड्ने होइन, साँच्चै आमनागरिकको हितमा खर्चिनुपर्छ। तर, मन्त्रिपरिषद्बाट अपारदर्शी ढंगले रकम वितरण हुनु रहस्यमय बन्न पुगेको छ। सरकारका लागि सबै जनता समान हुन्। कुनै पनि बिरामीको उपचार खर्च नपाएरै मर्ने अवस्था आउन दिनुहुँदैन।

लज्जाको विषय त के छ भने, सरकारले उपलब्ध गराएको औषधि खर्च पाउनेमा अख्तियारबाट अकूत सम्पत्ति मुद्दामा अभियोग खेप्नेसमेत छन्। अहिले पनि देशका विभिन्न सरकारी अस्पतालहरूमा उपचार नपाएर बेवारिसे अवस्थाका बिरामीको मृत्यु भइरहेको छ। बेवारिसेका लागि कुनै पनि अस्पतालमा प्रभावकारी व्यवस्था छैन। बेवारिसे भेटिएका बिरामी यसै पनि गम्भीर प्रकृतिका हुन्छन्। त्यस्ता बिरामीका लागि आकस्मिक कक्षमा राखेर उपचार गर्नु जरुरी हुन्छ। तर, भर्ना नै नगरी अलपत्र छाडिदिने प्रवृत्तिले सरसफाइ, औषधि उपचार र खानाको अभावमा त्यस्ता बिरामीको ज्यान जाने गरेको छ।

हेरचाह र सरसफाइ गरिदिने व्यक्तिको अभावमै निको हुने रोगको पनि उपचार नपाएरै बिरामीको मृत्यु हुँदै आएको छ। गरिब, अपाङ्ग, असहाय, सहाराविहीन र यस्तै बेवारिसे बिरामीका लागि सरकारी अनुदानबाट निःशुल्क उपचार गरिनुपर्छ। तर, अस्पतालहरूले वर्गीय परम्परा तोड्न सकेका छैनन्। अस्पताल साझा उपचारस्थल भएकाले सबैले आधारभूत अधिकार प्रयोग गर्न पाउनुपर्छ। सरकारले स्वास्थ्य उपचारका नाममा राष्ट्रदोहनको शृङ्खला अन्त्य गरी गरिब तथा विपन्नको उपचारका लागि संवेदनशील बन्नु आवश्यक छ। अब कोही कसैले उपचार नपाएर अथवा उपचारको पैसा तिर्न नसकेर अस्पतालको छतबाट हाम्फालेर मर्ने स्थिति आउनुहुँदैन।

*- मोनिका सुनार, काभ्रे।*

### नबुझी कानुनको विरोध नगरौं

नेपालमा भर्खरै धेरै किसिमका कानुन जारी भएर लागू भएको अवस्था छ। कानुनलाई आफ्नै तरिकाले व्याख्या गरेर विरोध तथा समर्थन गरिएको पनि पाइएको छ। कानुनलाई पहुँचको आधारमा, राजनीतिक आस्थाको आधारमा, जानेबुझेका वकिलको हातमा अडिएको भन्दै सोझा जनताको पहुँचभन्दा बाहिर भएकोले मुलुकमा थुप्रै समस्या भएको कुरा कहीं-कतै लुकाउनुपर्ने अवस्था छैन।

राजनीतिलाई दिगो र स्थायी बनाउने काम नहुनु एउटा समस्या थियो। अहिले राजनीति र सत्ताको चलखेल बन्द भएको छ। कानुन कडाइका साथ आउनुपर्ने थियो, त्यो पनि आएको छ। अब कानुन मिचेर दादागिरी गरी निर्दोष जनताले न्याय नपाउने, करोडौंको काम लिने र काम पूरा नगरेर राज्यको ढुकुटी दोहन गर्ने, कानुनलाई पहुँचवालाहरू र पैसावालाहरूले मात्रै परिचालन गर्न सक्छन् भन्ने जस्ता कुराहरू र अन्य सबै खाले गुण्डाराज बन्द गर्नका लागि कानुनलाई कडाइका साथ लागू गर्नुपर्ने देखिएको छ।

नेपालको भाग्य र भविष्य परिवर्तन गर्ने जिम्मेवारी पाएका प्रधानमन्त्री के.पी. ओली र प्रचण्डलगायतका नेताहरूले मात्र अब कानुनको कडाइ गरेर हुनेवाला छैन। हरेक स्थानीय सरकार, स्थानीय प्रशासन, स्थानीय प्रहरी, सरकारी वकिल, स्थानीय सञ्चारकर्मी अनि आम बुद्धिजीवी, अधिकारकर्मीहरूले समेत कानुनलाई कडाइका साथ लागू गर्न आ-आफ्नो स्थानबाट खबरदारी गर्नुपर्ने देखिएको छ। सरकार पनि कुनै प्रकारले डगमगाउनुहुँदैन। दुई तिहाइको बलियो सरकारले देशमा अमनचयन कायम गराउन हदैसम्मको उपाय अपनाउन जरुरी छ।

पछिल्लो परवर्तित अवस्थामा परिवर्तन भएको कानुन र कानुनमा उल्लेख गरिएका सजायहरूको बारेमा पनि अब हरेक स्थानीय सरकारहरूले टोल-टोलसम्म जानकारी गराउन सकेमा, यसको सकारात्मक सन्देश फैलाउन सकेमा पक्कै पनि देशमा देखिएका सानातिना समस्या सहजै समाधान हुनेछन्। विकासमा देखिएको ढिलासुस्ती स्वतः बन्द हुनेछ। करोडौं रकम कमाएर लाख मात्रै कर तिर्ने ठूला महामहिमहरू करको दायरामा आउनेछन्। नेपालमा परिवर्तनको शुरुवात भएको स्पष्ट देखिनेछ। सबै इमानदार बन्नुपर्ने अहिलेको आवश्यकता हो। कानुनलाई सबैले पालना गर्न र गर्न लगाउनु सबैको कर्तव्य हो।

*- माधव विक, ललितपुर।*

## सामाजिक सञ्जाल




सिसडोल भरियो, शहरका गल्ली-गल्लीमा फोहोर कुहिन थाल्यो। फोहोरमा औंसा पर्न थाल्यो, दुर्गन्ध बढ्न थाल्यो। अहँ...सरकारहरूलाई गन्हाउँदैन।

**Gajendra Budhathoki**
**@gbudhathoki**



जब 'फूल' सबैको पहुँचमा हुन्छ, छिटो 'चुँडिने' गर्दछ। त्यसैले 'काँडा' बीचको 'गुलाफ र 'टाकुराको फूल' सुरक्षित हुने गर्छ। टिप्नलाई केही संघर्ष त गर्नै पर्छ।

सिर्जु शाह
**@srijushah**



शासकीय नालायकीको दोष संघीयतालाई किन ? महँगा गाडी किन्न कर बढाउने, दोष संघीयतालाई दिने ? यो वास्तविक संघीयता पनि हैन। संघीयताको हचुवा मोडेल हो। संघीयता खारेज हैन, वास्तविक संघीयताको आन्दोलन शुरू गरौं।

**dambar khatiwoda**
**@dambarkhatiwoda**

यस रेल परियोजना निर्माणका लागि ३ खर्ब ५५ अर्ब रुपियाँ लाग्ने अनुमान अध्ययनले गरेको छ। ७२ दशमलव २५ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि ९ वर्ष लाग्ने प्रारम्भिक अनुमान गरिएको छ।

# नेपाल

# पाँच वर्षमा केरुङ-काठमाडौं रेलमार्ग

**नेपाल समाचारपत्र**

काठमाडौं

बहुचर्चित केरुङ-काठमाडौं रेलमार्ग बन्ने निश्चित भएको छ। नेपाल सरकारको आग्रह र चीन सरकारको सहयोगमा गरेको अध्ययनले रेलमार्ग निर्माण गर्न सम्भावना रहेको देखाएपछि रेलमार्ग बन्ने निश्चित भएको हो।

रेल विभागका सिनियर डिभिजन इन्जिनियर प्रकाशभक्त उपाध्यायले चिनियाँ पक्षले चीन-नेपाल जोड्ने रेल परियोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारेको बताउनुभयो।

चिनियाँ परामर्शदाता कम्पनीले तयार पारेको अध्ययन प्रतिवेदनमाथि छलफल गर्न नेपालबाट अधिकारीको एक टोली शनिबार चीनतर्फ प्रस्थान गरिसकेका छन्। उक्त टोलीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव अधिकारीको नेतृत्वमा रेल विभागका महानिर्देशक अनन्त आचार्य, मन्त्रालयका वैदेशिक महाशाखा हेर्ने सहसचिव केशवकुमार शर्मा परराष्ट्र अर्थ मन्त्रालयका प्रतिनिधिसहित ७ सदस्यीय टोली छ। 'चिनियाँ परामर्शदाताको प्रतिवेदनमा छलफल गर्न नेपालबाट टोली नै चीन पुगिसकेको छ', सिनियर डिभिजन इन्जिनियर उपाध्यायले भन्नुभयो- 'प्रतिवेदनमाथि छलफल आइतबारदेखि ३ दिनसम्म चल्नेछ।'

उहाँका अनुसार उक्त प्रतिवेदनमा छलफल गरेर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) को प्रक्रिया अघि बढाउने विषयमा छलफल गर्ने नेपालको तयारी रहेको छ। उहाँले भन्नुभयो- 'यो रिपोर्टले केरुङ-काठमाडौं रेलमार्गलाई कसरी अघि बढाउन सकिन्छ भनेर मार्ग निर्देशन गर्नेछ।'

भदौ दोस्रो साता रिपोर्ट तयार पार्ने लक्ष्यका साथ चिनियाँ प्राविधिकहरुले अध्ययन थालेका थिए। गत वैशाख अन्तिम साता सचिव अधिकारीको संयोजकत्वमा गएको टोलीले चिनियाँ रेलवेसँग छलफल गरेर सम्भाव्यता अध्ययन अघि बढाउने निर्णय गरेको थियो। त्यसको लगत्तै जेठ पहिलो साता चाइना फस्ट सर्भे एन्ड डिजाइन इन्स्टिच्युटलाई चीन सरकारले पठाएर सम्भाव्यता अध्ययन गराउन पठाएको थियो।

यस रेल परियोजना निर्माणका लागि ३ खर्ब ५५ अर्ब रुपियाँ लाग्ने अनुमान अध्ययनले गरेको छ। ७२ दशमलव २५ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि ९ वर्ष लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। प्रतिवेदनअनुसार यो रेलमार्गको ९८ दशमलव ५ प्रतिशत पुल र सुरुङ निर्माण हुनेछ। बाँकी रहेको १ दशमलव ५ प्रतिशत मात्रै जमिनमा रहनेछ।

## तेस्रोलिंगीको गुनासो

## दिनहुँ हुन्छ कुटपिट र दुर्व्यवहार

काठमाडौं, (नेस)

मेकअप आर्टिस्टका रुपमा कार्यरत तेस्रो लिंगी महिला टिना राई शुक्रबार राति काठमाडौंको ठमेलमा एक्कासी प्रहरीको आक्रमणमा परिन्। आफ्नो काम सकेर घर फर्किने क्रममा रेस्टुरेन्टमा खाजा खाइसकेपछि आफ्नै साथीहरुसँग सामान्य विवाद भएको विषयलाई लिएर प्रहरीले टिनालाई शरीरमा नीलडाम हुने गरी कुटपिट गरेको बताइन्।

टिनाले भनिन्- 'कुनै गल्ती नै नगरी घटनाको वास्तविकता नबुझिकन ममाथि आक्रमण भयो। आक्रमणपछि पनि मलाई उपचार गर्नुको साटो सोझै प्रहरी वृत्त सोह्रखुट्टेमा लगेर थुनामा राखियो', उनले भनिन्- 'म मात्र होइन, यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै आधारमा मजस्ता दर्जनौं साथीहरु हरेक दिन प्रहरी र बाह्य व्यक्तिको आक्रमणमा परिरहेका छौं।' टिना मात्र होइन, रात्रिकालीन काम र रेस्टुरेन्टमा कार्यरत महिलामाथि कुटपिटका घटना बढेको पाइएको छ। नीलहिरा समाजमा कार्यरत अधिकारकर्मी भक्ति साह भन्छन्- 'उजुरीका आधारमा घटनाको प्रकृति हेर्दा निर्दोष व्यक्तिहरु बढीजसो कुटपिट र अंगभंग भएको देखिन्छ', उनले भने- 'विशेष गरी दैनिकजसो कुटपिट र दुर्व्यवहारमा पर्नेमा तेस्रोलिंगी तथा समलिंगीको संख्या धेरै छ। न्यायका लागि उजुरी दिए पनि कुनै सुनुवाइ हुँदैन।'

नीलहिरा समाजमै आएको उजुरीको तथ्यांकलाई हेर्ने हो भने सन् २०१८ जनवरी देखि अगस्टसम्ममा १ सय १६ वटा उजुरी दर्ता भएका छन्। जसमध्ये बाह्य व्यक्ति र प्रहरीको निशानामा ५० जना व्यक्तिमाथि बिनाकारण कुटपिट भएको पाइएको छ। अधिकारकर्मी साहका अनुसार कतिपय घटना तेस्रो लिंगी तथा समलिंगीलाई बाटोमा हिँडडुल गर्दा जिस्क्याउने, दुर्व्यवहार गर्ने, अपशब्द बोलेर गाली गर्नेजस्ता अमानवीय घटना भएको पाइन्छ। ८ महिनाको अवधिमा कुटपिट र दुर्व्यवहारकै ४ वटा उजुरी राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता भएको उनले बताए। संविधान तथा विभिन्न कानुनमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई समान व्यवस्था भए पनि आम मानिसको हेर्ने दृष्टिकोण र व्यवहार परिवर्तन हुन नसक्नु दुःखद भएको साहले बताए।

यद्यपि भदौ १ गतेदेखि लागू भएको मुलुकी देवानी संहिता र मुलुकी फौजदारी संहितामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई भेदभावपूर्ण व्यवहार गरे कानुनी कारबाही हुने व्यवस्था छ। यौनिक तथा लैंगिक अल्पसंख्यक (समलिंगी, तेस्रोलिंगी, द्वयलिंगी र अन्तरलिंगी) भएकै कारण भेदभावपूर्ण व्यवहार गरेमा ३ वर्ष कैद वा ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय भोग्नुपर्ने भएको हो।

# सडक सुरक्षामा चासो



**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले अहिले सडक सुरक्षा प्रमुख र चिन्तालाग्दो विषय भएको उल्लेख गर्दै हरेक व्यक्ति समान खुबीले समानरुपमा सक्षम रहेको बताउनुभएको छ। उहाँले सो कुरा सडक सुरक्षा फेन्सी ड्रेस प्रतियोगिता कार्यक्रममा प्रमुख अतिथिको भूमिकाबाट बोल्दै बताउनुभएको हो।

'सुरक्षाका लागि पोसाक लगाऔं' भन्ने नाराका साथ सम्पन्न कार्यक्रममा उहाँले सबै नेपालीलाई सुरक्षा नियम पालना गर्न र सभ्य बन्न पनि अनुरोध गर्नुभयो। उहाँले बालबालिकाको कलिलो उमेरदेखि नै यो अभियानमार्फत सुरक्षाप्रतिको धारणा बदल्न सिप्रदीले गरेको प्रयासको पनि प्रशंसा गर्नुभयो।

महानगरीय ट्राफिक प्रहरी प्रभागका प्रहरी उपरीक्षक (एसपी) राजकुमार लम्सालले कार्यक्रममा सडक सुरक्षाको सवालले प्राथमिकता पाएकोमा खुसी व्यक्त गर्नुभयो। केन्द्रीय प्याब्सनका उपाध्यक्ष दीपिका थापाले बालबालिकालाई सुरक्षा नियमको पालना गर्न प्रोत्साहन गर्नुभयो। नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक टीकाराज पौड्याल पनि युवालाई सुरक्षित समाजको नेतृत्व लिन उर्जा प्रदान गर्ने कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

सडक सुरक्षाप्रति आफ्नो महत्त्वपूर्ण पहल देखाउनका लागि १५ वटा विद्यालय प्रतियोगितामा सहभागी थिए। सबै विद्यालयको सुरक्षाका बारेमा आफ्नै नारा थियो र उनीहरुले सुरक्षातर्फ सम्मान देखाउँदै परेड पनि प्रस्तुत गरे। विद्यार्थीले ट्राफिक बत्ती, ट्राफिक कोन, जेब्रा क्रसिङ, परावर्तन हुने ज्याकेट, मादक पदार्थ सेवन गरी सवारी नचलाउने विषयवस्तु समेटिएको घाइते मानिस, हेल्मेट लगाउनेलगायतका सन्देश दिने खालका सडक सुरक्षासम्बन्धी सिर्जनशील विचार रहेका पोसाक लगाइरहेका थिए।

विद्यार्थीले उनीहरुको पोसाक कार्डबोर्ड, चार्टपेपर र विभिन्न खालका फेब्रिकको प्रयोग गरी उनीहरुको विचार र ज्ञानका आधारमा सुरक्षाको विषयमा बनाएको बताए। प्रतियोगितामा रुपि इन्टरनेसनल स्कुलले समग्र सुरक्षा सन्देशमा सर्वोत्कृष्टको पदवी पाउन सफल भयो। कार्यक्रमको समापन गर्दै सिप्रदी ट्रेनिङका सीईओ राजेशप्रसाद गिरीले हाम्रो सुरक्षा हाम्रो नियन्त्रणमा भएकाले सबैले सुरक्षा नियमको पालना गर्नुपर्ने र कुनै पनि अनिश्चितताबाट आफूलाई जोगाउन सुनिश्चित गर्नुपर्ने मान्यता भएको बताउनुभयो।

## सालकको खपटासहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टे चोकबाट ओखलढुंगा सेरना गाउँपालिका-६ का १९ वर्षीय निफुरी शेर्पालाई करिब ९ सय ५५ ग्राम सालकको खपटासहित शनिबार प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे।
फोन नं. [illegible]

**परामर्शदाता स्विकृत गर्ने आशयको सुचना।**

(प्रथम पटक प्रकाशित मिति [illegible])

[illegible]

| प्रस्ताव नं | कार्य विवरण | परामर्शदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
| --- | --- | --- | --- |
| [illegible] | नगर यातायात गुरुयोजना तयार गर्ने | [illegible] कन्सल्टेन्ट, [illegible] | [illegible] लाख रुपैया मात्र। |
| [illegible] | नगर पर्यटन गुरुयोजना तयार गर्ने | [illegible] कन्सल्टेन्ट प्रा.लि. | [illegible] लाख [illegible] हजार [illegible] रुपैया मात्र। |

## जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
प्रदेश नं. १, नेपाल

**२०७५/०७६ को जिल्ला निकासी शुल्क ठेक्का बन्दोवस्त सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सुचना**

दोस्रो पटक प्रकाशित मिति २०७५।०५।०४

[illegible] www.ddcmorang.gov.np [illegible]

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (मु.अ. कर सहित) | बोलपत्र दस्तुर | धरौटी रकम |
| --- | --- | --- | --- | --- | --- |
| १ | १/राजस्व २०७५/०७६ | कृषिजन्य/वनजन्य र अन्य वस्तुको जिल्ला निकासी कर असुली | [illegible] | [illegible] | नियमानुसार |

शर्तहरु:
१. [illegible]
२. [illegible]
३. [illegible] www.ddcmorang.gov.np मा हेर्न सकिने छ।

# भारतीय च्याउ बन्द गर्न माग

भक्तपुर, (नेस)

च्याउ उत्पादक किसान संघर्ष समितिले भारतबाट आयत हुने च्याउ बन्द गर्नुपर्ने भन्दै अन्दोलनमा उत्रिएको छ। रफत सञ्चार क्लबमा आयोजित पत्रकार सम्मेलमा च्याउ किसान उत्पादन संघर्ष समितिका संयोजक प्रेमनारायण अधिकारीले नेपाली च्याउ उत्पादनलाई प्रोत्साहन गर्नेभन्दा पनि भारतबाट च्याउ आयातलाई प्रोत्सान दिएर नेपाली उत्पादनलाई निरुत्साहित गरेकाले संर्घषमा उत्रनुपरेको बताउनुभयो।

उहाँले नेपाली च्याउ उत्पादनलाई प्रविधियुक्त बनाउन नसकेको र व्यावसायिकरुपमा ४० भन्दा बढी जिल्लामा च्याउ उत्पादनमा लागेका झन्डै ५० हजार नेपालीलाई सरकारले बेरोजगारतर्फ धकेल्न थालेको आरोप लगाउनुभयो। यस्तै अवस्था रहे नेपाली च्याउ उत्पादनमा लागेका किसान बारीमा नभएर रोजगारीका लागि खाडीमा जानुपर्ने बाध्यता आउने उहाँको भनाइ छ। सरकारसमक्ष च्याउ उत्पादन किसान संघर्ष समितिले राखेको १९ बुँदे मागपत्रलाई सरकारले सम्बोधन गर्दै नेपालमा उत्पादन हुने च्याउको संरक्षण र प्रवर्द्धनको भूमिका खेल्दै बजार व्यवस्थापनमा लाग्नुपर्नेमा जोड दिनुभयो। संघर्ष समितिका सदस्य सचिव शनिस लागेजुले नेपालमा उत्पादन हुने च्याउलाई भन्दा पनि भारतबाट वैध अवैधरुपमा भित्रने झन्डै १ लाख मेट्रिक टन च्याउको बजारलाई रोक्न नसक्दा नेपाली च्याउ बजार प्रभावित बनेको बताउनुभयो।

संघर्ष समितिले अन्दोलनको चरणलाई निरन्तरता दिँदै आइतबार कालिमाटी फलफूल तथा तरकारी बजारमा आफूहरुले उत्पादन गरेको वस्तु बिचौलियाबाट नभई आफैंले बिक्री गरेको थियो।

## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोग बल्भिने सम्भावना, थालेको काम अधुरो, व्यर्थमा खर्च।
**वृष** : जीवनसाथीसँगको सम्बन्ध प्रगाढ हुँदा लाभ, समस्या समाधान।
**मिथुन** : धन प्राप्ति, प्रतिस्पर्धीहरुमाथि विजय, पढाइमा सफलता।
**कर्कट** : कार्य सफल, लगानीको प्रतिफल प्राप्ति, इष्टमित्रबाट सहयोग।
**सिंह** : अपच, झाडापखालाको सम्भावना, दिनचर्या अस्तव्यस्त, तनाव।
**कन्या** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सम्मानित हुने सम्भावना।
**तुला** : धन प्राप्ति, बौद्धिक क्षमता वृद्धि, सुख-सन्तोषको अनुभूति।
**वृश्चिक** : खाद्यान्न-मिष्ठान्न भोजन, उपहारादि वस्तु पाइने सम्भावना।
**धनु** : खर्च, चोटपटकको सम्भावना, काममा बाधा-व्यवधान।
**मकर** : कसैबाट केही पाइने सम्भावना, इष्टमित्रबाट सहयोग, सन्तोष।
**कुम्भ** : आनन्दको महसुस, गरेका कामबाट सन्तुष्टि एवम् लाभ।
**मीन** : राज्यका तर्फबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि, बोलीको कदर।



# प्रदेश-३



१० जना बालबालिकामध्ये पनि ५ जना दलित समुदायका छन्। २ जना तामाङ, १ जना भुजेल र २ जना अन्य समुदायका बालबालिका छन्।

# पासाङल्हामु राजमार्ग अवरुद्ध

**शालिकराम चालिसे, नुवाकोट**

पासाङल्हामु राजमार्गको नुवाकोटको त्रिशूली-बेत्रावती खण्डको गेर्खुको पुलमा गेर्खु खोलाले सडक कटान गर्दा नुवाकोट र रसुवाको यातायात ठप्प भएको छ।

आइतबार बिहान खोलामा आएको बाढीले विदुर नगरपालिकाको वडा नं १ र विदुर नगरपालिका वडा नं १० जोड्ने पुलको दायाँबायाँ सडक कटान गरेकाले यातायात ठप्प भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी उपरीक्षक तथा प्रमुख वसन्त कुँवरले नेपाल समाचारपत्रलाई बताए।

सडक कटान भएकाले निर्माणका लागि गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक आयोजनाका ठेकेदारसँग सहकार्य गरी सडक सञ्चालनको प्रयास भएको छ। सडक कटानले ७ घर उच्च जोखिममा परेको विदुर नगरपालिका वडा नं १० का वडाअध्यक्ष गणेशकुमार नेपालले बताए। बाढीले लाखौं रुपियाँबराबरको क्षति गरेको छ। साथै धेरै मात्रामा खेत कटान गरेको वडाअध्यक्ष नेपालले जानकारी दिए।

बाढीले पुल बगाएसँगै अवलोकनका लागि विदुर नगरपालिकाका मेयर सञ्जु पण्डित, उपमेयर गीता दाहाल बाढीग्रस्त क्षेत्रमा जोखिममा परेका स्थानीयवासीको अवस्था बुझ्न पुगेका थिए। मेयर तथा उपमेयरले पीडितलाई तत्काल राहतको व्यवस्था गर्ने आश्वासन दिएका छन्।



यसैबीच बाढीले गए राति पुल भत्काएपछि गोसाइँकुण्ड जाने तीर्थयात्री प्रभावित भएका छन्। पासाङल्हामु राजमार्गमा पर्ने त्रिशूली-बेत्रावती खण्डको सिमुटारस्थित गेर्खुखोलाको पुल बाढीले भत्काएपछि तीर्थयात्री मारमा परेका हुन्। पुल बगाएपछि नुवाकोटको रसुवासँगको यातायात सम्पर्क अवरुद्ध भएको छ।

बाढीले पुलको रसुवापट्टिको सडक १० मिटर बगाएको छ। रसुवालाई काठमाडौंसँग जोड्ने सडक अवरुद्ध भएपछि तीर्थयात्री बाटोमै अलपत्र परेका छन्। अहिले गोसाइँकुण्डमा जनैपूर्णिमा मेला लागेको छ। मुलुकका विभिन्न ठाउँबाट तीर्थयात्री मेला भर्न यहाँ आएका छन्। सडक सञ्चालनमा ल्याउने तयारी भइरहेको प्रहरी उपरीक्षक कुँवरले जानकारी दिए। रसुवा जाने वैकल्पिक अन्य सडक त्रिशूली-तुप्चे-मनकामना-पैरेबेंसीसमेत पहिरोले बगाएपछि नुवाकोट र रसुवाको सम्पर्क टुटेको छ।

# तामाकोसी आयोजनाको अवरोध हट्यो

दोलखा, (नेस)

४ बुँदे सहमतिपछि माथिल्लो तामाकोसी आयोजनाको अवरोध हटेको छ। सिनो हाइड्रोले बिरामी बोक्न एम्बुलेन्स नदिएको विरोधमा स्थानीयले शनिबार बेलुका आयोजनाको हेडवक्सको काममा अवरोध गरेका थिए।

आँखामा चोट लागेका स्थानीय एकजनालाई स्वास्थ्य संस्थामा लैजान सिनो हाइड्रोसंग एम्बुलेन्स मागेको तर सिनोहाइड्रोले एम्बुलेन्स बिग्रिएको भन्दै नदिएको विरोधमा स्थानीयले काममा अवरोध गरेका थिए।

आइतबार बिगु गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष हिरण्य गुरुङ, जनपथ प्रहरीका निरीक्षक, सशस्त्र प्रहरीका डीएसपीलगायतको उपस्थितिमा भएको वार्तामा स्थानीयका लागि आयोजनाले खेल मैदान निर्माण गरिदिने, स्थानीय बिरामी भएको बेला एम्बुलेन्स उपलब्ध गराउने र एम्बुलेन्स नभएको अवस्थामा अन्य गाडी नै भए पनि उपलब्ध गराउनेलगायतका ४ बुँदे सहमति भएपछि अवरोध हटेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायव उपरीक्षक वासुदेव पाठकले बताए।

आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले पनि आपसी सहमतिपछि आयोजनाको काम निर्वाधरूपमा सञ्चालन भएको बताए।

# हेटौंडा बजार अब 'फुटपाथविहीन'

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडाको मुख्य बजार क्षेत्रमा अब फुटपाथविहीनताको अवस्था आउने देखिएको छ। हेटौंडाको राप्तिरोड क्षेत्रमा अब पैदल यात्रु हिँड्ने फुटपाथमा नै 'पार्किङ' गर्न पाइनेभएको हो।

हेटौंडा उपमहानगरपालिका र मकवानपुर उद्योग वाणिज्य संघको संयुक्त टोलीले हेटौंडा-१ तर्फ पैदल यात्रुका लागि बनाइएको फुटपाथमै पार्किङ गर्न पाइने गरी 'मार्किङ' गरेको छ।

राप्तिरोड क्षेत्रलाई 'नो पार्किङ' बनाइएपछि सडक क्षेत्रमा रहेको पार्किङलाई अब फुटपाथमा सार्न लागिएको हो। 'नो पार्किङ' मा मोटरसाइकल रोकेर सामान किनमेल गर्न नपाइने भएपछि उपमहानगर र मकवानपुर उद्योग वाणिज्य संघको संयक्त सहमतिमा राप्तिरोड क्षेत्रका फुटपाथका ३ स्थानमा पार्किङका लागि 'मार्किङ' गरेको मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव न्यौपानेले बताउनुभयो।

संघले यसअघि फुटपाथ क्षेत्रमा व्यवसायीको मोटरसाइकल रोक्न पाउने र 'नो पार्किङ' क्षेत्रमा किनमेल अवधिभर मोटरसाइकल रोक्न पाउने सहमति भएको भन्दै आन्दोलन फिर्ता लिएको थियो। तर, उपभोक्ताको मोटरसाइकल पेटीमा पार्किङ गर्न पाइने गरी 'मार्किङ' भइरहेको हो।



न्यौपानेका अनुसार फुटपाथ ११ फिट रहेको तर मोटरसाइकलले ५ फिटमात्र ओगट्ने भएका कारण उपभोक्ताको सहजताका लागि पार्किङको लागि तयारी गरिएको हो।

ग्राहकको समस्यालाई मध्यनजर गरेर उपयुक्त स्थान खोजी गरेपछि मात्र ग्राहकको मोटरसाइकल केहीबेर रोक्ने गरी सहमति गरिएको मेयर हरिबहादुर महतको भनाइ छ।

# जोखिम व्यवस्थापन तालिम सम्पन्न

हेटौंडा, (नेस)

स्थानीय तहका जनप्रतिनिधि र विपद् जोखिम व्यवस्थापनका सम्पर्क व्यक्तिसहित ६ जिल्लाका शिक्षासँग सम्बन्धित प्रतिनिधिका लागि विपद् जोखिम व्यवस्थापन र आकस्मिक योजनामा क्षमता विकाससम्बन्धी तालिम प्रदान गरिएको छ। हेटौंडामा सम्पन्न तालिममा सुनसरी, सिन्धुली, रौतहट, मकवानपुर, बर्दिया र जुम्लाका स्थानीय जनप्रतिनिधिसहित ४९ जनालाई सरकारी निकाय र विद्यालयले गर्नुपर्ने पूर्वतयारी र सबैखालका विपद्का बेलामा अपनाउनुपर्ने सावधानीलगायत विषयमा तालिम दिइएको हो।

तालिममा विपद् जोखिम व्यवस्थापन, जोखिम न्यूनीकरण, नगरपालिका र गाउँपालिका तहमा शैक्षिक क्षेत्रको आकस्मिक योजनाजस्ता विषयमा प्रशिक्षित गरिएको थियो। प्लान इन्टरनेसनल नेपालको आयोजनामा तालिम प्रदान गरिएको हो। कार्यक्रममा प्लान इन्टरनेसनल नेपालका राष्ट्रिय निर्देशक स्भेन कोपेन्सले तालिमबाट प्राप्त हुने सिकाइको कार्यान्वयनको महत्त्वबारे चर्चा गर्नुभएको थियो।

तालिममा सहभागी सिन्धुलीको मरिन गाउँपालिकाका वडाध्यक्ष चन्द्रनाथ गौतमले जनप्रतिनिधिका लागि यस प्रकारका तालिम उपयोगी भएकाले स्थानीय तहमा शैक्षिक क्षेत्रका योजनाका लागि कार्यान्वयन गर्न सकिने बताउनुभयो। ३ दिनको तालिममा साना, मझौला र ठूला विपद्का बेलामा बालबालिकाको शैक्षिक आवश्यकता सम्बोधनबारे समेत सहभागीलाई प्रशिक्षित गरिएको थियो।

# शिक्षकको काज सरुवा खारेज

काभ्रे, (नेस)

तत्कालीन शिक्षा अधिकारी डा. दीपेन्द्र गुरुङले गैरकानुनीरूपमा काज सरुवा गरिएका शिक्षकको दरबन्दी पुरानै स्थानमा हुने बताउनुभएको छ। शिक्षकको काज सरुवा खारेज भएको जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसीले बताउनुभयो।

आइतबार जिल्लामा रहेका १३ वटै स्थानीय सरकारका प्रमुखको उपस्थितिमा शिक्षा समन्वय एकाइ काभ्रेपलाञ्चोकले आयोजना गरेको बैठकमा समन्वय समितिका प्रमुख केसीले कानुनबिना गरिएका सबै खालका काज सरुवा खारेज गरेको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख हुनुहुन्छ। साउन २० गते उक्त समितिको बैठकले खारेज गर्ने निर्णय कार्यान्वयनका लागि स्थानीय सरकारका प्रमुखको बैठक आयोजना गरिएको प्रमुख केसीले बताउनुभयो।

# १० जना विद्यार्थीलाई करोडको भवन बन्दै

**मोतीराम तिमल्सिना, काभ्रे**

बालविकास केन्द्रमा अध्ययन गर्ने १० जना बालबालिकाका लागि करोडको भवन बन्दै छ। तर भवनअनुसारको शिक्षा र बालबालिका नभएका कारण सामुदायिक विद्यालयप्रतिको आकर्षण घट्दै गएको छ।

१ वर्षअघि शुरू भएको भवनले आकार ग्रहण गरे पनि कार्य सम्पन्न नहुँदा अलपत्र अवस्थामा छ। वर्षात्मा सामग्री ढुवानीलगायतको समस्याका कारण विद्यालयले पूर्ण आकार ग्रहण गर्न नसकेको हो। करोडौंको भवन निर्माणाधीन छ। करोड रुपियाँमा इको हिमाल नेपालले मण्डन नगरपालिका-१० चण्डेनीको हल्देमा हिमज्योती प्राविको भवन निर्माण गरिरहेको छ। कक्षा ३ सम्म रहेको विद्यालयमा अहिले १० जना बालबालिका भर्ना भएका छन्। नगरपालिकाले विद्यार्थी नभएका विद्यालयमा कार्यरत शिक्षकलाई अन्यत्र खटाएको छ।

शिक्षकको आन्तरिक दरबन्दी मिलान कार्यमा मण्डन नगरपालिकाले हिमज्योती विद्यालयका प्रधानाध्यापक जमान सिंह तामाङ र शिक्षिका अनिता नेपाललाई अन्यत्र सरुवा गरिसकेको छ। चालू शैक्षिक सत्रदेखि कार्य गर्ने गरी शिक्षक सरुवा भएपछि बालविकास केन्द्रमा कार्यरत सहजकर्ता र सहयोगी गरी २ जनाले विद्यालयको रेखदेख गरिरहेका छन्। सोविता नेपाल र सन्ध्या नेपालले १० बालबालिकालाई विद्यालयको एउटै कक्षा कोठाभित्र राखेर अध्यापन गराइरहेका छन्।



२ वर्षदेखि ५ वर्षमुनिका बालबालिकालाई बालविकास केन्द्रमा राख्ने नियमअनुसार १० जना बालबालिका भर्ना भएका हुन्। नगरपालिकाले उक्त विद्यालयलाई ईसीडीको मान्यता दिएको छ। १० जना बालबालिकामध्ये पनि ५ जना दलित समुदायका छन्। २ जना तामाङ, १ जना भुजेल र २ जना अन्य समुदायका बालबालिका छन्। २०५३ सालमा स्थापना भएको विद्यालयमा व्यवस्थापन समितिका अध्यक्ष नवराज नेपाल छन्। पठनपाठन राम्रो नभएको, जनसंख्या घट्दै गएको र शिक्षकको लापरबाहीका कारण विद्यार्थी विद्यालयमा नआउने गरेको स्थानीय अभिभावकले बताए। नजिकै रहेको कालिका आधारभूत विद्यालयमा विद्यार्थी धेरै छन्। विद्यालय मर्ज गर्ने अभियान भए पनि करोडौंको निर्माणाधीन भवन झनै अलपत्र पर्ने अवस्थामा छ।

ग्रामीण र शहरी क्षेत्रमा भवन राम्रा निर्माण हुने तर विद्यार्थी संख्या घट्दै जान थालेको पाइएको छ। सरकारी लगानी सदुपयोगभन्दा दुरुपयोग भइरहेकोमध्ये हिमज्योती प्रावि एउटा उदाहरणमात्रै हो।

# मन्दिरको पुनर्निर्माण छिटो गर्न माग

नुवाकोट, (नेस)

नुवाकोटको गौरवको रूपमा परिचित ऐतिहासिक धरोहर सातलले दरबार र दरबार आसपासका मन्दिरको पुनर्निर्माण शुरू गर्न माग सरोकारवालाले गरेका छन्।

भूकम्प गएको ४० महिना बितिसक्दा पनि पुरातात्त्विक, धार्मिक तथा ऐतिहासिक सम्पदाको पुनर्निर्माण हुन नसक्दा सरोकारवालाले चिन्ता व्यक्त गरेका हुन्। भूकम्पबाट ध्वस्त भएको सातलले दरबार, भैरवी मन्दिर, तलेजु भवानीको मन्दिरलगायतका धार्मिक सम्पदाको पुनर्निर्माण कार्यका लागि शुरूमा भारतले चासो देखाए पनि अहिले चिनियाँ प्राविधिकले सर्वेक्षण गरी पुनर्निर्माण गरिदिने सम्झौता भएको छ।

तर, चीनले कहिलेबाट, कति लागतमा र कहिलेसम्म दरबार तथा मन्दिरको निर्माण गरिसक्ने यकिन योजना सार्वजनिक नगर्दा सरोकारवाला निकाय अन्योलमा परेका छन्। अविरल वर्षासँगै जीर्ण बनेको सातलले दरबार र भैरवी मन्दिरमाथिबाट लगातार ढुंगा खस्ने हुँदा दरबार र मन्दिर आसपासका धेरै घर जोखिममा परेको सर्वसाधारणको भनाइ छ।

# खाल्डाखुल्डीले बसपार्कको विजोग

**नेपाल समाचारपत्र**

चितवन

भरतपुर महानगरको मुटु मानिएको केन्द्रीय बस टर्मिनलभित्रको पिच भत्किएर नाजुक बनेको छ। सडक भत्किएको लामो समय हुँदा पनि स्थानीय प्रशासनले मर्मतमा चासो दिएको छैन। पिच भत्किएर खाल्डाखुल्डी पर्दा बसपार्क वरिपरी दुर्घटनाको जोखिम बढ्दै गएको स्थानीयले गुनासो गरेका छन्। खाल्डोमा वर्षात्को पानी जम्दा र हिउँदमा धूलो उड्दा यात्रुले आवतजावतमा सास्ती पाइरहेका छन्। खाल्डाखुल्डीले नेपालकै नमुना बसपार्क भनिएको केन्द्रीय बस टर्मिनलको सुन्दरता नै हराएको छ।

भरतपुर महानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष यमलाल कँडेलले आफू पनि त्यही बाटो हरेक दिन ओहोरदोहोर गर्दा निकै सास्ती पाएको बताए। उनले शहरी विकास मन्त्रालयले गरेको ढिलाइका कारणले सडक मर्मत हुन नसकेको जानकारी दिए। उनले भने- 'टेन्डर प्रक्रिया अघि बढिसकेको छ, अब यही कात्तिक, मसिंरबाट मर्मत शुरू हुन्छ।' वडाध्यक्ष कँडेलले महानगरमा जनप्रतिनिधि आउनुभन्दा पनि अगाडिदेखि सडक भत्किएको बताए।

यस्तै भरतपुर महानगरपालिकाका इन्जिनियर कृष्णबहादुर मल्लले महानगरले सडक टाल्दा धेरै पैसा खर्च हुने भएकाले मर्मतलाई नै पर्खिएको बताए। उनले भने- 'टेन्डरको काम सकिएकाले अब शहरी विकासले छिट्टै काम शुरू गर्छ।' उनले फेरि पनि मर्मतको काम ढिला भएमा महानगर आफैंले मर्मत गर्ने दाबी गरे। बसपार्कभित्र र बाहिरको सडकमा दैनिक ओहोरदोहोर गर्ने यातायात व्यवसायीले भने स्थानीय प्रशासनको लापरबाहीले गर्दा सडक भत्किएको १ वर्ष भइसक्दा पनि बेवास्ता गरिएको टिप्पणी गरे।



सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरीपाटी, भक्तपुर

चाँगुनारायण नगरपालिकाको तोकिएको क्षेत्रमा विज्ञापन कर असुली सम्बन्धि सार्वजनिक सूचना ।

आय ठेक्का नं. ३।०७५।७६
प्रथम पटक प्रकाशित मिति : २०७५।०५।०४

यस चाँगुनारायण न.पा.को नगर कार्यपालिकाको निर्णयानुसार आ.व. २०७५।७६ का लागि यस नगरपालिकाको वडा नं. १, २, ३, ४ र ५ क्षेत्रभित्र विभिन्न व्यवसायको प्रचार प्रसार विज्ञापनका लागि नगरपालिकाको स्विकृत लिई सार्वजनिक स्थानमा घर, टहरा माथी राखिएका होडिङ्गबोर्ड प्रचार प्रसार सामाग्रिहरुको विज्ञापन कर असुली गर्न इच्छुक फर्म, कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र रित पूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। उक्त ठेक्काको न्यूनतम अंक रु १,००,०००।- (अक्षेरुपी रु एक लाख मात्र) (मू.अ. कर र सेवा शुल्क बाहेक) कायम गरिएको छ। सिलबन्दी दरभाउपत्र सम्बन्धि सम्पूर्ण जानकारी र शर्तहरु दरभाउपत्र सम्बन्धी कागजात र यस नगरपालिकाबाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

> उनले विदेशमा रोजगारी गर्न, अध्ययनका लागि र भ्रमण गर्न भन्दै राहदानी लिने क्रम बढेको बताउँदै विशेष गरी युवा पलायनलाई स्वरोजगार सिर्जना गरेर जिल्लामा बस्ने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

# नेपाल

## क्यान्टिन चलाउनेले फसायो सैनिक अधिकृत

कृष्णउदास खनाल, वीरगन्ज



राजस्व छली गरी भित्र्याइएको सामानसहित २ व्यक्ति र एउटा भारतीय स्कार्पीयो आवश्यक कारबाहीका लागि साउन १३ गते जिल्ला प्रहरी कार्यालय पर्साले वीरगन्ज भन्सार कार्यालय चलान गऱ्यो। प्रहरीले भारतीय जेएच ०९ जे ३१११ नम्बरको गाडीसहित वीरगन्ज महानगर-८ दुर्गाटोलका गौतम चौरसिया र भारत विहारको मोतीहारीका रामरोशन कुमारलाई नियन्त्रणमा लिएको थियो। प्रहरीले विशेष सूचनाका आधारमा १२ गते शनिबार बेलुका वीरगन्ज महानगरको वडा नं ८ दुर्गाटोलबाट भारतीय गाडी नियन्त्रणमा लिएको थियो।

गाडीमा ३ लाख मूल्य बराबरको ४ बोरा सिलप्याक रजनीगन्धा र ४ लाख मूल्य बराबरको मोटरसाइकलका पार्टपूर्जा रहेको पर्साका प्रहरी उपरीक्षक रेवती ढकालले बताए। प्रहरीले गाडीबाट रजनीगन्धाको बट्टा ८० थान, रजनीगन्धा सानो पुरिया ६ हजार ४ सय ८० पिस, रजनीगन्धा ठूलो पुरिया ५ सय पिस, तुलसी मसला १ सय ९० पिस र बाबा मसाला ९१६००- ८० पिस बरामद गरेको जनाएको छ।

वीरगन्ज भन्सार कार्यालयभन्दा अगाडि इलाका प्रहरी कार्यालय रहेको छ। भन्सार कट्नेबित्तिकै पनि प्रहरीको चेक प्वाइन्ट छ। दुर्गाटोल आइपुग्दासम्म प्रहरीको अरु पनि युनिट पार गर्नुपर्छ। यतिका युनिटको पकडमा नआएको स्कार्पियो आफ्नो गन्तव्यमा पुग्नै लाग्दा प्रहरीले नियन्त्रणमा लियो। गौतम चौरसिया २५ लाख धरौटीमा छुटेका छन्।

प्रहरीलाई नियन्त्रणमा लिनुभन्दा पहिले उक्त गाडीमा नेपाली सेनाको २८ नम्बर बाहिनीअन्तर्गतको चण्डीप्रसाद गणका २ जना सैनिक अधिकृत पनि बसेका थिए। गौतम चौरसिया सोही गणभित्र क्यान्टिन सञ्चालन गर्ने व्यक्ति हुन्। चण्डीप्रसाद गणका २ जना मेजर गौतम चौरसियाकै गाडीमा रक्सौल घुम्न गएका थिए। उनीहरू सन्नी चौरसियाको घरमा खाना खाएर फर्किएका थिए। फर्किने क्रममा नेपाली सेनाका दुवैजना मेजर चौरसियाको स्कार्पियोमा रहेका थिए। उक्त दिन गणपति कर्णेल सृजनबहादुर मल्ल विदामा गएको र इन्चार्ज राजु कार्की ब्यारेकमा रहेका थिए। उक्त अवैध गुट्खा भन्सार छली नेपाल भित्र्याउनका लागि गौतमले शक्तिको दुरुपयोग गरेको देखिएको छ। तर गणपति सृजनबहादुर मल्लले भने दुवै जनालाई बचाउ गरेका छन्।

कर्णेल सृजनबहादुर मल्लले गौतको गाडीमा आफ्ना अधिकृत नभएको बताए। गैतमको गाडीमा सैनिक भएको कुरा गलत भएको उनको दाबी छ र गौतमले पनि आफ्नो गाडीमा आफू र चालकभन्दा बाहेक कोही नभएको बताए। तर गाडीमा सेनाका मेजर राधाकृष्ण खड्का र अनिलहरि पान्डे रहेका थिए। उनीहरूलाई हाल तालिममा पठाइएको र सेनाले आन्तरिक छानबिन गरिरहेको बताइएको छ। उनीहरूले भने आफूलाई गौतम चौरसियाले प्रयोग गरेको बताउने गरेको पाइएको छ। सोझा ती मेयरहरूलाई गौतमले ढाल बनाएर अवैधरुपमा सामान नेपाल भित्र्याउन खोजेको बुझिएको छ।

## फरार अभियुक्त पक्राउ

गुल्मी, (नेस)

जिल्ला प्रहरी कार्यालय गुल्मीले फरार अभियुक्त पक्राउ गर्ने अभियानलाई तीव्रता दिएको छ। प्रहरीले ठगी मुद्दामा गुल्मी १ जना अभियुक्तलाई पक्राउ गरेको छ।

काठमाडौंमा ठगी मुद्दामा फरार जिल्लाको रेसुंगा नगरपालिका वडा नम्बर १० सिमीचौर निवासी ३८ वर्षका घनश्याम अर्याललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब निरीक्षक शिवबहादुर खत्रीले जानकारी दिए। अर्यालललाई काठमाडौं जिल्ला अदालतले २०७४ साल फागुन २१ गतेको फैसलाले २ वर्ष कैद ७४ लाख ५० हजार जरिवाना तोकेको थियो।

प्रहरीले अर्याललाई उनकै घरबाट पक्राउ गरी आवश्यक कारबाहीका लागि महानगरी प्रहरी परिसर काठमाडौंमा पठाएको जिल्ला प्रहरी कार्यालय गुल्मी प्रहरी प्रमुख उपरीक्षक दीपककुमार बस्नेतले बताए। प्रहरीले अदालतबाट फरार घोषित अभियुक्तलाई पक्राउ गर्ने अभियानस्वरुप पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## सेतीको बाढीमा दाउरा बटुल्दै स्थानीय



विमल विष्ट, डोटी

डोटीको सेती नदी आसपासका स्थानीय बासिन्दा ज्यान नै जोखिममा राखेर बाढी आएपछि सेती नदीमा पस्ने गर्छन्। नदीमा बाढी बढेसँगै काठहरू बगाएर ल्याउन थालेपछि सेती नदीको आसपासका स्थानीयबासी ज्यान जोखिम राखेर दाउरा संकलन गर्न नदीमा पस्ने गरेका हुन्।

डोटीको बानी डुग्रीसैन, गोपघाट, कालागाढ, दिपायल तथा नारीदाङका स्थानीय हिजोआज दिनहुँ सेती नदीमा दाउरा बटुल्न थालेका छन्। वर्षेनी सेती नदीले वर्षायाममा साना-ठूला काठ बगाएर ल्याउने गरेका कारण सेती आसपासका स्थानीयबासी दाउरा संकलनका लागि ज्यानलाई नै जोखिममा राखेर नदीमा पस्ने गरेको शिखर नगरपालिका-१ कालागाढका स्थानीय लक्षी बिकले बताउनुभयो।

सेती नदीमा दाउरा निकाल्दा वर्षेनी १/२ जना मर्ने गरेको भए पनि स्थानीयबासीले दाउरा निकाल्न छाडेका छैनन्। वर्षा सिजनमा सेतीबाट निकालेका दाउराले वर्षभर खाना पकाउन तथा हिँउदको समयमा मुढा ताप्न र पानी तताउनलाई काम लाग्ने गरेको स्थानीय बासिन्दा बताउँछन्।

दिपायल बजारमा दाउरा एकदमै महँगो भएकाले साथै सेती आसपासका क्षेत्रमा जंगल कम भएका कारण यस क्षेत्रमा दाउराको समस्या हुने गर्दछ। बालक र वृद्धबाहेक घरका सबै सदस्य दाउरा निकाल्न जाने गर्दछन्। सेती नदीको किनारा वारिपारि दाउरा निकाल्नेको भीड लाग्ने गरेको भए पनि स्थानीय सरकार, प्रशासनले सुरक्षाका लागि कुनै पनि कार्य नगरेको स्थानीयको आरोप छ।

## ■ संक्षेप समाचार ■

### वडावडामा फ्रि वाइफाई

बैतडी, (नेस)

बैतडीको दोगडाकेदार गाउँपालिकाका हरेक वडा कार्यालयमा ई-हाजिरी र इन्टरनेट जडान गरिने भएको छ। गाउँपालिकाभित्र रहेका ८ वटै वडा कार्यालयमा ई-हाजिरी र इन्टरनेट जडान गर्ने कार्य चालू आर्थिक वर्षभित्रै सकिने दोगडाकेदार गाउँपालिका अध्यक्ष चक्र कार्कीले जानकारी दिए। हरेक वडा कार्यालयका लागि प्रशासनिक खर्चबापत छुट्याइएको ५ लाख बजेटबाटै ई-हाजिरी र इन्टरनेट जडान गर्न निर्देशन दिएको उनले बताए।

### सुरक्षा गार्डको हत्या

विराटनगर, (नेस)

विराटनगरमा एक सुरक्षा गार्डको हत्या भएको छ। विराट नर्सिङ होमनजिकै रहेको न्यू बिक्की हार्डवेयरमा काम गर्ने गार्डको हत्या भएको हो। आइतबार बिहान ५० वर्षीय टंक भट्टराईको शव आँखा निकालिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। उनको सुत्ने कोठाको खाटमुनि शव देखेपछि कामदारले प्रहरीलाई खबर गरेका थिए। उनको शव सिरानीले मुख थुनेको अवस्थामा फेला परेको थियो।

### खोलामा बगेर ज्यान गयो

डोटी, (नेस)

डोटीको जोरायल गाउँपालिका-५ चौकीस्थित गड्सेरी गाड तर्ने क्रममा बगेर १ जनाको ज्यान गएको छ। जिल्ला प्रहरी कार्यालय डोटीले दिएको जानकारीअनुसार खोला तर्दा बगेर ज्यान गुमाउनेमा जोरायल गाउँपालिका-५ खतेडाका ५५ वर्षीय मानबहादुर आउजी (मार्हजन) रहेका छन्। जोरायल गाउँपालिकाको कार्यालयबाट आफ्नो घर खतेडा जाने क्रममा खोला तर्दा बगेर उहाँको ज्यान गएको हो।

### ११ दिनदेखि किशोर बेपत्ता

खोटाङ, (नेस)

उपचारका लागि काठमाडौं लगिएको खोटाङका १६ वर्षीय किशोर ११ दिनदेखि हराइरहेका छन्। सामान्य मानसिक समस्याको बिरामी रहेकाले उपचारका लागि काठमाडौं पुऱ्याइएका साकेला गाउँपालिका-१ बाँझेच्यान डाँडाका शिवराम गुरुङ पुरानो बानेश्वर नजिकैबाट हराइरहेका हुन्। अन्दाजी ४ दशमलव ५ फिट उचाइ भएको सेतो भेस्ट र कालो ट्र्याक लगाएका गुरुङ पुरानो बानेश्वरमा पर्ने भीमसेनगोलाबाट हराएको परिवारले जनाएको छ। हराएकै दिनदेखि खोजी कार्य तीव्र बनाए पनि नभेटिएपछि परिवार तनावमा रहेका छन्। विभिन्न ठाउँमा खोजी गर्दासमेत फेला नपरेपछि परिवारले गौशाला प्रहरी प्रभागमा निवेदन दिए पनि हालसम्म नभेटिएको उनका दाजु बलराम गुरुङले जानकारी दिनुभयो।

## महाकाली राजमार्ग सुचारु



नेपाल समाचारपत्र

बैतडी

शनिबार बिहानदेखि अवरुद्ध भएको महाकाली राजमार्ग पुनः सञ्चालनमा आएको छ। लगातारको वर्षाले बैतडीको गोकुलेश्वर-दार्चुला सडकखण्डअन्तर्गत महाकाली नगरपालिका-७ काकडा खोलाले सडक कटान गर्दा तथा खोलामा पानीको सतह बढी हुँदा शुक्रबार बिहानबाट राजमार्ग अवरुद्ध भएको थियो।

अवरुद्ध राजमार्ग जेसीबी तथा नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनाको सहयोगमा आइतबार मध्यान्हदेखि सुचारु भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रवक्ता प्रहरी निरीक्षक हिक्मत बोहराले जानकारी दिए। लामो प्रयासपछि राजमार्ग सुचारु भएको छ उनले भने- 'अस्थाईरुपमा सडक सुचारु भए पनि वर्षा हुँदा पुनः राजमार्ग अवरुद्ध हुने सम्भावना छ।' काकडा खोलामा पुल नहुँदा समस्या निम्त्याएको प्रहरीले जनाएको छ।

राजमार्ग सुचारु भएपछि जिल्ला भित्रिने तथा बाहिरिने छोटो तथा लामो दूरीका सवारी साधन सञ्चालनमा आएका छन्। सवारी साधन सञ्चालनमा आएपछि यात्रु आ-आफ्नो गन्तव्यतर्फ लागेका छन्। यसअघि पनि मालिकार्जुन गाउँपालिका-३ तेर्छेलेकमा पहिरो खस्दा सोमबारदेखि अवरुद्ध रहेको उक्त राजमार्ग बुधबारबाट सञ्चालनमा आएको थियो।

## राहदानी लिनेमा महिला धेरै

प्रताप बानियाँ, म्याग्दी

पछिल्लो समय उच्च पहाडी जिल्ला म्याग्दीमा राहदानी लिनेमा पुरुषभन्दा महिला धेरै देखिएका छन्। गत आर्थिक वर्ष २०७४/७५ मा जिल्ला प्रशासन कार्यालयको तथ्यांकअनुसार पुरुषको तुलनामा महिलाको संख्या बढ्न गएको हो।

गतवर्ष राहदानी लिनेमा महिला १ हजार ३ सय ४९ र पुरुष १ हजार २ सय ३६ जना रहेको जिल्ला प्रशासन कार्यालय म्याग्दीले जनाएको छ। गएको वर्षमा सामान्यतर्फ २ हजार ६ सय ६७ र द्रूत सेवातर्फ १ हजार ४ सय ८६ वटा राहदानी सिफारिस गरिएको थियो। यसै गरी गतवर्ष नै २ हजार ३१ वटा राहदानी वितरण गरिएको म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी लिलादेवी अर्यालले बताइन्।

सामान्य राहदानीका लागि प्रति राहदानीबापत ५ हजार रुपियाँ राजश्व जिल्ला प्रशासन कार्यालयमा तिर्नुपर्ने हुन्छ भने द्रूत सेवाको राहदानी परराष्ट्र मन्त्रालयले जारी गर्ने हुँदा त्यसको राजश्व सोही मन्त्रालयमा प्रति राहदानी १० हजार रुपियाँका दरले तिर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै पहिलो दिनमा राहदानी लिएमा १५ हजार, दोस्रो दिनमा १२ हजार र तेस्रो दिनदेखि माथिको अवधिमा राहदानी लिन चाहेमा १० हजार रुपियाँ राजश्व बुझाउनुपर्छ।

चालू आर्थिक वर्षदेखि भने जिल्ला प्रशासन कार्यालय म्याग्दीले सर्वसाधारणको सुविधाका लागि २० दिनमै जिल्लामा राहदानी लिन पाउने व्यवस्था गरेको छ। प्रशासनमा राहदानी बनाउनेमा अधिकांश महिला विदेशमा अध्ययन गर्न, रोजगारीका लागि र आफन्तकामा जाने भनेर आउने गरेको सहायक प्रजिअ अर्यालले बताएकी छिन्। राहदानी लिनेमध्ये महिलाहरूले अस्ट्रेलिया र पोर्चुगल जाने बताउने गरेको उनको भनाइ छ।



म्याग्दीका प्रमुख जिल्ला अधिकारी लीलाधर अधिकारीले राहदानी लिनेको संख्या बढी देखिएको बताए। उनले विदेशमा रोजगारी गर्न, अध्ययनका लागि र भ्रमण गर्न भन्दै राहदानी लिने क्रम बढेको बताउँदै विशेष गरी युवा पलायनलाई स्वरोजगार सिर्जना गरेर जिल्लामा बस्ने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

त्यसै गरी गएको वर्षमा जिल्ला प्रशासन कार्यालबाट कुल ५ हजार ३ सय २० वटा नागरिकता प्रदान गरिएको छ। वंशजका आधारमा ४ हजार ७ सय ५९, वैवाहिक अंगिकृत ३ र घुम्ती शिविरबाट ५ सय ५८ वटा नागरिकता वितरण गरिएकामा तीमध्ये १ हजार ७ सय ९६ वेटा नागरिकताको प्रतिलिपि उपलब्ध गराइएको छ। गतवर्ष संस्था दर्ता ३३, नवीकरण १ सय ६२, नाबालक परिचयपत्र जारी २ सय २८, विवाह दर्ता १३, हातहतियार नवीकरण १३, नामसारी १, विविध सिफारिस ४ सय ६० र पेन्सन सिफारिस १ हजार १ सय ९० वटा भएको प्रशासन तथा मुद्दा शाखाले जानकारी दिएको छ।

## तीन महिला हत्याको घटना रहस्यमय बन्दै

रामधन राई, खोटाङ

खोटाङमा ३ महिलाको शृंखलाबद्ध हत्या भएको लामो समय बित्दासमेत हत्यामा संलग्न दोषी पत्ता नलाग्नुले घटना रहस्यामय बनेको छ। २०७३ साल माघ २६ गते बुधबार वीभत्स अवस्थामा मृत फेला परेकी खोटेहाङ गाउँपालिका-९ लिच्कीराम्चेकी १७ वर्षीय रीता तामाङ र त्यसपछि क्रमशः भएको २ महिलाको हत्यामा संलग्न दोषी अझै पत्ता लाग्न नसक्दा घटना रहस्यमय बनेको हो।

किशोरी तामाङको हत्याबारे अनुसन्धान गर्दागर्दै २०७४ साल जेठ १६ गते हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानकी ५७ वर्षीय ज्ञानीमाया विश्वकर्मा र २०७४ साल साउन ४ गते जन्तेढुंगा गाउँपालिका-६ दिप्लुङकी ३७ वर्षीय देवी बिकको हत्या भएको थियो।

हत्याको विषयमा अनुसन्धान जारी रहेको प्रहरीले जनाए पनि तीनै जनाको हत्यामा संलग्न दोषीलाई अहिलेसम्म प्रहरीले पत्ता लगाउन सकेको छैन।

जिल्ला प्रहरी कार्यालय खोटाङका तत्कालीन डिएसपी नवीनकिशोर प्रधान हुँदै डिएसपी लोकदर्शन थापाको सरुवा हुँदासम्म महिलाको हत्यामा संलग्न दोषीको पहिचान हुन नसकेको पीडितको गुनासो छ। घटना घटेको लामो समय बित्दासमेत घटनाको कारण र संलग्न दोषी पत्ता नलाग्दा पीडित परिवार थप पिडित बनेका छन्।

यसैबीच नेकपा खोटाङका नेताले ३ महिलाको हत्यामा संलग्न दोषी पत्ता लगाएर कारबाही गर्न गृहमन्त्रीसमक्ष माग गरेका छन्। नेकपा (माओवादी केन्द्र) का नेता देवान किराँती नेतृत्वको टोलीले गृहमन्त्री रामबहादुर थापालाई भेट गरी ३ महिलाको हत्यारालाई पत्ता लगाएर कानुनी कारबाहीका लागि हालै ध्यानाकर्षण गराएका हुन्।

भेटमा गृहमन्त्री थापाले महिलाको हत्याका विषयमा सत्यतथ्य पत्ता लगाएर कारबाहीका लागि प्रतिबद्धता जनाउनुभएको नेता किराँतीले जनाउनुभयो। वीभत्स हत्याको घटना भएको लामो समयसम्म दोषी पत्ता नलाग्दा झनै त्रास बढेको स्थानीय बताउँछन्।

## आठबीसकोटका सात वडा बाढीको जोखिममा

धनवीर दाहाल, रुकुम

अविरल वर्षाका कारण गिँजागाड खोलामा बाढी आएपछि रुकुम पश्चिमको आठबीसकोट नगरपालिका कार्यालय तथा राडी बजारसमेत जोखिममा परेको छ। लगातारको वर्षापछि आएको बाढीले नगरपालिका कार्यालय वरपरका घरमा क्षति पुऱ्याएको छ।

बाढी नगरपालिकाको आँगनसम्म पुगेपछि कार्यालयभित्रका सरसामान अन्यत्र सारिएको छ। लगातारको वर्षाले गिँजागाड खोलामा आएको बाढीका कारण कुनै पनि बेला कार्यालयमा क्षति हुन सक्ने भएकाले सामानहरू सारिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले बताउनुभयो। उहाँका अनुसार कार्यालयमा रहेको महत्त्वपूर्ण कागजात, इलेक्ट्रोनिक सामग्रीहरू अन्यत्रै सारिएको छ।

बाढीले सभा कक्ष, कार्यालय भवन, बन्दै गरेको अर्को भवन पनि बाढीको उच्च जोखिममा परेको छ। यसै गरी आठबीसकोट नगरपालिकाको वडा नम्बर ६, ७, ८, ९, १०, ११ र १२ वडाका मुख्य बस्तीहरू उच्च जोखिममा परेका छन्। गिँजागाड खोला, खारखारा ठूली भेरी नदीआसपासमा अझै खतरा रहेकाले ढुक्कसँग बस्ने अवस्था नभएको स्थानीयले गुनासो गरेका छन्।

# विश्व

**गर्भवती**
अमेरिकाको एरिजोना राज्यको मेसा शहरस्थित एउटा अस्पतालका १६ जना नर्स एकैपटक गर्भवती भएको संयोग चर्चाको विषय बनेको छ।



**भूकम्प**
इन्डोनेसियाको लोम्वोक टापुमा आइतबार पुनः ६ दशमलब ३ रिक्टर स्केलको भूकम्प गएको छ।



2018, AUG Monday 20

विश्व २ मिनेट

**इन्डोनेसिया**

## पुनः भूकम्प

जकार्ता, (एजेन्सी)

इन्डोनेसियाको लोम्वोक टापुमा आइतबार पुनः ६ दशमलव ३ रिक्टर स्केलको भूकम्प गएको छ। केही साताअघि मात्र त्यहाँ आएको शक्तिशाली भूकम्पका कारण ४ सय ७६ जनाभन्दा बढीको ज्यान गएको थियो। जमिनको सतहदेखि ७ दशमलव ९ किलोमिटर गहिराइमा केन्द्रविन्दु बनाई गएको पछिल्ला भूकम्पका कारण पहिरोसमेत गएको सरकारी अधिकारीहरुले बताएका छन्। तर, यसबाट के-कति धन-जनको क्षति भयो भन्ने खबर प्राप्त भइसकेको छैन। गत ५ अगस्टमा ६ दशमलव ९ रिक्टर स्केलको भूकम्प गएको थियो।

**अमेरिका**

## समूह नै गर्भवती

मेसा, (एजेन्सी)

अमेरिकाको एरिजोना राज्यको मेसा शहरस्थित एउटा अस्पतालका १६ जना नर्स एकैपटक गर्भवती भएको संयोग चर्चाको विषय बनेको छ। सो अस्पतालको सघन उपचार कक्षमा कार्यरत कुल नर्सको संख्याको १० प्रतिशत यसरी गर्भवती भएका हुन्। यसबारे आयोजित पत्रकार सम्मेलनमा ख्यालठट्टा गर्दै तिनीहरुले भनेका छन्- 'पानीमै केही त्यस्तो विशेष कुरा हुनुपर्छ वा क्रिसमसको बिदा संयुक्तरूपमा मनाउने यो योजना पनि हुन सक्छ।' ती नर्सहरुमध्येबाट पहिलो सेप्टेम्बरमा र ढिलोमा जनवरीमा बच्चा जन्मिने अनुमान गरिएको छ।

**अमेरिका**

## कमान्डर प्रतिबन्धित

वासिङ्टन, (एजेन्सी)

अमेरिकी अर्थ मन्त्रालयले मानव अधिकार उलंघन गरेको आरोपमा म्यानमारका ४ कमान्डर र दुई सैन्य इकाइमाथि प्रतिबन्ध लगाएको छ। प्रतिबन्धित गरिएका कमान्डर म्यानमार सैन्य तथा सीमा सुरक्षा प्रहरीका सदस्य भएको समाचार एजेन्सी सिन्हवाले जनाएको छ। त्यसै गरी ३३औं 'लाइट इन्फेन्ट्री डिभिजन' र ९९औं एलआईडीसँगै ती कमान्डरलाई रखाइन प्रान्तमा जनजाति समूह सफाया गर्ने अभियानमा संलग्न रहेको आरोप लगाइएको छ। उनीहरुमाथि कचिन र सान प्रान्तमा व्यापकरूपमा मानव अधिकारको दुरूपयोग तथा उलंघन गरेकोमा दण्डित गरिएको बताइएको छ।

**बेलायत**

## दाउदका सहयोगी पक्राउ

लन्डन, (एजेन्सी)

अन्डरवर्ल्ड डन दाउद इब्राहिमको एक निकट सहयोगी जबिर मोतीलाई लन्डनमा हिरासतमा लिइएको छ। जबिरलाई बेलायतको सुरक्षा एजेन्सीहरुले हिरासतमा लिएको आइतबार सञ्चारमाध्यमले जनाएका छन्। भारतले जबिर मोतीको गिरफ्तारीका लागि माग राख्दै आएको थियो। मोती पाकिस्तानी नागरिक हुन् र उनी डी-कम्पनीका आर्थिक मामिलाका इन्चार्ज हुन्। उनलाई लन्डनो हिल्टन होटलबाट गिरफ्तार गरिएको हो। बेलायतमा बस्दै आइरहेका दाउदकी पत्नी महजबिन, छोरी महरिन र ज्वाइँ जुनैदसँगको आर्थिक लेनदेनको जाँचका क्रममा जबिरलाई पक्राउ गरिएको हो।

# पाकिस्तानको विदेशमन्त्रीमा कुरैसी

## शपथ ग्रहणमा छोरालाई आउन दिइएन


इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले २० सदस्यीय मन्त्रिमण्डलको घोषणा गरेका छन्। खानले आफ्नो विदेशमन्त्रीमा शाह महमुद कुरैसीलाई नियक्त गरेका छन्।

कुरैसी पाकिस्तान तहरिक ए इन्साफका वरिष्ठ नेता हुन्। सन् २००८ मा पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) को सरकार रहँदा पनि कुरैसी विदेशमन्त्री थिए। उनी मुम्बई हमला भएको दिन भारतमै थिए। पछि कुरैसी पीटीआईमा प्रवेश गरेका थिए।

सूचनामन्त्रीमा नामाङ्कित भएका फवाद चौधरीले शनिबार ट्विट गरी क्याबिनेटका मन्त्रीले सोमबार बिहान शपथ लिने जानकारी दिएका थिए। कुरैसीले सन् २००८ मार्च देखि सन् २०११ सम्म पीपीपी सरकारमा विदेशमन्त्री सम्हालेका थिए। खानको मन्त्रिमण्डलमा १५ मन्त्री र ५ सल्लाहकार हुनेछन्।

मुम्बई कट्टरपन्थी हमलाको रात कुरैसी भारतमै रहेको पूर्वराष्ट्रपति प्रणव मुखर्जीले खुलासा गरेका थिए। उनले कुरैसीलाई सञ्चारमाध्यमसँगको कुराकानीलाई रोकेर





चाँडोभन्दा चाँडो देश छोडेर जान भन्नुपरेको बताएका थिए। उक्त घटनापछि कुरैसीले पाकिस्तान पिपल्स पार्टी त्यागेर इमरानको पीटीआईमा प्रवेश गरेका थिए।

त्यसै गरी खानले परवेज खटकलाई रक्षामन्त्री र असद उमलाई अर्थमन्त्रीमा नियुक्त गरेका छन्। इमरानले आफ्नो क्याबिनेटमा ३ महिलालाई पनि स्थान दिएका छन्। यसमा सिरिन एम मजारी, जबैदा जलाल र फेहमिदा मिर्जा परेका छन्।

**छोरालाई शपथ ग्रहणमा आउन दिइएन**

पाकिस्तानी प्रधानमन्त्री इमरान खानकी पूर्वपत्नी जमेमी गाल्डस्मिथले प्रधामन्त्रीको शपथ ग्रहण समारोहमा उनका छोराहरु आउन चाहेको तर इमरानले रोकेकोमा असन्तुष्ट व्यक्त गरेकी छिन्।

पाकिस्तानमा जुलाई २५ मा सम्पन्न आम चुनावमा सबैभन्दा बढी सिट हासिल गरी प्रधानमन्त्री पदको शपथ लिएका पूर्वक्रिकेटर इमरान खानकी पहिलो पत्नी गोल्ड स्मिथले बधाई दिँदै उनको २० वर्षभन्दा लामो संघर्षको पनि स्मरण गरेकी थिइन्।

पछिल्लो ट्विटमा गोल्डस्मिथले इमरानले उनीहरुका पाकिस्तान आउन रोकेको उल्लेख गरेकी थिइन्। शुरूमा पत्रकार मेहर तरारले ट्विटमा जेमिमालाई ट्याग गरी ट्विट गरेका थिए- 'जेमिमा, सुलामान र कामीलाई धेरै धेरै बधाई।' जेमिमा इमरानसँग हुँद नै उनले आफ्नो राजनीतिक करियर शुरू गरेका थिए। यसका लागि उनलाई धेरै धन्यवाद। उनका छोराहरुले पनि आफ्ना पिता प्रधानमन्त्रीका रूपमा काम गरिरहेकोमा गर्भ महसुस गरुन्, जसलाई धेरै समर्पण र काम गर्न आवश्यक छ।

उक्त ट्विटको जवाफमा जमिमाले धन्यवाद दिँदै छोराहरु दुःखी भएको उल्लेख गरेकी छिन्। उनीहरु पिताको शपथ ग्रहणमा जान चाहेको तर इमरान खानले उनीहरु नआउन् भन्नेमा अडान लिएको उनले बताइन्। यसले छोराहरु अत्यन्त दुःखित भएको पनि उनले ट्विटमा उल्लेख गरेकी छिन्। ट्विटमा उनले अपमान, बाधा तथा बलिदानको २२ वर्षपछि आफ्ना छोराका पिता पाकिस्तानका प्रधानमन्त्री बन्न लागेको बताएकी थिइन्।

# युरोप मूल्य चुकाउन तयार देखिएन : इरान

तेहरान, (एजेन्सी)



इरानका विदेशमन्त्री मोहम्मद जवाद जरिफले आइतबार परमाणु सम्झौता बचाउनका लागि अमेरिकाको अपहेलना गरेर त्यसको मूल्य चुकाउनका युरोपले अहिलेसम्म इच्छा नदेखाएको बताए।

युरोपका सरकारले नोभेम्बरमा अमेरिकी प्रतिबन्धको दोस्रो चरणपछि इरानसँग तेल र बैंकिङ सम्बन्ध कायम गर्ने प्रस्ताव राखेका जरिफले बताए।

इरानको 'योङ जर्नालिस्ट क्लब' वेबसाइटलाई दिएको एक अन्तर्वार्तामा यो पहल व्यावहारिक उपायको सट्टा उनीहरुको यो आशयको बयान धरै उपयुक्त रहेको उनले बताए। जरिफले भने- 'उनीहरु अगाडि बढिसकेका छन् तर युरो अहिलेसम्म मूल्य चुकाउनका लागि तयार छैन भन्ने हाम्रो मान्यता रहेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१५ मा भएको परमाणु सम्झौताबाट मेमा हात झिकेका थिए। उनले यसै महिनाको शुरूआटमा फेरि प्रतिबन्ध लगाउन शुरू गरे, जसले देशलाई इरानसँग व्यापार गर्न रोक्छ।

# अमेरिकी युवतीले साथीलाई पुलबाट खसालिन्

वासिङ्टन, (एजेन्सी)

अमेरिकाको वासिङ्टन राज्यमा आफ्नो किशोरी साथीलाई घचेटेर ६० फिट उचाइमा रहेको पुलबाट खसाल्ने एक १८ वर्षीया युवतीले आफूले घटनाअघि त्यसको परिणामबारे नसोचेको प्रहरीलाई बताएकी छिन्। यस घटनामा शिकार किशोरीको ज्यान जोगिए पनि उनलाई धेरै नै चोट लागेको छ। शुक्रबार एबीसी न्युज टेलिभिजनको 'गुड मर्निङ अमेरिका' नामक कार्यक्रमलाई अन्तर्वार्ता दिने क्रममा टेलर स्मिथले धनेकी छिन्- 'उनी पुलबाट हाम फाल्न चाहन्थिन्, तर डराइरहेकी थिइन्। उनले मलाई घचेट्न अनुरोध गरिन्, तर मैले परिणामबारे सोच्नै भ्याइनँ। मैले त उनलाई केही पनि हुन्न होला भन्ने सोचेकी थिएँ।' स्मिथले १६ वर्षीया जोर्डान होल्गर्सनलाई गत ७ अगस्टमा वासिङ्टनस्थित भयनकोभर नजिकको मोल्टन फल्स रेजिनल पाकर्को लेविस नदीमाथिको पुलबाट खसालिदिएकी हुन्।



उनका पाँच वटा करङ भाँचिएका छन् भने आमाशय र श्वासनलीमा पनि चोट लागेको प्रहरीले जनाएको छ। यस घटनाको भिडियो क्लिप सामाजिक सञ्जालमा भाइरल भएको थियो। तर, केही दिनअघि मात्र यसलाई हटाइएको छ।

# बच्चा जन्माउन मन्त्री साइकलमा अस्पताल पुगिन्

अकल्यान्ड, (एजेन्सी)

न्युजिल्यान्डका महिला मामिला मन्त्रीले आफैं साइकल चढेर अस्पताल पुगी पहिलो बच्चा जन्माएको खबरले ठूलो चर्चा कमाइरहेको छ। गर्भवती भएको ४२ साता पुगेपछि ग्रिन पार्टीका जुली जेनटरले कारमा प्रशस्त ठाउँ नरहेकाले साइक चलाएरै अस्पताल पुगेको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

उनले 'आइतबारको सुन्दर बिहानको साइकल चलाईको आनन्द' शीर्षक दिँदै आफू र आफ्नो पार्टनरसहितको तस्वीर इन्स्टाग्राममा शेयर गरेकी छन्। गत जुन महिनामा नयुजिल्यान्डकै प्रधानमन्त्री जासिन्डा आर्डेन कार्यकालमै बच्चा जन्माउने विश्कै दोस्रो नेतृ बन्न सफल भएकी थिइन्।

आर्डेन र जेनटर दुवैले सरकारी अकल्यान्ड सिटी हस्पिटल पुगेकी हुन्। न्युजिल्यान्डको यातायात सहायक मन्त्रीसमेत रहेकी चर्चित ३८ वर्षीया जेन्टरले खुला शब्दमै साइकलिङको वकालत गर्दै आएकी छिन्। अमेरिकामा जन्मेकी जेनटरले इलेक्ट्रिक साइकल चलाएकी हुन्। अस्पतालतर्फ जाने बाटो पनि भिरालो भएकाले उनलाई खासै कुनै शारीरिक कठिनाई नभएको बताइएको छ।



# ब्याकस्ट्रिट ब्वाइजको कन्सर्टमा प्रशंसक घाइते



वासिङ्टन, (एजेन्सी)

अमेरिकाको ओक्लाहामा राज्यमा एउटा आउट डोर कन्सर्ट भेन्युमा आएको भीषण आँधिबेरीका कारण धातुको संरचना ढल्दा चर्चित सांगीतिक समूह ब्याकस्ट्रिट ब्वाइजका झन्डै १४ जना प्रशंसक घाइते भएका छन्।

उक्त कार्यक्रमका आयाजकले १ सय १३ देखि १ सय २८ किमि प्रतिघन्टाको बेगले हावाहुरी र वर्षा हुन थालेपछि कर्मचारीले दर्शकलाई त्यहाँबाट हटाउने कोशिस गरिरहेकै बेला कन्सर्ट द्वारको ट्रस ढलेको बताएका छन्।

सम्पूर्ण घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ भने तीमध्ये दुई जना उपचारपछि घर फर्किसकेका छन्। ट्विटरमार्फत अमेरिकी म्युजिक ब्याक स्ट्रिट ब्वाइजले आफूहरुले कहिले पनि आफ्ना प्रशंसकलाई हानि होस् भनी नचाहेको जनाएको छ।

स्थानीय समयअनुसार शनिबार साँझ करिब ५ बजे कार्यक्रमस्थलभन्दा करिब चार माइल पर बेस्सरी बिजुली चम्केको देखिएपछि कन्सर्ट आयोजक विन स्टार वर्ल्ड क्यासिनो एन्ड रिसोर्टले प्रशंसकलाई आँधिबाट बच्न ओत लाग्नका लागि सजग पारेको थियो।

ऐनमा १० केजीभन्दा बढी लागूऔषध ओसारपसारमा लागेको भेटिए २ देखि १० वर्षसम्म कैद र १५ हजारदेखि १ लाखसम्म जरिवाना हुने व्यवस्था छ।

# युरोपसम्म पुग्छ नेपालको चरेश

नरेन्द्र केसी, घोराही, दाङ

दाङमा अहिलेसम्मकै ठूलो मात्रामा लागूपदार्थ चरेश बरामद भएको छ। रुकुम पूर्वबाट लुकाइछिपाई ल्याएर विभिन्न स्थानमा बिक्रीका लागि लैजाने क्रममा ६० किलोग्राम चरेशसहित ५ जना पक्राउ परेका छन्।

उनीहरूलाई प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा रुकुम पश्चिम मुसीकोट ११ का ४५ वर्षीय प्रेमबहादुर घर्ती, सल्यान दार्मा गाउँपालिका-५ का ३५ वर्षीय डिल्लीराज चन्द, रुकुमपूर्व पुथा उत्तरगंगा गाउँपालिका १ काल्दुङ घर भई हाल दाङ घोराही उपमहानगरपालिका-१५ रतनपुर बस्ने ३० वर्षीया रूपा घर्ती पुन, रुकुमपूर्व भुमे गाउँपालिका-२ का २७ वर्षीया सपना पुन बुढा र सोही ठाउँका ध्रुवजङ बुढालाई पक्राउ गरिएको दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कृष्णहरि शर्माले जानकारी दिनुभयो।

उनीहरूलाई लागूऔषध ओसारपसार ऐनअन्तर्गत मुद्दा गर्ने तयारी गरिएको छ। ऐनमा १० केजीभन्दा बढी लागूऔषध ओसारपसारमा लागेको भेटिए २ देखि १० वर्षसम्म कैद र १५ हजारदेखि १ लाखसम्म जरिवाना हुने व्यवस्था छ।

पत्रकार सम्मेलनमा केही अभियुक्तले आफूहरू भरिया मात्र भएको दाबी गरे पनि प्रहरीले यसपटक पक्राउ परेकामध्ये धेरै स्वयं चरेश कारोबार भएको प्रारम्भिक निष्कर्ष निकालेको छ। उनीहरू निकै अनुभवी पनि देखिएका छन्। भदौ १ गते दाङको लमही नगरपालिका-९ अमिलियामा अवैध लागूऔषध चरेशको कारोबार भइरहेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले सोही स्थानबाट पश्चिम रुकुम मुसीकोटका प्रेमबहादुर घर्ती र सल्यानका डिल्लीराज चन्दलाई पक्राउ गरेको थियो। दुवै जनालाई शंकास्पद अवस्थामा पक्राउ गरी उनीहरूले प्लास्टिकमा लुकाइराखेको १० केजी चरेश बरामद गरिएको प्रहरी प्रमुख शर्माले जानकारी दिनुभयो। उनीहरूको बयानका आधारमा थप अभियुक्त र ५० केजी चरेश पक्राउ परेको हो।



लागूऔषध कारोबारीहरूले रुकुम पूर्वमा उत्पादन भएको चरेश पैदल बाटोबाटै पिठ्यूँमा बोकेर दाङ पुऱ्याउने गरेको पाइएको छ। दाङको अमिलियासम्म उनीहरूले पैदल बाटोबाटै पुऱ्याएको खुलेको प्रहरीले जनाएको छ।

रुकुम पूर्वमा बढी उत्पादन हुने चरेश दाङ हुँदै विभिन्न स्थानमा पुऱ्याउने गरेको यसअघि नै खुलिसकेको विषय हो। अब दाङ स्थल मात्र होइन, प्रयोगस्थल पनि हो भन्ने प्रहरीले अध्ययनले देखाएको छ। 'मैले यहाँ आएपछि केही अध्ययन गरिरहेको छु, दाङमा लागूऔषधको प्रयोग गर्ने संख्या पनि ठूलै छ भन्ने देखिएको छ। त्यसैले यसलाई प्रयोगस्थलका रूपमा लिन लिने स्थिति छ'- प्रहरी प्रमुख शर्माले भन्नुभयो।

नेपालबाट भारत हुँदै युरोपसम्म चरेश पुग्ने गरेको देखिएको छ। नेपालको चरेश निकै प्राकृतिक हुने भएकाले युरोपमा निकै महँगोमा बिक्री हुने गरेको पनि पाइएको छ। दोस्रो विश्वयुद्धताका नेपालको चरेश वैधानिकरूपमै युरोपका विभिन्न देशमा पुऱ्याइने भएकाले त्यसकै निरन्तरतास्वरूप अहिले पनि लुकाइछिपाई भारतको बाटो हुँदै युरोप पुग्ने गरेको पाइएको छ। लागूपदार्थ ओसारपसार ऐन आउनुअघि चरेश खुलाको ओसारपसार हुने गरेको थियो।

## सदनमा...

अधिवेशनबाटै प्रदेश, नगरपालिका, गाउँपालिका र नयाँ वडाको कार्यसमिति चयन गर्नुपर्ने भन्दै तदर्थ समिति गठन गरेर वा मनोनित गरेर कांग्रेसको संगठन सशक्त नहुने उनीहरूको भनाइ छ।

कांग्रेसको १३औं महाधिवेशन सम्पन्न भएको ३० महिना पुगिसकेको छ। बाँकी ३० महिनाका लागि तल्लो तहको संविधानअनुसार संरचना निर्माणका लागि विधान परिमार्जन वा संशोधन गर्नुपर्ने अवस्था पनि छैन। क्रियाशील सदस्य कति छन् भन्ने कुरा स्पष्ट भएकाले १४औं महाधिवेशनसम्मका लागि तल्लो तहमा अधिवेशन तत्काल गरेमा संगठनलाई समेत प्रतिस्पर्धी र सशक्त बनाउने तर्कमा संस्थापन पक्षले सहमति नजनाएको बताइन्छ।

विधान संशोधन तथा परिमार्जनका लागि भदौ मसान्तसम्म महासमिति बैठक आह्वान गर्ने केन्द्रीय समितिको निर्णय कार्यान्वयन नहुने निश्चित छ। पार्टी संगठनलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विभिन्न ४२ वटा केन्द्रीय विभाग र केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान्को कार्यसमितिसमेत तत्काल गठन गरी अघि बढ्नुपर्ने जिल्ला सभापतिहरूको सुझाव छ।

## संघीयता...

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा गत फागुन ३ गते गठन भएको वर्तमान सरकारले हिजो ६ महिना पुरा गरेको थियो। सरकारले ६ महिने मूल्यांकनमा धेरै राम्रा काम भएको भनि आशावादी बनाइरहेको बेला प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले निराशावादी चित्रण गरेको हो।

राष्ट्रियताको मुद्दालाई मूल्यांकन गर्दै कांग्रेसले भनेको छ- 'उग्र राष्ट्रवादको कारुणिक विसर्जन।' निर्वाचनमा मैदानमा मत माग्दै गर्दा उग्र राष्ट्रवादको लहरले ठूलो प्रभाव पारेको थियो तर सरकार गठनको केही महिना नपुग्दै त्यसको सम्पूर्ण रंग बदलिन पुगेको कांग्रेसको ठम्याइ छ। लोकतान्त्रिक प्रक्रियामा आउनु, निर्वाचित हुनु र लोकतान्त्रिक संस्कृतिअनुरूपको हुनुमा फरक हुन्छ भन्दै प्रवक्ता शर्माले भन्नुभएको छ- 'प्रतिपक्षका प्रति द्वेषयुक्त अभिव्यक्तिहरू, निषेधाज्ञा, मिडियामा बढ्दो हस्तक्षेप र नागरिक स्वतन्त्रतामाथि अतिक्रमणमार्फत् सरकारद्वारा प्रस्तुत प्रवृत्ति समग्रमा लोकतान्त्रिक संस्कृतिविरुद्ध छ।'

सरकारले प्रस्तुत गरेको ६ महिने उपलब्धिमा पुरानै प्रगतिका विवरण पनि समेटिएका भन्दै कांग्रेसले सरकारको समृद्धि यात्रा सपनाको हवाइ उडानजस्तै भएको टिप्पणी गरेको छ। सरकारको नीति तथा कार्यक्रममा न इच्छाशक्ति देखियो न त बजेटमार्फत् त्यस्तो क्रमभंगको कुनै भिन्न कार्यक्रम आएको कांग्रेसले टिप्पणी गरेको छ।

बजार मूल्यमा चर्को वृद्धिको भार बोकिरहेका नागरिकलाई स्थानीय तहमा अचाक्ली वृद्धि गरिएको करले झनै ढाड सेक्ने अवस्था बनेको भन्दै कांग्रेसले नागरिकको यो पीडा जति गम्भीर छ, संघीय सरकारको यसप्रतिको उदाशिनता झनै दुःखद् भएको औंल्याएको छ। जिम्मेवार नागरिकले कर तिर्नुपर्छ भन्ने सैद्धान्तिक कुरा गरिरहँदा त्यो कर न्यायोचित हुनुपर्छ भन्ने व्यवहारिक पक्ष बिर्सन मिल्दैन भन्दै कांग्रेस तत्कालै उचित समाधानको पहल गर्न संघीय सरकारलाई सचेत पनि गराएको छ।

मुलुकी ऐनको परिमार्जित संहिता बारेः नेपाली कांग्रेसले प्रतिक्रिया दिँदै भनेको छ- 'नेपाली कांग्रेसको नेतृत्वको सरकारका पालामा परिष्कृत भई १ भदौ ०७५ बाट लागू भएको मुलुकी ऐन नेपालको आधुनिक राज्य व्यवस्थाका लागि महत्त्वपूर्ण ऐतिहासिक दस्तावेज हो। पौने दुई सय वर्ष पुरानो मुलुकी ऐनलाई बदलिएको समाज अनुकूल परिमार्जन गर्न नेपाली कांग्रेसले गरेको नेतृत्व हाम्रा लागि गौरवपूर्ण छ। तर, अभ्यासमा आउनु पूर्व नै अनुभूत भइसकेका केही कमजोर प्रावधानलाई आवश्यक संशोधन गरेर मात्रै अघि बढ्ने सम्बन्धमा गम्भीर त्रुटी भएको कांग्रेसको ठहर छ।

खास गरी फौजदारी संहितामा रहेका विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सगठित स्वतन्त्रतालाई प्रभावित पार्न सक्ने प्रावधानहरूमा संशोधन र सुधारको आवश्यकता रहेको कांग्रेसले जनाएको छ। यसैगरी चिकित्सकहरूको पेशागत मर्यादा एवं राज्यको प्रहरी प्रशासनलाई अपराध अनुसन्धानमा पर्न सक्ने असर र पेसा व्यवसायको स्वतन्त्रतालाई प्रभावित गर्ने विषयमा पनि कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ। सम्बन्धित सरोकारवाला पक्षसंगको संवादमार्फत् उक्त संहितामा संशोधन र सुधार गर्दै जानुपर्छ भन्ने नेपाली कांग्रेसले धारणा राखेको छ।

## रत्नको...

सामान्यतया सजिलै हिँडडुल गर्न सक्नुभए तापनि अहिले बसेपछि उठ्न गाह्रो हुन थालेको छ। बुढ्यौलीका कारण केही समस्या देखिए तापनि उहाँको शरीरमा केही भएको छैन। करिब ६ जना सुसारेसहित ३५ जना कर्मचारीको साथमा बस्ने गर्नुभएकी रत्न यसअघिका जन्मदिनलाई सामान्य रूपमा मनाउने गर्नुभएको थियो।

## रिबन...

तर उनीहरूको व्यस्तताका कारण समयमा नै निर्माण हुनुपर्ने नीतिनिर्माणसमेत प्रभावित हुन पुगेको छ। सरकारको कार्यशैली परम्परागत नै छ, कुनै प्रभावकारिता देखिएको छैन। पुनर्निर्माण, नागरिकहरूको ढाड सेक्ने गरी अनावश्यक रूपमा उठाइएको करका कारण सरकारप्रति वितृष्णा बढ्न थालेको छ।

आफ्ना काममा राम्रो परिणाम निकाली सरकारलाई सफल बनाउन जुटनुपर्ने मन्त्रीहरू निजी स्वार्थमा केन्द्रित बनेको आरोप सत्ता पक्षकै सांसदहरूले लगाउने गरेका छन्। कतिपय मन्त्री गुमनाम छन्, न तिनको काम छ न नाम छ। उनीहरू काममा भन्दा सस्तो लोकप्रियतामा रमाउन थालेका छन्। संविधानअनुसार कानुन बनाउन जुट्नुभन्दा हल्काफुल्का कार्यक्रममा समय बिताउने गरेका छन्। उनीहरू दैनिक पाँच वटासम्म कार्यक्रममा सहभागी हुन्छन्।

राष्ट्रियसभाका सदस्य रामनारायण विडारी एक जनालाई उद्घाटन मन्त्री किन नबनाउने भनी व्यङ्ग्यात्मक प्रश्न गर्नुहुन्छ। नीति निर्माण तहमा केन्द्रित भएर बहस र छलफल गर्नुपर्ने समय सानातिना कार्यक्रम उद्घाटन गर्नेतिर लागेपछि संघीय संसदका सांसदहरू पनि मन्त्रीहरूसँग रुष्ट छन्। मन्त्रीहरू दिनभर व्यस्त हुँदा नीति निर्माण तहमा नै प्रभाव पर्ने गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीहरूको अनुगमन गर्ने संयन्त्र बनाए पनि प्रभावकारी हुन सकेको छैन। बरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रीका लागि आचारसंहिता लागू नगर्दा मन्त्रीहरू असम्बन्धित कार्यक्रममा जाने गरेका छन्।

मन्त्रीहरूले सर्वसाधारण, कार्यकर्ता, विभिन्न सरोकारवाला निकायसँगको भेटघाटको समय व्यवस्थापन गर्न सकेको देखिँदैन। महत्त्वपूर्ण जिम्मेवारी बोकेका व्यक्तिले भन्दा सामान्य काम लिएर जानेले समय पाएको देखिन्छ। प्रदेश र स्थानीय सरकार अझै बेरोजगार छन् तर संघीय सरकारको मन्त्रालयमा अनावश्यक भिड लाग्ने गरेको देखिन्छ। दैनिक २५ सय मानिस सिंहदरबार पस्ने गरेको बताइन्छ।

संविधानअनुसार हाल संघीय सरकारमा २५ जना मन्त्री रहेका छन्। छ महिनाको अवधिमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादव बढी विवादमा तानिएका छन्। पर्यटनमन्त्री अधिकारी ६० करोड रुपियाँ आर्थिक सहायता वितरण गरेर विवादमा तानिए भने यातायातमन्त्री महासेठ सिन्डिकेट हटाउनभन्दा यातायात व्यवसायीको पक्षमा देखिए। विगतमा केही गर्छु भनेर माओवादी छोडेर पुनः माओवादीमा फर्किएका आपूर्तिमन्त्री यादव कालोबजारी नियन्त्रण गर्न असफल भए। उनले कारबाहीका लागि सिफारिस गरिएको २२ वटा फाइल अझै गुपचुप गरेको बताइन्छ। विवादास्पद अभिव्यक्ति दिएकाले कानुनमन्त्री शेरबहादुर तामाङले पदबाट हात धुनुपऱ्यो।

सांसद विडारीले मन्त्री काममा भन्दा पनि बढी प्रचारमा रमाएको टिप्पणी गर्दै भन्नुभयो- 'मन्त्रीहरूले काम गरे पनि खोज्दै जानुपर्ने हो, तर काम नै नगराइ प्रचारमा बढी रमाउन थाले, दैनिक औपचारिक कार्यक्रममा दौडदा नीति निर्माण तहको काम प्रभावित भयो।'

यही पाराले सरकारले ल्याएको खुसी नेपाली समृद्ध नेपालको सपना सार्थक हुने देखिँदैन। उल्टै मन्त्रीहरूको दौडधुपले राज्यलाई आर्थिक भार थपेको छ।

पूर्वसचिव बालानन्द पौडेलले पनि मन्त्रीको मुख्य जिम्मेवारी नीतिगत निर्णय गरी समग्र प्रणालीलाई नेतृत्व गर्ने रहेको बताउँदै नेपाल समाचारपत्रसँग भन्नुभयो- 'राष्ट्रिय नीति, मापदण्ड र राष्ट्रिय योजनहरू बनाउने हो तर तीन तहको सरकार गठन भए पनि संघीय सरकारका मन्त्रीहरूमा चाप घटेको देखिँदैन।' २०५१ सालमा प्रधानमन्त्रीको सहयोगीका रूपमा काम गरेको स्मरण गर्दै पौडेलले मन्त्रीहरूले कार्यक्रममा महत्त्व नबुझिकन हिँड्दा परिणाम निकाल्न नसक्ने बताउनुभयो।

यद्यपि प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकार छ महिनामा सफल भएको दाबी गर्दै आफ्नो ट्वीटमा लेख्नुभएको छ- 'मैले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको आज छ महिना पुग्यो, यसबीच देशको प्राथमिकता र पारस्परिक सम्मानमा आधारित विदेश नीतिको जग बसेको छ, सुशासन र विकासको आधारशीला तयार भएको छ, यसै आधारभूमिमा उभिएर परिणाममा देखिने गरी समृद्ध नेपाल निर्माणको अभिभारा पूरा गरिन्छ।'

## प्रकाण्ड...

प्रहरीले विश्वकर्मालाई जिल्लाको नमोबुद्ध नगरपालिका वडा नम्बर ६ चौकीडाँडा स्थित कुन्साङ लामालगायतले सञ्चालन गरेको क्रसर उद्योगमा ६०/७० जनाको अपरिचित नकाब लगाएको समूहले टिपर र स्काभेटरसमेतमा आगजनी गरी ३ करोडबराबरको क्षति पुऱ्याएको र सोही स्थानमा कुकर बमसमेत फेला पारेको अभियोग लगाएको छ। विश्वकर्माबाट बरामद भएको डायरीमा कुन्साङको क्रसर आगलागीबाट १० करोडभन्दा धेरै क्षति भएको उल्लेख गरिएको प्रहरीले मुचुल्का तयार गरेको छ।

कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका ६ घर भएका विश्वकर्मा पूर्वपर्यटनमन्त्री हुनुहुन्छ। यसअघि सोही पार्टीका पोलिटब्युरो सदस्यद्वय कृष्ण धमला 'गम्भीर' र मोहन कार्की 'जिवन्त' लाई काठमाडौंको बालाजु प्रहरी चौकीबाट धुलिखेल ल्याइएको थियो।

## समाचार संक्षेप

### जोशीको बिदा लम्बियो

काठमाडौं, (नेस)



कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीले आफ्नो बिदा थप ६ दिन लम्ब्याउनुएको छ। संसदीय सुनुवाइ समितिबाट प्रधानन्यायाधीशमा अस्विकृत भएलगत्तै जोशी १५ दिनको बिदा लिएर बस्नुभएको थियो। जोशी भदौ १० गतेसम्मका लागि बिदामा बस्नुहुनेछ। जोशी बिदामा बसेपछि कायममुकायमको हैंसियतमा ओमप्रकाश मिश्रले वरिष्ठ न्यायाधीशको हैंसियतमा स्वतः अख्तियारी पाउनुपर्ने हो।

तर, भदौ १ गते नयाँ मुलुकी संहिता कार्यान्वयन भएको दिन कायममुकायमकै हैंसियतमा जोशीले शुभकामना दिएपछि मिश्रको जिम्मेवारीको सम्बन्धमा अन्योल सृजना भएको देखिएको छ। जोशी पटक-पटक बिदा लिएर बस्दा राजीनामा दिने कि पुनः काममा फर्किने भन्ने अन्योलता देखिएको छ। संसदीय सुनुवाइ समितिमा जोशीले गरेका फैसला र शैक्षिक प्रमाणपत्रका विषयलाई लिएर उजुरी परेपछि समितिले उनलाई प्रधानन्यायाधीशमा अस्विकृत गरेको थियो।

### कामिनी पदमुक्त हुने

काठमाडौं, (नेस)

अन्ततः नेपाल टेलिकमकी प्रबन्ध निर्देशक कामिनी राजभण्डारी पदमुक्त हुने निश्चित भएको छ। सरकारले पदमुक्त गरेपछि पुनर्बहालीको माग गर्दै सर्वोच्च अदालत पुग्नुभएकी नेपाल टेलिकमकी प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले दिएको रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। आइतबार न्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले अन्तरिम आदेश अस्वीकार गरेको हो। इजलासले कारण देखाउ आदेश मात्र जारी गरेको छ।

भण्डारीले आफू खुला प्रतिस्पर्धाबाट नियुक्ति भएर आएको भन्दै बिनाकारण सरकारले हटाएको भन्दै सर्वोच्चमा पुनर्बहालीको माग गर्दै सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। फोरजी सेवा विस्तार गर्न नसकेको लगायतका कारण देखाएर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राजभण्डारीलाई स्पष्टीकरण सोधेको थियो। स्पष्टीकरणपछि मन्त्रिपरिषद्को साउन २९ गतेको बैठकले पदमुक्त गर्ने निर्णय गरेको थियो।

### करणी गर्दागर्दै पक्राउ

बुटवल, (नेस)

जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका-२ तल्लो फुलबारीस्थित जंगलमा १ महिलालाई करणी गर्दै गर्दा एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला रूपन्देही देवदह नगरपालिका-३ वसन्तपुर बस्ने वर्ष ३७ का देवीलाल खनाललाई महिलालाई करणी गर्दै गरेको अवस्थामा घटनास्थलबाट इलाका प्रहरी कार्यालय बुटवलले पक्राउ गरेको छ। करणी गर्ने खनाललाई नियन्त्रणमा लिएको, बेहोस महिलालाई उपचारका लागि लुम्बिनी अञ्चल अस्पताल बुटवल लगिएको र उपचारपश्चात वडा प्रहरी कार्यालय बुटवलमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### पेट्रोलियम पदार्थको मूल्य वृद्धि

काठमाडौं, (नेस)

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। आइतबार राति १२ बजेबाट लागू हुने गरी निगमले पेट्रोलमा १ रुपियाँ र डिजेल र मट्टीतेलमा २ रुपियाँ प्रतिलिटर वृद्धि गरेको हो। नयाँ मूल्य सूचीअनुसार पेट्रोल १ सय ११ रुपियाँ र डिजेल र मट्टीतेल ९५ रुपियाँमा प्रतिलिटर बिक्री वितरण हुने निगमद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ। अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार निगमले मूल्य समायोजन गर्दै आएको छ।

भारतीय आयल कर्पोरेसन (आईओसी) बाट हरेक अंग्रेजी महिनाको १ र १६ तारिखमा प्राप्त नयाँ मूल्य सूचीको अधारमा निगमले स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गर्दै आएको छ।

नयाँ मूल्यसूचीअनुसार निगमलाई पेट्रोलमा शून्य दशमलव ६५ पैसा, डिजेल र मट्टीतेलमा र डिजेल ७० पैसा घाटा रहेको छ। मूल्य समायोजनपछि निगमको मासिक घाटा १४ करोड ४२ लाख रुपियाँमा झरेको छ।

# अनुगमन तीव्र पारिन्छ : गृहमन्त्री

काठमाडौं, (नेस)

गृहमन्त्री रामबहादुर थापा 'बादल' ले गृह मन्त्रालयअन्तर्गतका निकायहरूको अनुगमन तीव्र पारिने बताउनुभएको छ।

आइतबार गृह मन्त्रालयमा बसेको आ.व. २०७४/०७५को वार्षिक समीक्षा तथा मन्त्रीस्तरीय समस्या समाधान समितिको बैठकमा गृहमन्त्री थापाले अनुगमनमाथि अनुगमन हुने गरी यसको दायरासमेत बिस्तार गरिने बताउनुभयो। उहाँले कर्मचारी र सुरक्षा निकायमा आफ्नो कामप्रति संकल्प र प्रतिबद्धता बढाउँदै लगि परिणाम निस्कने गरी काम गर्न निर्देशन दिनुभयो। उहाँले भन्नुभयो- 'आफूले चलाउने कम्प्युटर धुलाम्मे हुँदासमेत कम्प्युटरको धुलो नपुछी काम गर्नेले आफ्नो जिम्मेवारी पुरा गर्न सक्दैन।'

कार्यसम्पादनलाई सफल पार्ने गरी निरन्तर नीति तथा योजना बनाउन उहाँले निर्देशन दिनुभयो। उहाँले भन्नुभयो- 'सधैं विभिन्न निकायबीच समन्वयको खाँचो रहेको भन्दै कार्यपत्र आउने गरेको छ। अब त्यस्तो गुनासो नसुनाउने गरी सम्बन्धित निकायबीच समन्वय गर्न निरन्तर बैठक बस्नुहोस्।'

कार्यक्रममा मन्त्री थापाले मन्त्रालयले दिएको जिम्मेवारीअनुसार शान्ति, सुरक्षा, सुव्यवस्था र सुशासनका लागि प्रतिवद्ध भएर काम गर्न मातहतका निकायहरूलई निर्देशन दिनुभयो। गृहसचिव प्रेमकुमार राईले परिणाम निस्कने गरी काम गर्न इच्छाशक्तिको विकास गर्न आवश्यक रहेको टिप्पणी गर्नुभयो।

बैठकमा गृह मन्त्रालयअन्तर्गतको योजना, अनुगमन तथा मूल्यांकन महाशाखा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रलगायतले आफ्ना निकायको गत आवको बजेट तथा कार्यक्रमको अवस्था र आगामी कार्यक्रमबारे कार्यपत्र प्रस्तुत गरेका थिए।

# 'प्रमले मसला भाषण गर्नुभयो'

काठमाडौं, (नेस)

राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका वरिष्ठ उपाध्यक्ष एवम् राष्ट्रिय सभाका संसदीय दलका नेता वृशषचन्द्र लालले प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानविपरीत अनाधिकृत रूपमा प्रदेश नम्बर २ को सभामा हिजो सम्बोधन गरेको आरोप लगाएका छन्।

आइतबार एक कार्यक्रममा बोल्दै लालले भने- 'प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश नम्बर २ को प्रदेश सभामा अनाधिकृत रूपमा प्रवेश गरेर सम्बोधन गर्नुभयो। जुन कुरा संविधान, कानुन र नियामावलीमा व्यवस्था गरिएको छैन। प्रधानमन्त्रीले बोल्न पाउनुपर्छ। प्रदेशसभामा बोल्नै पाउनुहुन्न भन्ने मेरो कुरा होइन। उहाँले हिजो प्रदेश नम्बर २ मा राजा/महाराजाको अनुभूति दिने गरी सम्बोधन गर्नुभयो। यो संविधानविपरीत छ।'

यस्तै कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री डा.नारायण खड्काले सत्तारुढ दल नेकपा नेतृत्वको वर्तमान सरकारले २ तिहाइको दम्भ देखाउँदा यो ६ महिनाको अवधिमा जनतामा उत्साह भर्ने काम गर्न नसकेको आरोप लगाएका छन्। सरकारले माइतीघर मण्डलालाई निषेधित क्षेत्र घोषणा गर्नु, प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने, न्यायालयमाथि हस्तक्षेप गर्ने र प्रधानमन्त्रीले आफैंले सिफारिस गरेको प्रधानन्यायाधीशलाई अस्वीकृत गर्नेलगायत नागरिकको अधिकार खोस्ने खालको निर्णय गरेकोप्रति गम्भीर आपत्ति जनाए।

# विपन्न लागि विशेष व्यवस्था

काठमाडौं, (नेस)

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले शिक्षा, स्वास्थ्य समितिको सैद्धान्तिक छलफलको दोस्रो खण्डमा उठेका सवालको जवाफ दिनुभएको छ। बैठकमा चिकित्सा शिक्षा विधेयकको औचित्य र आवश्यकताबारेमा मन्त्री पाखरेलले धारणा राख्नुभयो। विधेयकमाथिको सैद्धान्तिक छलफलमा सदस्यले उठाएका प्रश्नको जवाफ दिनुहुँदै मन्त्री पोखरेलले चिकित्सा शिक्षामा विपन्न तथा गरिबका लागि विशेष व्यवस्था गरेर पहुँचको सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री पोखरेलले भूगोल र जनसंख्याको आधारमा शिक्षण संस्था खोल्नका लागि अनुमति प्रदान गरिने उल्लेख पनि गर्नुभयो। उहाँले शिक्षण संस्थाको गुणात्मकको विषयमा सरकारले कुनै पनि प्रकारको सम्झौता नगर्ने स्पष्ट पार्नुभयो। मन्त्री पोखरेलले भन्नुभयो- 'शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक कायम गर्ने विषयमा विधेयकमा पर्याप्त ध्यान दिइनेछ। सामाजिकरूपमा पछि परेकालाई न्याय दिने विषयलाई स्थापित गरिनेछ।


## VACANCY ANNOUNCEMENT

The Mahabu Rural Municipality is Looking for higly motivated skilled professionals in the following position.

| Sr. No. | Post | Qualification |
|---|---|---|
| 01 | Civil Engineer | Candidate must have Bachelor Dregee from reputable organization. |

### Key Requirements

1. Strong implementation Coordination skill.
2. Capable to visit on field operation all over the country as and when requested.
3. Good communication and interpersonal skill with positive attitude.
4. Good Command in written and spoken English and Nepali languages.
5. Well Knowledge and skill on computer Ms office, Auto-cad.
6. Well Handle of Civil Tools (Total Station, GPS, abney level, Level machine).

### How to Apply

Contact to **Mahabu Rural Municipality Office, Dailekh** with following documents.

- *Citizen certificate.*
- *Marksheet/Character certificate of Bachelor Degree.*
- *Nepal Engineering Council Certificate.*
- *Application letter.*

Vacancy opening date: 2075/5/1 Closing Date: 2075/5/20

*Note: Working candidate will given first priority.*

# अर्थ

कम्पनीहरूको नाफा बढ्दै गएको अवस्थामा बजार घट्नुको कुनै ठोस कारण नभए पनि निरन्तर शेयर आपूर्ति, महँगो बैंक ब्याज दर, सरकारको प्रष्ट नीति अभाव, लगानीकर्ताको कमजोर मनस्थितिका कारण बजार गिरावट आउनको मुख्य कारण मानिएको छ।

2018, AUG
Monday
20

हिमाल स्टील आजको भाउ

# लाभांश कुरेर बसेका लगानीकर्ता ढुक्क नहुँदा शेयर बजार खस्कियो

**नेपाल समाचारपत्र**
काठमाडौं

शेयर बजारमा बिक्रीको चाप बढ्दा साताको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ। लगानीकर्ताले नाफा सुरक्षित गर्न हतार गर्दा बिक्रीको चाप बढेको थियो।

लगानीकर्ता बजारप्रति ढुक्क हुन नसक्दा आइतबार नेप्सेमा कारोबार शुरू भएदेखि नै निरन्तर ओरालो लागेको परिसूचक अन्ततः १४ दशमलव शून्य ३ अंकले घट्दै ११९६ दशमलव २९ बिन्दूमा पुगेर कारोबार बन्द भएको छ।

१२ सय बिन्दूको मनोवैज्ञानिक तहभन्दा परिसूचक ओरालो लागेपछि फेरि एकपटक लगानीकर्ताहरू झस्किएका छन्। अधिकांश कम्पनीले गत आर्थिक वर्षको वित्तीय विवरण प्रकाशित गरेको र बजारमा महत्वपूर्ण हिस्सा ओगटेका कम्पनीको वित्तीय स्थिति सुरधारोन्मुख



रहेको स्थितिमा लगानीकर्ता उत्साहित भएका थिए।

कम्पनीहरूले नगद लाभांश कि बोनस शेयर के वितरण गर्छन् भनेर पर्खिएर बसेको स्थितिमा अघिल्लो बजार उत्साहजक रुपले वृद्धि भएको थियो। अघिल्लो साता ४६ अंकको वृद्धि हुँदै १२ सयभन्दा माथि उक्लिएको बजार फेरि ओरालो लागेको छ।

कम्पनीहरूको नाफा बढ्दै गएको अवस्थामा बजार घट्नुको कुनै ठोस कारण नभए पनि निरन्तर शेयर आपूर्ति, महँगो बैंक ब्याज दर, सरकारको प्रष्ट नीति अभाव, लगानीकर्ताको कमजोर मनस्थितिका कारण बजार गिरावट आउनको मुख्य कारण मानिएको छ।

कुल १६० कम्पनीको १ करोड ५६ लाख ४६ हजार ६५२ कित्ता शेयर ३२ करोड ५२ लाख ३४ हजार ७११ रुपियाँमा कारोबार भएको छ।

आइतबार कारोबारमा आएका सबै समूहमा गिरावट आएका छन्। जसमध्ये बैंकिङ समूह ११ दशमलव ९२, होटल २३ दशमलव शून्य ५, विकास बैंक समूह २० दशमलव ८२, जलविद्युत् समूह ११ दशमलव ३, फाइनान्स समूह ५ दशमलव ४८, निर्जीवन बीमा समूह १०३ दशमलव २६, उत्पादन समूह १८ दशमलव ३३, अन्य समूह ५ दशमलव ७१, माइक्रोफाइनान्स २३ दशमलव ४३ र जीवन बीमा ६४ दशमलव ८६ बिन्दुले घटेको छ। नागबेली लघुवित्त विकास बैंक, आइसिएफसि फाइनान्स लिमिटेडका लगानीकर्ताले पाँच प्रतिशत गुमाएका छन्। सबैभन्दा बढी निर्जीवन बीमा समूहमा गिरावट आएको छ। आइतबार ग्रामीण विकास लघु वित्तीय संस्थाको कारोबार सबैभन्दा बढी भएको छ। यस कम्पनीको ३ करोड ४५ लाख रुपियाँभन्दा बढीको कारोबार भएको छ।

यसैगरी खानीखोला हाइड्रोपावर कम्पनीका लगानीकर्ताले सबैभन्दा बढी कमाएका छन् भने नागबेली लघुवित्त कम्पनीका लगानीकर्ताले सबैभन्दा बढी गुमाएका छन्। यस दिन 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सिन्सेटिभ इन्डेक्स पनि २ दशमलव ८५ अंकले घटेर २५२ दशमलव ५३ बिन्दुमा पुगेर बन्द भएको छ।


JAGDAMBA STEEL

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरू / साइज | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, विरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| [illegible] | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| [illegible] | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500


# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ ४, अगस्ट २०, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।९५ | ११२।५५ |
| युरो १ को रू. | १२८।०६ | १२८।७४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।८० | १४३।५७ |
| स्विस फ्रन्क १ को रू. | ११२।४१ | ११३।०२ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।९३ | ८२।३७ |
| क्यानाडियन डलर १ को रू. | ८५।७४ | ८६।२० |
| सिङ्गापुर डलर १ को रू. | ८१।६५ | ८२।०९ |
| जापानी यन १० को रू. | १०।१३ | १०।१८ |
| चिनियाँ युआन १ को रू. | १६।२८ | १६।३६ |
| साउदी अरब रियाल १ को रू. | २९।८५ | ३०।०१ |
| कतारी रियाल १ को रू. | ३०।७५ | ३०।९१ |
| थाई भाट १ को रू. | ३।३७ | ३।३९ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।४८ | ३०।६४ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२६ | २७।४१ |
| दक्षिण कोरियन वन १०० को रू. | १०।०० | १०।०५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२३ |
| डेनिस क्रोनर १ का रू. | १७।१७ |
| हङकङ डलर १ का रू. | १४।२६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।


# VACANCY ANNOUNCEMENT

Karnali Development Bank Limited, Nepalgunj, Banke is looking for the young, energetic, self driven and career oriented candidates for the following positions.

**1. Position: Officer Level - Few**

***Minimum education qualification*** : BBA /BBS or Similar
***Working Experience*** : Minimum 3 year experience as a Senior Assistant/ Supervisor level in a national wide financial institution/ Development bank or a commercial bank.

**2. Position: Assistant Level- Few**

***Minimum education qualification*** : BBA /BBS or Similar
***Working Experience*** : Minimum 2 year experience as a Assistant Level in a national wide financial institution/ Development bank or a commercial bank.

If you are Creative, Innovative, result oriented, can perform well under pressure, and if you believe you can head the Bank in future, please apply along with currently updated resume, a recent passport size photograph, evidence of academic qualifications, experiences, copy of citizenship. The application should reach to the following address by 3 Sept., 2018.

*The Bank reserves the right to accept or reject applications without assigning any reason whatsoever.*

कर्णाली डेभलपमेन्ट बैंक लि.
Karnali Development Bank Ltd.
Surkhet Road, Nepalgunj, Banke, Nepal
Tel: 081-415040/415074, Fax: 081-415104
Email: vacancy@kdbl.com.np


# सुनका गहना निर्यात गर्न जोड

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालले सुनचाँदी व्यवसायीले गरगहना निर्माण गरेर निर्यात गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनु भएको छ। नेपाल रत्न तथा आभुषण संघको १४औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै राष्ट्र बैंकका गर्भनर नेपालले मौद्रिक नीतिमा नै निर्यात गर्ने गरगहनाको लागि सुविधा दिने उल्लेख गरेको भन्दै सुनचाँदी व्यवसायीले निर्यात हाउसमार्फत निर्यात गर्ने भए जति पनि सुन दिन तयार रहेको बताउनुभयो।

'एक्सपोर्ट हाउस खोल्नुस् र हामीलाई यति किलो सुन चाहियो भन्नुस् हामी दिन तयार छौं, तर भुक्तानी सन्तुलनको लागि भने हामी सर्तक छौं,' गर्भनर नेपालले भन्नुभयो। गर्भनर नेपालले व्यवसायीको फरक संघअनुसार माग पनि फरक हुने गरेको भन्दै फुट्नेभन्दा पनि जुटेर आएमा उनीहरूको माग पूरा गर्ने बताउनुभयो। 'हरेक व्यावसायिक संघ फुट्ने गरेको हुँदा तपाईंहरू सबै संघ एउटै हुनुस् र आउनुस् हामी तपाईंहरूको सबै माग पूरा गरिदिन्छौं, तर फेरि फुट्नु भएन,' उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका कार्यबाहक अध्यक्ष शेखर गोल्छाले सुनचाँदी व्यवसायलाई गलत तरिकाले व्याख्या गरिने गरेको भन्दै यसले देशको अर्थतन्त्रमा निकै योगदान पुऱ्याएको बताउनुभयो। यस व्यवसायले मूल्य अभिवृद्धि गर्ने गरेको, रोजगारी सिर्जना गरेको र निर्यातको निकै सम्भावना बोकेको उहाँको भनाइ थियो।

नेपाल चेम्बर अफ कमर्सका कार्यबाहक अध्यक्ष राजेन्द्र मल्लले नेपाली सीपको प्रयोग भएको सुनचाँदी व्यवसायले नेपाली हस्तकलाको प्रवर्द्धन गरेको बताउनुभयो। उहाँले नेपालको व्यापार घाटा कम गर्न एक्सपोर्ट हाउस बनाएर लैजानुपर्नेमा जोड दिनुभयो।

मल्लले बैंकलाई मात्र सुन आयात गर्न दिने नियम परिवर्तन गरेर सबैको लागि खुला गरिनुपर्ने जिकिर गर्नुभयो। संघका अध्यक्ष ज्योत्सना श्रेष्ठले सरकारले बैंकहरू बाहेक निजी क्षेत्रलाई पनि सुनको आयात गर्न सक्ने नीतिगत व्यवस्था गर्नुपर्ने स्पष्ट पार्नुभयो। त्यस्तै हालको ५० हजार रुपियाँभन्दा बढी मुल्यको सुन खरिद गर्न चेकबाट भुक्तानी गर्ने व्यवस्थालाई बढाएर ५ लाख रुपियाँभन्दा बढी पुऱ्याउनुपर्ने माग गर्नुभयो।

'सुन खरिदको लागि व्यवसायीले सबै वाणिज्य बैंकमा खाता खोल्नुपर्ने बाध्यता रहेको छ, त्यस्तो व्यवस्था हटाएर एक वा दुई बैंकमा भएको खाताबाट सुन खरिद गर्न सक्ने व्यवस्था गरियोस्,' उहाँले भन्नुभयो।

अध्यक्ष श्रेष्ठले सुनचाँदीमा लगाइने भन्सार दर बेस रेट मूल्यमा नै तोक्नुपर्ने, हालको दैनिक सुन आपूर्तिको कोटालाई बढाउनुपर्ने, बहुमूल्य पत्थर्को उत्खनन्, प्रशोधन र बिक्री वितरणका लागि सरकारले नीति बनाउनुपर्ने, कालिगढलाई तालिमको व्यवस्था गरिनुपर्नेलगायतका विषयमा सरकारको ध्यान आकर्षित गर्नुभयो।


HIMALAYAS' ONTOP
PREMIUM WATER

# DEALERS WANTED

Date of First Publication: 20 August, 2018

**HIMALAYAS' ONTOP** is a super-premium glacier water sourced from a height of 3000 meters msl and bottled in Dhunche, Rasuwa.

**Himalayas Spring Water Pvt. Ltd.,** the manufacturer of Himalayas ONTOP, invites exclusive dealership for it's premium product in the following regions:

- **1 for Kathmandu District**
- **1 for Lalitpur and Bhaktapur District.**

The same companies or others can also be appointed for different cities/districts of Nepal, and proposals maybe submitted accordingly.

**Dealership Requirement**

- Applicants should have experience in beverage/ bottled water sales.
- Applicants should have good distribution network.
- Applicants should have adequate storage facilities.
- Applicants should submit any other relevant valid information (Company Profile).

Interested parties are requested to contact the given address for details and queries. Applicant should submit their applications to the address given below, mentioning their terms and conditions with in two weeks of the first publication of this notice.

HSW reserves the right to select or reject any applications without assigning any reason whatsoever.

To Apply
5th Floor, Hello Nepal Building,
New Baneshwor, Kathmandu, Nepal
Tel: +977 1 478 1171/01 478 0724
Email: mkt.himalayasontop@gmail.com

HIMALAYAS SPRING WATER



# Dubai मा रोजगारको अवसर

१. कम्पनी: GULF REINFORCED PLASTICS LLC

| क्र.सं. | कामदारको पद | माग संख्या | AED | ने.रु |
|---|---|---|---|---|
| 1. | [illegible] | 7 | 2500/- | 75,000/- |
| 2. | [illegible] | 7 | 2500/- | 75,000/- |

८ घण्टा, ६ दिन, क. नि. अनुसार, छ, छ

लागत खर्च = 0

गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान बहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

# SAUDI ARABIA मा रोजगारको अवसर

१. कम्पनी: WALEED HAMOUD ALSBAHAN TO PROVIDE BEVERAGE

LT No: 212836

| क्र.सं. | कामदारको पद | माग संख्या | SR | ने.रु |
|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 1000/- | 28,000/- |

८ घण्टा, ६ दिन, क. नि. अनुसार, SR 200, छ

लागत खर्च = रु १०,०००/-

गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान बहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७


# २५ लाख पर्यटक भित्रिने दाबी

काठमाडौं, (नेस)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले मातहतका निकायलाई आर्थिक वर्षको अन्तिम समयमा रकमान्तरण गर्ने, काम पूरा नगर्नेलाई कारबाही गर्ने चेतवानी दिनु भएको छ।

मन्त्रालय र महाहतका निकायको कार्य समीक्षा गर्दै अब पुरातन कार्यशैलीले उहाँले नचल्ने योजना साथ काम नगरी बस्ने मनसाय बनाएका निकायले आवको अन्त्यमा आएर काम गर्न सकिएन भन्दै मन्त्रालयमा आएर फेरिस्ता देखाउने जोसुकै नसाच्चिकै कारबाही हुन्छ भन्नुभयो।

सरकारले सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको भए पनि सो समयमा पर्यटकको संख्या २५ लाख पुग्ने मन्त्री अधिकारीले दाबी गर्नुभयो। हाम्रो तथ्यांक संकलन अलि प्रभावकारी नभएको भन्दै वैज्ञानिक किसिमबाट पर्यटकको तथ्यांक संकलनको लागि मातहतको निकायलाई समेत निर्देशन दिनुभयो। सरकारले यसै आर्थिक वर्षबाट 'स्याटलाइट अकाउन्टिङ सिस्टम' लागू गर्ने योजना रहेको थियो। तर, विविध प्राविधिक कारण मन्त्रलयले सिस्टम लागू गर्न सकेको छैन।

उक्त प्रणाली लागू भएपछि अर्थतन्त्र र कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदानको सही तथ्यांक प्राप्त हुनेछ। मन्त्रालय मातहतका राष्ट्रिय गौरवका आयोजनाको काम तीव्र रुपमा तीन सिफ्ट कार्य विभाजन गरेर भए पनि २४ घण्टा कार्य क्षेत्रमा काम गर्नको लागि कार्य योजना बनाएर काम गर्न र मुआब्जा विवाद समाधान गरी काम थाल्न जोड मन्त्री अधिकारीले जोड दिनुभयो।

आर्थिक वर्षभित्र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउने र त्रिभूवन विमानस्थलको धावनमार्गको स्तरोउन्नतीको पूरा हुने समेत मन्त्री अधिकारीले दाबी गर्नुभयो। मन्त्रालय मातहतको ५ राष्ट्रिय आयोजनाको काम राम्रो रहेको र पशुपति विकास कोषको कार्यप्रगति भने अरूको तुलनामा कमजोर रहेको समीक्ष बैठकमा जनाकारी दिएको थियो। लुम्बिनी विकास कोषको काम भने ८० प्रतिशत पूरा गरेको छ।

गत आर्थिक वर्षमा चालू खर्चतर्फ ६७ दशमलव २ प्रतिशत गरेको छ भने पुँजी खर्च ७२ दशमलव २६ प्रतिशत र वित्तीय खर्चतर्फ ३३ दशमलव ३९ प्रतिशत रहेको मन्त्रालयले आइतबार आर्थिक वर्ष २०७४/७५को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालय विकास समस्या समाधान समितिको बैठकमा सावर्जनिक गरिएको हो।

२०७५, भदौ सोमबार ४

‘सुन खरिदको लागि व्यवसायीले सबै वाणिज्य बैंकमा खाता खोल्नुपर्ने बाध्यता रहेको छ, त्यस्तो व्यवस्था हटाएर एक वा दुई बैंकमा भएको खाताबाट सुन खरिद गर्न सक्ने व्यवस्था गरियोस्,’ उहाँले भन्नुभयो।

अर्थ

PRESS RELEASE

## एनआईसी एसिया बैंक र नर्भिक हस्पिटलबीच सम्झौता



काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र नर्भिक इन्टरनेसनल हस्पिटल एन्ड मेडिकल कलेजबीच बैंकका कर्मचारी, कर्मचारीका परिवार, बैंकको डेबिट तथा क्रेडिट कार्डवाहक तथा बैंकका ग्राहकलाई नर्भिक इन्टरनेसनल हस्पिटलमा उपचार गराउँदा हस्पिटलको विभिन्न सेवा सुविधामा १० प्रतिशतसम्मको छुट प्रदान गर्ने गरी सम्झौता भएको छ।

उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका चिफ मार्केटिङ अफिसर जयेन्द्र रावल र हस्पिटलको तर्फबाट नर्भिक इन्टरनेसनल हस्पिटलका कार्यकारी निर्देशक राजेन्द्रबहादुर सिंहले हस्ताक्षर गर्नुभयो।

बैंकका २३७ शाखा कार्यालय, २३० एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवं १७ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १८२ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५४ अर्ब तथा कुल कर्जा १२७ अर्ब लगानी गरेको छ। बैंकका ग्राहक साढे १२ लाखभन्दा बढी रहेका छन्।

## एसियन लाइफ इन्स्योरेन्सको नयाँ बीमा योजना



काठमाडौं, (नेस)

एसियन लाइफ इन्स्योरेन्स कम्पनीले नयाँ जीवन बीमा योजना ‘जीवन संजीवनी’ (अग्रिम भुक्तानी सर्वाधिक र आजीवन) सार्वजनिक गरेको छ।

कम्पनीको सञ्चालक समितिका अध्यक्ष दीपककुमार श्रेष्ठले लुम्बिनीमा आयोजित शाखा प्रबन्धक सम्मेलनको समुद्घाटन कार्यक्रमका अवसरमा नयाँ बीमा योजना सार्वजनिक गर्नुभएको हो।

उक्त योजनामा न्यूनतम् ५० हजारको बीमाङ्कमै शुरू गर्न सकिने, बीमितले बीमा अवधिभर पटक-पटक किस्तामा भुक्तानी पाउने, बीमित ९९ वर्ष पूरा हुन्जेल जीवितै रहेमा थप बीमाङ रकम भुक्तानी पाउने, बीमितले बीमाको रकम भुक्तानी पाउन बीमा समाप्ति अवधिसम्म कुर्नु नपर्ने, बीमा अवधिका आधारमा बीमा शुरू भएको तीन वर्षदेखि नै किस्तामा बीमाङ्कको रकम भुक्तानी पाउने, बीमा अवधिभित्रै बीमितको मृत्यु भएमा परिवारजनले बाँकी बीमा शुल्क नतिरी नै बीमाङ रकम र आर्जित बोनस एकमुष्ट भुक्तानी पाउने विशेषता रहेको छ।

कम्पनीको अधिकृत पुँजी ५ अर्ब र चुक्ता पुँजी १ अर्ब २५ करोड ६७ लाख रहेको छ। यसअघि १८ वटा जीवन बीमा योजना प्रचलनमा ल्याएको कम्पनीले २८ वटा शाखा र ७१ वटा उपशाखामार्फत् जीवन बीमा सेवा दिँदै आएको छ।

## डिसहोम अब फ्रिमा




काठमाडौं, (नेस)

डिसहोमले डिसहोम फ्रि अफर योजना ल्याएको छ। यस योजनाअन्तर्गत ग्राहकले डिसहोम रिचार्ज गर्दा जडान उपकरण सित्तैमा प्राप्त गर्न सक्नेछन्। यो योजना भदौ १ गते शुरू भई सीमित अवधिको लागि लागू हुने कम्पनीले जनाएको छ।

सरकारले लागू गरेको अनिवार्य डिजिटलाइजेसनको नीति लागू भइसकेको अवस्थामा ग्राहकलाई सजिलै गुणस्तरीय डिसहोमको सेवा प्रदान गर्नका लागि र आम सर्वसाधारणलाई समेत यो सेवामा आकर्षित गर्न यो योजना लागू गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

डिसहोमको जडान उपकरणहरू फ्रिमा पाउने भएपछि यो डिजिटल सेवा लिने ग्राहक गुणात्मक रुपमा वृद्धि हुने देखिएको छ। सेट अप बक्सबिनाको एनालग सेवा हेरिरहेका ग्राहकलाई यो योजना निकै आकर्षक हुने देखिएको छ। डिसहोम केही समय अगाडि पब्लिक कम्पनीमा रुपान्तरण भइसकेको छ र छिट्टै सर्वसाधारणका लागि शेयर जारी गर्ने तयारीमा छ।

## वर्ल्डलिंक र जुनिपर नेटवर्कबीच सम्झौता




काठमाडौं, (नेस)

इन्टरनेट सेवा प्रदायक कम्पनी वर्ल्डलिंकले निर्माण गरेको नेटवर्किङमा बढ्दो उपभोक्ताका कारण पर्न सक्ने अवरोधे समाधानका लागि जुनिपरको विश्वव्यापी रुपमा प्रमाणित भएको उच्च कार्यक्षमतायुक्त नेटवर्किङ प्रणालीलाई अंगीकार गरेको छ।

सरकारको अध्ययनअनुसार इन्टरनेट वृद्धिको आँकडा सन् २०११ मा १० प्रतिशत रहेकोमा हाल मोबिलिटीसहित सो आंकडा करिब ५० प्रतिशतको हाराहारीमा पुगेको छ।

जसमा स्थिर ब्रोड ब्यान्डतर्फ करिब १२ प्रतिशत रहेको छ। यो वृद्धि हुनमा वर्ल्डलिंकको प्रमुख भूमिका रहेको छ। यस कम्पनीले सन् २०१४ देखि हरेक वर्ष उपभोक्ताको संख्या दोब्बर भएको प्रत्यक्ष अनुभव गरेको छ र स्थिर ब्रोडब्यान्डमा भएको यो वृद्धिदर काठमाडौं राजधानीमा मात्र नभई देशका ७० भन्दा बढी साना ठूला शहरसमेत देखिएको छ।

इन्टरनेट ट्राफिकको चाप, ग्राहकको अपेक्षा अनुसार सेवा विस्तार गर्न वर्ल्डलिंकले जुनिपर नेटवर्कलाई साझेदारका रुपमा चयन गरेको छ। जुनिपर नेटवर्कससँगको साझेदारीपछि वर्ल्डलिंकले आफ्नो नेटवर्क पूर्वाधारलाई उच्च क्षमतायुक्त १०० जीबीईपीएस इथरनेट नेटवर्क्समा रुपान्तरण गरेको छ। यसले भविष्यमा थपिने ग्राहकको वृद्धिलाई सजिलै धान्ने छ। वर्ल्डलिंकले एकल प्लेटफर्म म्यकक्स सिरिजलाई एक प्रमुख विशिष्ट कारकका रुपमा पहिचान गरेको छ।

वर्ल्डलिंकले १०० जीबीईपीएस इथरनेट द्रुततर पूर्वाधार तयार गरेर विश्वको नेतृत्वदायी इन्टरनेट सेवा पदायकको सूचीमा आफूलाई उभ्याएको छ। जुनिपर नेटवर्क एमएक्स सीरीजले वर्ल्डलिंकलाई आफ्नो अभिन्न अंग र मेरुदण्डको रुपमा उच्च गतिको १०० जीबीईपीएस इथरनेट नेटवर्कलाई चयन गरेको छ।


वर्ल्डलिंकले एम एक्स ९६० लाई १०० जीबीईपीएस इथरनेट नेटवर्क कोर र साथै एमएक्स ४८० लाई इन्टरनेट गेटवे एवं एमपीएलएस राउटर ( १०० र १० जीबीईपीएस इथरनेट मोडल) प्रमुख स्थानहरूमा जडान गरी प्रयोगमा ल्याइएको छ।

## एनसीसी बैंक र सन नेपालबीच सम्झौता

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंक र सन नेपाल लाइफ इन्स्योरेन्सबीच सन नेपालको इन्स्योरेन्स पोलिसी बिक्री गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार एनसीसी बैंकको कर्पोरेट तथा विभिन्न शाखा कार्यालयहरूबाट सन नेपाल लाइफ इन्स्योरेन्सको पोलिसी बिक्री गरिनेछ। सम्झौतामा नेपाल क्रेडिट एन्ड कमर्स बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र सन नेपाल लाइफ इन्स्योरेन्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याललले संयुक्त रुपमा हस्ताक्षर गर्नुभयो।








# नेपाली फुटबल लगातार हार्दै छ

फिरोज राजोपाध्याय, काठमाडौं

१८औं एसियाली खेलकुद (एसियाड) अन्तर्गत पुरुष फुटबलतर्फ तेस्रो हारसँगै नेपालको चुनौती समाप्त भएको छ। आइतबार भएको समूह 'डी' को अन्तिम खेलमा नेपाल आफ्नो चिरप्रतिद्वन्द्वी टोली पाकिस्तानसँग पराजित भएको हो। नेपालको यु २३ राष्ट्रिय फुटबल टोली यसअघि जापानसँग १-० ले र भियतनामसँग २-० ले पराजित भएको थियो। योभन्दा अगाडि पनि नेपाली टोलीले थाइल्यान्डमा २ अभ्यास खेल हारेको थियो।

त्यसो त जाकार्ताको प्याट्रिओट चन्द्रगाभा रंगशालामा नेपालले सानदार शुरूआत गरेको थियो। खेलको १२औं मिनेटमा युनुस सहबाजको आत्मघाती गोलमा नेपालले अग्रता लिएको थियो। यो नेपाली फुटबलको एसियाडको इतिहासमा विपक्षीमाथि गरिएको दोस्रो गोल थियो। नेपालले १९८२ एसियाडपछि फुटबलमा गोल गर्न सकेको हो।

नेपालका लागि सन् १९८२ मा नयाँ दिल्लीमा सम्पन्न एसियाडमा वाइबी घलेले गोल गरेका थिए। नेपालले यसै एसियाडदेखि १९९८ एसियाडसम्म फुटबलतर्फ लगातार सहभागिता जनाएको थियो। ४ एसियाडमा ५२ गोल बेहोरेपछि नेपालले २०14 एसियाडमा फेरि फुटबलमा भाग लिएको थियो। ३६ वर्ष एसियाडको लामो यात्रामा नेपाली फुटबलले १८ खेल खेल्दा कूल ७० गोल आत्मसात गरेको छ भने मात्र २ गोल विपक्षीको जालीमा चुमाएको छ।

२ खेल हारे पनि समूहमै ७ गोल बेहोरेर कमजोर मानिएको पाकिस्तानमाथि ठूलो जित निकाल्न सकेमा नेपालका लागि अर्को चरण पुग्ने झिनो आस थियो। बढी गोलअन्तरले जितेमा उत्कृष्ट तेस्रो टोलीका रूपमा नेपालको समूह चरण पार हुने मौकाबराबर थियो। तर कमजोर टोली भनिएको पाकिस्तानले नै नेपाललाई २-१ गोलअन्तरले हराइदियो। पाकिस्तानको यो नेपालमाथि समग्रमा पाँचौ जित थियो। यद्दपि नेपालले पनि पाँच खेलमै पाकिस्तानलाई हराएको छ। समग्रमा १५ खेलमा आमुन्ने-सामुन्ने भएको नेपाल र पाकिस्तानले ५ खेल बराबरी खेलेका छन्।



### एसियाडमा नेपाली फुटबल

| एसियाड | खेल | जित | हार | गोल गरेको | गोल बेहोरेको |
|---|---|---|---|---|---|
| भारत (१९८२) | ३ | ० | ३ | १ | ९ |
| द. कोरिया (१९८६) | ४ | ० | ४ | ० | १७ |
| जापान (१९९४) | ३ | ० | ३ | ० | २० |
| थाइल्यान्ड (१९९८) | २ | ० | २ | ० | ६ |
| द कोरिया (२०१४) | ३ | ० | ३ | ० | १३ |
| इन्डोनेसिया (२०१८) | ३ | ० | ३ | १ | ५ |

अर्कोतिर पाकिस्तान करिब ३ वर्षसम्म कुनै अन्तर्राष्ट्रिय खेल खेलेको छैन। २०१५ मा केही कारणले पाकिस्तान फुटबल महासंघलाई विश्व फुटबलको सर्वोच्च निकाय फिफाले निलम्बन गरिएको थियो। त्यस्तै फिफा वरियतामा पाकिस्तान नेपाल (१६१औं स्थान) भन्दा ४० स्थान तल छ। यसको बाबजुद नेपालको फुटबल कति धरासयी भइसकेको छ भन्ने सत्यलाई पाकिस्तानले हिजो छर्लङ्ग पारिदिएको छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को संरचना पनि परिवर्तन भइसकेको छ। अध्यक्षमा कर्मा छिरिङ शेर्पाको आगमनले लिग पनि सञ्चालन हुने अवस्था छ। अध्यक्ष शेर्पाले एसियाडमा जितेमा डलर प्रोत्साहनस्वरूप दिने घोषणा गरे पनि नेपाली खेलाडीले एसियाडका खेलमा देखाएको प्रदर्शनले जित्ने क्षमता नभएको प्रष्ट पारेको छ।

यस विषयमा थ्रीस्टारका प्रशिक्षक तथा पूर्वराष्ट्रिय प्रशिक्षक मेघराज केसीले खेलाडी छनोटमै गम्भीर हुनुपर्ने नेपाल समाचारपत्रलाई बताउनुभयो। केसीले बताउनुभयो- 'पहिलो त दुई वर्षअगाडि राम्रो खेल्यो भन्दैमा अहिले पनि राम्रै हुन्छ भन्ने छैन। मुख्यतया यो टोलीले थाइल्यान्डमा अभ्यास खेलमा हारेर जित्ने सक्ने क्षमता नभएको पहिले नै आभास दिइसकेको थियो। चलेको नामका खेलाडीलाई छनोट गर्नु नै गल्ती हो। एक वर्षमा मोफसलमा भएका प्रतियोगितामा राम्रा खेलेका खेलाडीलाई छनोट गर्न तम्सनुपर्छ।

वहाँले थप्नुभयो- 'अर्को कुरा कुन प्रतियोगितामा सहभागी हुने र त्यसमा के लक्ष्य राख्ने हो त्यो पनि गरेको हुँदैन। बस भाग लिनुपर्छ, टिम तयार गऱ्यो। एक दुईवटा अभ्यास खेल खेल्यो अनि सीधै प्रतियोगितामा सहभागी भयो। यसरी कसरी राम्रो नतिजा निस्कन्छ र? यसका लागि तयारीमा गम्भीरता लिनुपर्छ।

यसैगरी नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान अनिल गुरुङले पनि पाकिस्तानसँग हारेकोमा नेपाली फुटबलमा नराम्रो छाप परेको नेपाल समाचारसँगको कुराकानीमा बताउनुभयो। गुरुङले बताउनुभयो- 'पाकिस्तान करिब ३ वर्षपछि मैदानमा उत्रेको हो। पाकिस्तानका युवा खेलाडीले नेपाली युवा खेलाडीलाई पराजित गऱ्यो। यसले नेपाली फुटबलमा नराम्रो छाप बसेको छ।' यसले गर्दा आगामी साफ च्याम्पियनसिपमा पनि नेपाललाई कठिन हुनेछ।

गुरुङले बताउनुभयो- 'नेपालमा फुटबल नै राम्ररी सञ्चालन भइरहेको छैन। लिग भइरहेको छैन।' मोफसलमा भएका खेलहरुबाट खेलाडीको क्षमता विकास हुन सक्दैन। यसले गर्दा नेपाली राष्ट्रिय टोलीका खेलाडीमा पनि धेरै असर परेको छ। जापानसँग राम्रै खेलेको हेर्ने हो भने नेपालले भियतनाम र पाकिस्तानलाई हराएर इतिहास रच्ने सम्भावना देखिएको थियो। तर यसो भएन।

## धरहरा

### मौलाउँदो गान्धी मोह



भारतीय प्रधानमन्त्री राजिव गान्धी जनतासँग अन्तरक्रिया र भेटघाट गर्न रुचाउँथे। एक दिन कुनै प्रान्तमा पुग्दा रातो र हरियो खुर्सानीको थुप्रो सुकाएको देखेपछि उनले कृषकलाई प्रश्न गरेछन्- 'कुन चाहिँ महंगो दाममा बिक्छ ?' 'रातो' भन्ने जवाफ आएलगत्तै गान्धीले कडा निर्देशन दिंदै भनेछन्- 'त्यस्तो दामै नहुने हरियो रोप्दै नरोप्नु, रातो मात्रै खेती गर्नु, सरकारले सक्दो सहयोग गर्छ।'

विचरा! उनलाई के थाहा, खुर्सानी कसरी हुर्किन्छ, कहिले टिप्ने समय हुन्छ, रातो कसरी बन्छ। यता हाम्रा मन्त्रीहरु पनि बेलामौकामा अनुगमनमा जान्छन्, जनताका समस्या सुनेको बुझेको बताउँछन्, अनि समस्याबारे सरकार गम्भीर रहेको बताउँदै आवश्यक बजेट छुट्याउने भन्न पछि पर्दैनन्। विषयको गाभीर्यताबारे के-कस्तो हो भन्ने बारेमा हाम्रा मन्त्री र नेताहरु चासो लिँदैनन्, अनि निर्धक्क प्रस्तुत हुन्छन् गान्धी शैलीमा।

अहिले केन्द्र र प्रदेशमा मन्त्रीहरुको झुण्ड ठूलै छ, अनि विज्ञ र सल्लाहकारको सूची पनि लामै छ भन्ने सुनिन्छ। तर सल्लाहकार पनि उही ड्याङका मूला भएर हो क्यार गान्धीशैली राम्रै फस्टाइरहेछ। हरेक सरकारका प्रधानमन्त्री र मन्त्री अनि नेताहरुले यही शैली दोहोऱ्याउन हत्ते गर्छन् भने 'गान्धी मोडेल' भनेर परिभाषित गरे कसो होला!

## नेयमारका लागि चर्को रकम

लन्डन, (एजेन्सी)

ब्राजिल तथा पेरिस सेन्ट जर्मेन (पीएसजी) का स्टार नेयमारलाई भित्र्याउन स्पेनिस महारथी रियल मेड्रिडले चर्को रकम तिर्न तयार भएको जनाइएको छ।

नेयेमारलाई कीर्तिमानी मूल्य २ सय ७० मिलियन पाउन्ड तिर्न तयार रहेको रियलका अध्यक्ष फ्लोरेन्टिनो पेरेजले बताएका हुन्। गत सिजन बार्सिलोनाबाट नेयेमार विश्वकीर्तिमानी मूल्य १ सय ९८ मिलियन पाउन्डमा पीएसजी पुगेका थिए। यदि उक्त रकममा रियलले नेयमारलाई अनुबन्ध गरेमा लगालग दोस्रो सिजन उनी कीर्तिमानी रकममा अनुबन्ध हुनेछ।

रियलले क्रिस्टियानो रोनाल्डोको विकल्पमा नेयमारमाथि नजर लगाएको हो। तर, अहिलेसम्म रोनाल्डोको विकल्पका रूपमा रियलले खेलाडी अनुबन्ध गर्न सकेको छैन। रोनाल्डो हालै १ सय १२ मिलियन युरोमा इटालियन क्लब युभेन्ट्समा अनुबन्ध भएका थिए।

## ब्याडमिन्टनमा मिश्रित नतिजा

जकार्ता, (एजेन्सी)

१८औं एसियाली खेलकुदअन्तर्गत पहिलो दिन नेपाली ब्याडमिन्टन पुरुष टोलीले टिम इभेन्टस्को क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ। आइतबार अन्तिम १६ को खेलमा नेपालले पाकिस्तानलाई ३-१ ले हराएको हो। नेपाललाई रत्नजित तामाङ र दिपेश धामीले जित दिलाएका हुन्। रत्नजित र दिपेशले सिंगल्स् र डबल्स् खेल जितेका थिए। जबकी नवीन श्रेष्ठले सिंगल्स् खेल गुमाएका थिए।

इन्डोनेसियामा जारी एसियाडमा नेपाली महिला ब्याडमिन्टन टोली भने टिम इभेन्टस्तर्फ माल्दिभ्ससँग ३-२ ले हाऱ्यो। नेपालले दुई खेल जित्ने क्रममा नङ्सल तामाङ र जेसिका गुरुङले माल्दिभ्सका खेलाडीलाई हराएका थिए। अर्को एक सिंगल्स् खेलमा रसिला महर्जन पराजित भएकी थिइन्।

### तेक्वान्दोमा पराजित

एसियाडअन्तर्गत नेपाली तेक्वान्दो खेलाडीले आइतबार जित हात पार्न सकेनन्। पदक आशा गरिएको तेक्वान्दो खेलमा महिला टोली सिना माडेन लिम्बू, निता गुरुङ र पार्वती गुरुङको टोली चाइनिज ताइपेइको टोलीसँग पुम्से महिला टिम इभेन्टको क्वार्टरफाइनलमा हारेको थियो। त्यस्तै पुम्सेतर्फ पुरुष व्यक्तिगत इभेन्टमा कमल श्रेष्ठले ताइपेइका चेन चिङसँग अन्तिम १६ मा हार बेहोरे। महिला व्यक्तिगत इभेन्टमा पार्वती गुरुङ पनि ताइपेइकै खेलाडीसँग हारेकी थिइन्।

## उमेशलाई मिस्टर एभरेस्टको उपाधि




काठमाडौं, (नेस)

उमेश लामाले दोस्रो मिस्टर एभरेस्ट शारीरिक सुगठन प्रतियोगिताको उपाधि जितेका छन्।

झापाका उमेशले ७५ केजी माथिको तौल समूहको च्याम्पियन हुँदै मिस्टर माउन्टेनको फाइनल चरणमा प्रवेश पाएका थिए। राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा शनिबार राति भएको फाइनल स्पर्धामा आफ्नो-आफ्नो तौल समूहमा च्याम्पियन भएका चार प्रतिस्पर्धालाई उछिन्दै उमेशले उपाधि चुमेका हुन्।

नेप्लिज फेडेरेसन अफ बडिविल्डिङ एन्ड फिटनेसको आयोजनमा सञ्चालित प्रतियोगिताको फाइनलमा मेसले ५५ केजी तौल समूहका विजेता आभाष प्याकुरेल, ६० केजीका विजेता गौरवकुमार श्रेष्ठ, ६५ केजी समूहका विजेता अशिष देवा, ७० केजीमा सन्दीप श्रेष्ठ र ७५ केजीका बिजेता मरिचमान लामालाई पछि पार्दै मिस्टर एभरेस्टको ताज पहिरिएका हुन्। उमेशले उपाधि सँगै ३ लाख प्राप्त गरे। प्रतियोगितामा देशभरका एक सय ५० खेलाडीले भाग लिएका थिए। विजेतालाई गृहमन्त्री रामबहादुर थापाले पुरस्कार प्रदान गरेका थिए।

## गजेन्द्र यू १९ राष्ट्रिय टोलीमा

विनोद सिंह विष्ट, बैतडी

बैतडीको दशरथचन्द नगरपालिका २ देहिमाडौंका गजेन्द्र बोहरा यू-१९ क्रिकेट टोलीको शीर्ष ३० मा छनोट भएका छन्।

देशभरिका १ हजार बढी प्रतिस्प्रर्धीलाई पछि पार्दै गजेन्द्र शीर्ष ३० मा पर्न सफल भएका हुन्। गत साउन २८ गतेदेखि काठमाडौंमा भएको छनोट चरणमा गजेन्द्र शनिबार शीर्ष ३० अटाउन सफल भएका हुन्।

यू-१६ र यू-१९ का प्रशिक्षक विनोद दाससंग प्रशिक्षण लिइरहेका गजेन्द्रले अगामी यू -१९ टोलीमा पर्ने सम्भावना प्रवल रहेको छ। बैतडीस्थित निङ्लाशैनी क्रिकेट क्लब (एनसीसी)सँग आवद्ध १५ वर्षीय दाँया हाते ब्याट्सम्यान गजेन्द्रले यसअघि पनि विभिन्न रेकर्ड कायम गरेका छन्। गत वर्ष बैतडीमा सम्पन्न बीडीसीए कप क्रिकेट इतिहासमै सबैभन्दा बढी रन बनाउने खेलाडीको रेकर्ड कायम गरे। उनले ५५ बलमा १४३ व्यक्तिगत



१४३ रन बनाएर नयाँ रेकर्ड कायम गरेको हो। जसमा २१ चौका र ७ छक्का सामेल रहेका थिए भने ४२ बलमै शतक बनाएका थिए।

यसअघि केही महिनाअगाडि सम्पन्न मनमोहन मेमोरियल यू-१६ क्रिकेट प्रतियोगितामा उनले प्रदेश नं ७ (सुदूरपश्चिम) को टोलीबाट सहभागी भएका थिए। भदौ अन्तिम सातादेखि भारतमा हुने यू १९ एकदिवसीय टी सिरिजमा आफू छनोट भएर खेल्न पाए बैतडी र देशकै नाम राख्ने गजेन्द्रले बताए। उनले भने-'मैले उक्त सिरिजका लागि छनोट भई खेल्न पाएमा राम्रो प्रदर्शन गरी देशकै नाम उच्च राख्नेछु।'

काठमाडौं जारी रहेको छनोटका अन्तिम ३० खेलाडीको छनोट भइसकेको छ भने केही दिनभित्रै १९ जनाको प्रारम्भिक टोली घोषणा गरिने जनाइएको छ। त्यसपछि बन्द प्रशिक्षणपछि अन्तिम टोलीको घोषणा हुनेछ।

नेपाली यू-१९ टोलीले आगामी भदौ अन्तिम साता भारतमा एक दिवसीय सिरिज खेल्न लागेको हो। भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) ले यू-१९ एक दिवसीय सिरिजका लागि नेपालसहित अफगानिस्तानको यू-१९ टोलीलाई भारत बोलाएको हो। आगामी भदौ २४ देखि असोज ४ गतेसम्म हुने प्रतियोतिामा भारतकै यू १९ र नेसनल क्रिकेट एकेडेमी (एनसीए) को टोली पनि सहभागी हुने बताइएको छ।

## मेसीको नाममा ६ हजार गोल




लन्डन, (एजेन्सी)

बार्सिलोनाको तर्फबाट ६ हजार गोल संख्यामा लियोनेल मेसीले आफ्नो नाम लेखाएका छन्।

मेसीको उक्त गोलपछि स्पेनको घरेलु ला लिगामा बार्सिलोनाले ६ हजार गोल पूरा गरेको हो। मेसीले यसअघि सन् २००९ मा पनि बार्सिलोनाको ५ हजारौं गोलमा आफ्नो नाम लेखाइसकेका छन्। बार्सिलोनाले सन् १९२९ यता ला लिगाको २ हजार ८ सय एक खेलमा ६ हजार गोल पूरा गरेको हो। शनिबार राति भएको आलाभेसविरुद्धको खेलमा कप्तान मेसीले फ्रि-किकमा गोल गरेपछि बार्सिलोनाको गोल संख्या ६ हजार पुगेको हो। उक्त खेलमा बार्सिलोना ३-० गोलले विजयी भएको थियो। बार्सिलोनाका लागि मेसीले २ गोल तथा कौटिन्होले १ गोल गरेका थिए। उक्त खेलमा मेसीको पहिलो प्रहार भने गोलपोस्टको बारमा ठोक्किएर विफल भएको थियो।

बार्सिलोनाका लागि पहिलो गोल ८९ वर्षअघि १२ फेब्रुअरी १९२९ मा मानुएल पारेराले गरेका थिए। त्यस्तै १ हजारौं गोल मार्कोस औरेलियोले सन् १९५० मा गरेका थिए। त्यसैगरी सन् १९६४ मा पेड्रो जाबालाले २ हजारौं गोल, क्युनीले सन् १९८२ मा ३ हजारौं गोल, गुलेर्मो आमोरले सन् १९९६ मा ४ हजारौं गोल गरेका थिए। सन् २००९ मा ५ हजारौं गोल पनि मेसीले नै गरेका थिए। ला लिगामा अहिलेसम्म सर्वाधिक गोल गर्ने क्लब भने रियल मेड्रिड हो। रियलले २८ सय खेलमा ६ हजार ४१ गोल गरिसकेका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ